श्री काठमाडौं जिल्ला अदालत

इजलास

माननीय न्यायाधीश श्री रामप्रसाद शर्मा

फैसला

मुद्दा नं.०८०-C१-७८३८

रनं..३९-०८०-२६१३८

दायर मिति- २०८०/१०/१८

कसूर ठहर मितिः-२०८१/८/१४

मुद्दाः लिखत किर्ते र संगठित अपराध सम्बन्धी कसूर ।

**कसूंर ठहर नि.नं. ३२६**

सजाय निर्धारण मितिः-२०८१/८/२६/४

**सजाय निर्धारण नि.नं. १२**

**वादीको नाम,थर र वतन**

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाडौंको जाहेरीले नेपाल सरकार..........१

**प्रमाण**

साक्षी--------कागज

**प्रतिवादीको नाम,थर र वतन**

मेघ बहादुर क्षेत्रीको छोरी, नरेश शाहको श्रीमती, गण्डकी प्रदेश, जिल्ला नवलपरासी, कावासेती वडा नं.२ स्थायी वतन भई हाल जिल्ला चितवन भरतपुर उ.म.न.पा.वडा नं.-८ खैरहनी बस्ने बर्ष ४४ की **गिता शाह** (ना.प्र.नं.३८८/४४, नवलपरासी)**..............१**

श्याम प्रसाद दाहालको छोरा, बागमती प्रदेश, काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.३२ गैरीगाउँ तिनकुने बस्ने बर्ष ३७ को **अरुण दाहाल** (ना.प्र.नं.३३५७८, काठमाण्डौं)**.........................................१**

विजय कुमार गोहीवारको छोरा, मधेश प्रदेश, सिराहा जिल्ला साबिक सिक्रौन गा.बि.स.वडा नं.-२ हाल मिचैंया नगरपालिका वडा नं.१२ सिक्रौन बस्ने बर्ष २७ को **सरोज कुमार यादव** (ना.प्र.नं. १५३०९८/१८३, सिराहा)**.......१**

रिम्मा बस्ने परवीर खड्काको छोरा, कर्णाली प्रदेश, पश्चिम रुकुम जिल्ला साबिक अर्मा गा.बि.स.वडा नं.२ परिवर्तित पश्चिम रुकुम सानोभेरी गाउँपालिका वडा नं.१० हाल जाजरकोट जिल्ला भेरी नगरपालिका वडा नं.१ बर्ष ३७ को **नरविर खड्का** (ना.प्र.नं. २४८(००१)/२२४१, जाजरकोट)............................................१

शमसेर लामाको छोरा, बागमती प्रदेश, जिल्ला रामेछाप साबिक लखनपुर गा.बि.स.वडा नं.९ हालको दोरम्वा गाउँपालिका वडा नं.७ पोडीटार बस्ने बर्ष ३१ को **पदम लामा** (ना.प्र.नं. २११०४५/२८७२७, रामेछाप)...........................१

कृष्ण बहादुर तामाङको छोरा, बागमती प्रदेश, जिल्ला काभ्रेपलाञ्चोक साबिक पाँचखाल गा.बि.स.वडा नं.५ हाल गोकर्णेश्वर नगरपालिका वडा नं.४ नामड्याल बस्ने बर्ष ३९ को **मनोज तामाङ** (ना.प्र.नं.१२८८१९, काभ्रेपलाञ्चोक).....................१

ठानेश्वर भण्डारीको छोरा, बागमती प्रदेश, स्याङ्जा जिल्ला साबिक फुवाकोट गा.बि.स.वडा नं ६ परिवर्तित चापाकोट नगरपालिका वडा नं १ पैदीमगरे बस्ने बर्ष ३९ को **राम प्रसाद भण्डारी** (ना.प्र.नं.१८७५६,स्याङ्जा)..............................१

बावुराम ज्ञवालीको छोरा, लुम्बिनी प्रदेश, जिल्ला गुल्मी साबिक हसरा गा.बि.स.वडा नं.७ हाल परिवर्तित सत्यवती गाउँपालिका वडा नं.७ घर भई बागमती प्रदेश, काठमाण्डौ जिल्ला टोखा न.पा.वडा नं.-६ डेरा कोठा गरी बस्ने SKY Tours and tavels का संचालक **दिनेश ज्ञवाली**.................................................................१

मुकुन्द राज अर्यालको छोरा, गण्डकी प्रदेश, जिल्ला स्याङ्जा वालिङ नगरपालिका वडा नं.५ हाल परिवर्तित ऐ.ऐ.वडा नं.६ बस्ने **रविन्द्र अर्याल भन्ने रविन अर्याल**.....१

केदार प्रसाद कार्कीको छोरा, कोशी प्रदेश, जिल्ला मोरङ पथरी शनिश्चरे न.पा.वडा नं.७ घर भई ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं.४ ईमाडोल बस्ने बर्ष ४५ को **विनोद कार्की** (ना.प्र.नं.३५५६,मोरङ).............................................१

कर्णाली प्रदेश, जिल्ला रुकुम पश्चिम मुसिकोट नगरपालिका वडा नं.५ स्थायी घर भई अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा कार्यरत रही हाल राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा ब्यबस्थापन प्राधिकरणको सुचना तथा समन्वय शाखामा कार्यरत संकेत नं.१७७८६३, पद शाखा अधिकृत बर्ष ४६ को **तारा बहादुर कुँवर**.........................................................................१

दुर्योधन खड्काको छोरा, कोशी प्रदेश, जिल्ला संखुवासभा, आँखीभुई गा.बि.स.परिवर्तित धर्मदेवी नगरपालिका स्थायी वतन घर भई हाल बागमती प्रदेश, काठमाण्डौं जिल्ला, का.म.न.पा.वडा नं.९ सिनामंगल स्थित होटल बाल्टिक ईन का संचालक बर्ष अं. ४२ को **आशिष भन्ने केदार बहादुर खड्का**..........................१

रुद्र नाथ बरालको नाती, नारायण प्रसाद वरालको छोरा, गण्डकी प्रदेश, जिल्ला काश्की साबिक पुम्डीभुम्डी-४ स्थायी वतन भएका अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौका अधिकृत (ना.प्र.प.नं.४६१००६/१००२) को **कुशल बराल**.......................................................................**१**

ऋषिराम ढकालको नाती, बद्रिनाथ ढकालको छोरा, गण्डकी प्रदेश, जिल्ला तनहुँ पुर्कोट-९, जिल्ला काठमाण्डौ मैनमैजु गा.बि.स.वडा नं.४ नेपालटार बस्ने अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौका अधिकृत (ना.प्र.प.नं.८४१५३) **शैलेन्द्र ढकाल**.......................................................**१**

तुलसी राम उपाध्यायको नाती, उमानाथ शर्मा पौडेलको छोरा, गण्डकी प्रदेश, जिल्ला बाग्लुङ पैंयुपाटा-१ स्थायी वतन भएका अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौका अधिकृत (ना.प्र.प.नं.२०७१६३) बर्ष ३५ को **बिमल पौडेल**.......................................................................**१**

बागमती प्रदेश, जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.१० नयाबानेश्वर बस्ने (ना.प्र.प.नं.३००२६१९८१९,काठमाण्डौ) अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौका अधिकृत **बिष्णु अर्याल भन्ने बिष्णु प्रसाद आचार्य..........१**

बावु काजी डंगोलको छोरा, बागमती प्रदेश, जिल्ला नुवाकोट थान्सिङ -१ स्थायी वतन भएका अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौका अधिकृत बर्ष ३६ को (ना.प्र.नं.१०९१०, नुवाकोट) **विकाश डंगोल..................१**

कपिलमणी रिमालको नाती, बालकृष्ण रिमालको छोरा, गण्डकी प्रदेश, जिल्ला स्याङ्जा साबिक रापकोट-८ स्याङ्जा, मासवर-७ पोखरा कास्की बस्ने अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौका अधिकृत (ना.प्र.प.नं.७२२८७,स्याङ्जा) **पिताम्वर रिमाल...........................................१**

भक्त बहादुर लिम्बुको नाती, बिर बहादुर लिम्बुको छोरा, कोशी प्रदेश, जिल्ला ईलाम सोयक-४ स्थायी वतन भएका अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौका अधिकृत (ना.प्र.प.नं.७३८९०, ईलाम) **सुजन फागो लिम्बु**..............................................................................**१**

मोहन सिं ढुचिङ मगरको नातिनी, टंक बहादुर मगरको छोरी, मधेश प्रदेश, जिल्ला बारा, सिमरा उ.म.न.पा.वडा नं.१५ बस्ने (ना.प्र.नं.३३०२७५००८७८, बारा) बाहक बर्ष २३ की **कौशिला मगर...........................................................१**

मोहन सिं राईको छोरी, कोशी प्रदेश, जिल्ला सोलुखुम्बु माहात्या दुधकोशी वडा नं.४ घर भई हाल बागमती प्रदेश, काठमाण्डौ जिल्ला कागेश्वरी न.पा.वडा नं.७ मुलपानी बस्ने (ना.प्र.नं.५५१५१९३, सोलुखुम्बु) का बाहक बर्ष ४० की **लक्ष्मी राई......१**

सनग बहादुर दमाईको छोरी, बागमती प्रदेश, जिल्ला सिन्धुली कमलामाई न.पा.वडा नं.५ सिन्धुली बस्ने (ना.प्र.नं.२०१०१६६५३१,सिन्धुली) का बाहक बर्ष ३४ की **रिता दमाई**.........................................................................................१

**प्रमाण**

साक्षी--------कागज

**अदालतबाट बुझेको**

**साक्षी-.........कागज**

न्याय प्रशासन ऐन, २०७३ को दफा ७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४५ अन्तर्गत यसै अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**तथ्य खण्ड**

१. मिति २०८०।०७।१४ गतेको बिभिन्न एयरलाईन्सको उडान द्वारा पर्यटक प्रवेशाज्ञा लिई बिभिन्न देश प्रस्थान गर्न लागेका यात्रुहरु कौशिला मगर र लक्ष्मी राईलाई यस त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थान एरियामा चेकजाँच गर्दा निजहरुको हवाई यात्रा अनुमति समेतका कागजातहरु शंकास्पद देखिएको तथा सम्बन्धित एयरलाईन्सका कर्मचारीहरुसँग समन्वय गर्दा समेत आबश्यक कागजातहरु पुरा नभएको देखिएको हुदाँ निज यात्रुहरुको राहादानी सहितको कागजातहरु नियन्त्रणमा लिई आबश्यक अनुसन्धानको लागि यसै पत्रसाथ तहाँ कार्यालयमा पठाईएको ब्यहोरा निर्देशानुसार अनुरोध गरिएको छ भन्ने ब्यहोराको काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौलाई लेखिएको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाण्डौंको च.नं.१०८४ मिति २०८०।०७।१५ गतेको पत्र ।

२. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाण्डौंको चलानी नं.१०८४ मिति २०८०।०७।१५ गतेको पत्र प्राप्त भएको हुँदा अनुसन्धानको शिलशिलामा प्राप्त भएका कागजातहरु मध्येका कौशिला मगर र लक्ष्मी राईको श्रम स्वीकृती लगायतका कागजातहरु शंकास्पद देखिएकोले सो सम्बन्धमा निजहरुसँग बुझी कागज गर्दा हामीहरु कुवेत जानको लागी श्रम स्वीकृती र पुलिस रिपोर्टको कागजात चाहिन्छ भनि जिल्ला काठमाण्डौ चावहिल बस्छु भनि

बताउने ९८२८९१७३१४ नं. प्रयोग गर्ने गिता शाह र निजसँग अर्को एक जना पुरुष ब्यक्तिले हामीहरुको नामको नक्कली श्रम स्वीकृती लगायतको कागजात बनाई दिएका हुन भनि खुलाएको हुँदा निजहरुलाई खोजतलास गर्ने क्रममा मिति २०८०।०८।१७ गते गिता शाह र अरुण दाहाललाई फेला पारी निजहरुलाई सोधपुछ गर्दा गिता शाहले अरुण दाहाल मार्फत विदेश जाने बिभिन्न ब्यक्तिहरुको नक्कली श्रम स्वीकृती, पुलिस रिपोर्ट लगायतका कागजात बनाई दिने गरेको, अरुण दाहाललाई सोधपुछ गर्दा गिता शाह मार्फत आएका बिभिन्न ब्यक्तिहरुको नक्कली श्रम स्वीकृती, पुलिस रिपोर्ट लगायतका कागजात बनाई ट्राभल्समा काम गर्ने मो.नं.९८११८३१११०, ९८१८६७९०२४ प्रयोग गर्ने सरोज कुमार यादवलाई दिने गरेको र निजले एयरपोर्टमा सेटिङ मिलाउने गर्दथे, सेटिङ गरे बापत महिलाको हकमा रु.५०,०००।— (पचास हजार), पुरुषको हकमा रु.१८,०००।—(अठार हजार) रुपैया लिने गरेका थिए, उक्त सम्पूर्ण रकम मलाई गिता शाहले दिने गरेकी थिईन् । निज सरोज कुमार यादवले लगेको उक्त रकम मध्ये केही रकम अध्यागमन कार्यालयमा बुझाउछु भनि मलाई बताएका थिए, निजलाई मैले हाल सम्म ८ देखी १० लाख सम्म रकम दिई सकेको छु भनि बताएको हुँदा निजहरुको शरिर तथा अरुण दाहालले संचालन गर्ने गरेको दाहाल अनलाईन सेवा अफिस कोठा खानतलासी गर्दा बिभिन्न ब्यक्तिको नामको राहादानी, नागरिकता, निजहरुले प्रयोग गर्ने मोवाईलहरु तथा उक्त अनलाईन अफिसमा जडान गरेका ल्यापटप समेत फेला पारी बरामद गरी निज गिता शाह र अरुण दाहाललाई नियन्त्रणमा लिई पक्राउ गरी दाखिला गरेका छौं भन्ने समेत ब्यहोराको काठमाण्डौं उपत्यका अपराध अनुसन्धान शाखा मिन भवनको मिति २०८०।०८।१८ गतेको पत्र तथा प्रहरी प्रतिवेदन ।

३. अरुण कुमार दाहाललाई पक्राउ गरी तत्काल मौकाको कागज गर्दा नाम खुलाएका एयरपोर्टमा सेटिङ मिलाउने सरोज कुमार यादवलाई खोजतलास गर्दै जाने क्रममा मिति २०८०।०८।१८ गते काठमाण्डौं जिल्ला का.म.न.पा.वडा नं.९ शम्भुमार्गमा फेला पारी निजको शरिर खानतलासी गर्दा निजले बोकेको DELL लेखेको झोला भित्र बिभिन्न ब्यक्तिहरुको नामको राहदानी थान-१७, राहदानीहरुको छायाँकपी भएको पुलिस रिपोर्ट लेखेको रकर्ड फाईल थान-१, बैंक स्टेटमेण्ट समेत रहेको रेकर्ड फाईल थान-१,Clear bag थान-१, बिभिन्न बैंकमा रकम जम्मा गरेको भौचर तथा रकम पठाएको स्लिप थान-१५, सानिमा बैकको छाप थान-२, बिभिन्न ब्यक्तिहरुको मेडिकल रिपोर्ट रहेको रेकर्ड फाईल थान-१, निजको साथमा रहेको ९८१८६७९०२४ र

९८११८३१११० नंम्बरको सिमकार्ड प्रयोग भएको मोबाईल थान-२ समेत फेला पारी निजलाई नियन्त्रणमा लिई पक्राउ गरी सोधपुछ गरी मौकाको कागज गर्दा मैले पर्यटक भिषामा बिदेश जाने ब्यक्तिहरुको टिकट काट्ने, एयरपोर्ट भित्रको सम्पुर्ण प्रक्रिया मिलाउने काम गर्छु, एजेन्टले दिएको नामावली अध्यागमन कार्यालयका कर्मचारी ९८५८०४३०५२, ९८२६०७०८४३ नम्बर प्रयोग गर्ने नरविर खड्कालाई पठाई प्रतिव्यक्ति रु.१५,०००।— (पन्ध्र हजार) दिने गरेको छु, निजलाई हाल सम्म रु.४ लाख जति रकम दिएको छु भनि मौकाको कागज गर्दा खुलाएकोले निज सरोज कुमार यादवले वैदेशिक रोजगारीको लागी विदेश पठाउने भनि रकम समेत लिई बिभिन्न ब्यक्तिहरुको नामको नक्कली शैक्षिक प्रमाण पत्र बनाएको खुल्न आएको हुँदा निज सरोज कुमार यादवलाई कानून बमोजिम लिखत सम्बन्धी कसूरमा कारबाही गरी पाउँ, साथै निज सरोज कुमार यादवले खुलाएका अध्यागमन कार्यालयका कर्मचारी ९८५८०४३०५२, ९८२६०७०८४३ नम्बर प्रयोग गर्ने नरविर खड्काको सम्बन्धमा समेत अनुसन्धान गरि पाउँ भन्ने ब्यहोराको प्रहरी प्रतिवेदन तथा काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवन काठमाण्डौको चलानी नं.५३३६ मिति २०८०।०८।१९ गतेको पत्र ।

४. सरोज कुमार यादवको बयान पोलबाट खुलेका वारदातमा संलग्न अध्यागमन कार्यालयका कर्मचारी नरविर खड्कालाई पक्राउ गरी अनुसन्धान गर्न काठामाण्डौं जिल्ला अदालत काठमाण्डौबाट मिति २०८०।०८।२६ गते पक्राउ पुर्जी जारी गर्ने अनुमती लिई निजलाई खोजतलास गर्दै जाने क्रममा मिति २०८०।०८।२६ गते अं.२०:०० बजेको समयमा जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं.३१ सिनामंगलमा फेला पारी कानूनी रितपुर्वक निजको शरिर खानतलासी गर्दा निजको साथबाट रु.२,००,०००।—(दुई लाख रुपैया ), UAE दिराम 5 को नोट थान-१, 20 दरको नोट थान-१, US डलर 1 दरको नोट थान-१, भारतीय रु.500 दरको नोट थान-१, सोही पाईन्टको अगाडी दाहिने गोजीमा SALES ORDER समेत लेखिएको कागजातहरु, ATM थान-१, ९८५८०४३०५२ नंम्बरको सिमकार्ड प्रयोग भएको I-PHONE मोबाईल थान-१, हलबल सेक, J95SHAI, सनिवार expresh, plarei, सेल्स अडर, नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती लेखिएको कार्ड समेत फेला पारी बरामद गरी निजलाई पक्राउ गरी बरामद दशी सहित पेश गरेका छौं, निजलाई लिखत सम्बन्धी कसूरमा आबश्यक कारबाही गरी

पाउँ भन्ने समेत ब्यहोराको काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौको चलानी नं.५७९७ मिति २०८०।०८।२७ गतेको पत्र तथा प्रहरी प्रतिवेदन ।

५. मिति २०८०।०८।२६ गते पक्राउमा परेका नरविर खड्काले अनुसन्धानको क्रममा गरी दिएको कागज तथा बयान पोलबाट खुलि आएका भिजिट भिषामा सेटिङ मिलाउने And Holidays And Travels मा काम गर्ने सरोज यादव, लाल बहादुर भगत, मनोज लामा (तामाङ) रामेछाप घर हुने पदम लामा, प्रकाश चौधरी समेतसँग मिलेमतो गरी पुरुषको हकमा १० देखी १५ हजार र महिलाको हकमा ४० देखी ५० हजार सम्म लिई १ पटकमा १० देखी २० कहिले काही १०० देखी १५० जना सम्मको रकम लिई भिजिट भिषाको सेटिङ मिलाउने एजेन्टहरु मार्फत समितिमा उक्त रकम हामीहरुले मनोज तामाङ र पदम लामा सेटिङ मिलाउने मुख्य एजेन्ट हो र मेरो साथमा फेला परेको दुई लाख रुपैया पदम लामाले दिएको हो भनि नरविर खड्काले खुलाई दिएको हुँदा निजहरुलाई खोजतलास गर्दै जाने क्रममा मिति २०८०।०८।२७ गते जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा नं.९ शम्भुमार्ग स्थित निमा छिरिङ टुर्स एण्ड ट्राभल्समा पुग्दा निज मनोज तामाङ र पदम लामालाई फेला पारी निजहरुको शरिर तथा उक्त ट्राभल्स खानतलासी गर्दा बिभिन्न किसिमका कागजात, Day Book, चेक, चेक बुक लगायतका दशी फेला पारी बरामद गरी निज मनोज तामाङ र पदम लामालाई पक्राउ गरी दाखिला गरेका छौ । निजहरु उपर लिखत सम्बन्धी कसुरमा अनुसन्धान गरी पाउँ भन्ने समेत ब्यहोराको काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौको चलानी नं.५८३९ मिति २०८०।०८।२८ गतेको पत्र तथा प्रहरी प्रतिवेदन ।

६. त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयको च.नं.९५० मिति २०८०।०६।२८ गतेको पत्रबाट बिभिन्न एयरलाईन्सको उडानद्वारा पर्यटक प्रबेशज्ञा लिई बिभिन्न देशहरुमा प्रस्थान गर्न लागेका संकास्पद कागजातहरु भएकाले आबश्यक अनुसन्धान तथा कारबाहीको लागी लेखी आएको हुदाँ पत्रमा उल्लेखित राहदानी मध्येका राहदानी नं.PA0054020 रिता दमाई र राहदानी नं.PA0754813 बिष्णु राई भएको नक्कली प्रहरी रिपोर्ट र श्रम स्वीकृति को-कसले बनाई नक्कली कागजातको आधारमा सेटिङ मिलाई पठाएको सम्बन्धमा एयरलाईन्सलाई पत्राचार गर्दा एयरलाईन्सबाट निजहरु CITY TOURS AND TRAVELS बाट टिकट काटेको मध्ये रिता दमाईलाई यस कार्यालयको संम्पर्कमा बोलाई को-कसले बनाई दिएको हो भनि सोधपुछ गर्दा आफुलाई कागजात नक्कली भएको भन्ने थाहा नभएको उक्त कागजात मलाई रेखा तामाङ

(९८०८३९९४४७) ले CITY TOURS AND TRAVELS बाट बनाई दिएको भनि खुलाई लेखाई दिएकोमा उक्त ट्राभल्सको संचालक जिल्ला मोरङ पथरी शनिश्चरे न.पा.वडा नं.-७ घर भई हाल ललितपुर जिल्ला, महालक्ष्मी न.पा.वडा नं.४ ईमाडोल बस्ने केदार कार्कीको छोरा विनोद कार्की रहेको देखिन आएको, रिता दमाईको नामको प्रहरी रिपोर्ट पदम बि.क.को रहेको र बिष्णु राईको श्रम स्वीकृतीमा QR Scanner गरी हेर्दा प्रकाश बहादुर तामाङको जारी भएको देखिदा उक्त कागजात नक्कली लिखत तयार गरी भिजिट भिषामा सेटिङ मिलाउने, बेरोजगार युवा युवतीहरुलाई भिजिट भिषा बनाई दुबई, कतार, मलेसिया, कुवेत र सिङगापुर जस्ता देशहरुमा संम्पर्क कार्यालय खोली दलालहरुले मानव तस्करी गरी युवा युवतीहरुको बिचल्ली बनाएको सरकारले प्रतिवन्ध लगाएका मुलुकहरुमा समेत श्रम स्वीकृत बेगर महिलाहरुलाई प्रलोभनमा पारी पठाई निजहरुको जिवन नै जोखिममा पार्ने र सरकारबाट उद्दार गर्न समेत कठिनाई पर्ने गरेको एवम त्यसरी सेटिङ मिलाएर पठाउने कार्यमा CITY TOURS AND TRAVELS का संचालक विनोद कार्कीको समेत संलग्नता सम्मानित काठमाण्डौ जिल्ला अदालत बबरमहल काठमाण्डौबाट पक्राउ अनुमती लिई निजलाई खोजतलास गर्दै जाने क्रममा मिति २०८०।०९।०५ गते १७:३० बजेको समयमा काठमाण्डौ जिल्ला, का.म.न.पा.वडा नं.९ एयरपोर्ट गोल्डेनगेट नजिक फेला पारि कानूनी रितपुर्वक पक्राउ गरी प्रतिवेदन साथ दाखिला गरेका छौ, कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत ब्यहोराको प्रहरी प्रतिवेदन तथा काठमाण्डौ उपत्यका अनुसन्धान कार्यालय मिनभवनको चलानी नं.६२४७ मिति २०८०।०९।०६ गतेको पत्र र प्रतिवेदन ।

७. काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौंको पत्र जाहेरीले वादी नेपाल सरकार प्रतिवादी गीता शाह समेत भएको लिखत तथा संगठित अपराध निवारण ऐन, २०७० सम्बन्धी कसूरमा मिति २०८०।०८।१७ गते पक्राउमा गिता शाह, अरुण दाहाल मिति २०८०।०८।१८ गते पक्राउमा परेका सरोज कुमार यादव, मिति २०८०।०८।२६ गते पक्राउमा परेका नरविर खड्का, मिति २०८०।०८।२७ गते पक्राउमा परेका पदम लामा र मनोज तामाङ, मिति २०८०।०९।०५ गते पक्राउमा परेका विनोद कार्की समेतलाई प्रहरी हिरासतमा राखी अनुसन्धान गर्दै जादाँ गिता शाहले पुलिस रिपोर्ट र श्रम स्वीकृतको नक्कली कागजात तयार गर्नको लागि अरुण दाहाललाई दिएको र अरुण दाहालले नक्कली कागजात तयार गरी प्रतिवादी सरोज कुमार यादवलाई नक्कली कागजात भएका ब्यक्तिहरुको नामावली

पठाउने गरेको, सरोज कुमार यादवले अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका अध्यागमन अधिकृत नरविर खड्कालाई सेटिङ मिलाएर नक्कली श्रम स्वीकृत, नक्कली पुलिस रिपोर्ट लगायतका कागजातबाट भिजिट भिषामा विदेश पठाउने गरेको, नक्कली कागजातबाट बिदेश पठाए बापत अध्यागमन कार्यालयका नरविर खड्कालाई महिलाको हकमा रु.४६,०००।—(छयालिस हजार) र पुरुषको हकमा रु.१६,०००।—(सोह्र हजार) दिने गरेको भनि बयानमा खुलाई लेखाई दिएकोले काठमाण्डौ जिल्ला अदालत बबरमहल काठमाण्डौंबाट मिति २०८०।०८।२६ गते निज नरविर खड्कालाई पक्राउ गरी अनुसन्धान गर्न पक्राउ अनुमती समेत लिई निजलाई निगरानी राखी खोज तलास गर्ने क्रममा मिति २०८०।०८।२६ गते, अं. २०:०० बजेको समयमा जिल्ला काठमाण्डौ, का.म.न.पा.-३१ सिनामंगलमा फेला पारी निजको शरिर खानतलासी गर्दा निजले लगाएको निलो रङगको कटन पाईन्टको अगाडीको बायाँ तर्फको गोजीबाट नेपाली रु.१,०००।—दरको नोट २०० थानको रु.२,००,०००।—(दुई लाख ), UAE को 286112210 नम्बरको 5 को नोट थान-१, UAE को 035809157 नम्बरको 20 दरको नोट थान-१, अमेरिकन डलर F11850385M नम्बरको 1 दरको नोट थान-१, भारतीय 4AR546645 नम्बरको रु.500 दरको नोट थान-१, दाहिने गोजीमा SALESORDER समेत लेखिएको कागजात पाना-७, निजको नामको global Ime Bank को ATM कार्ड थान-१ र बाया तर्फको गोजीमा ९८५८०४३०५२ नंम्बरको सिमकार्ड प्रयोग भएको IMEI:3562 66764187320/356266763897995 भएको खरानी रङगको I-PHONE मोबाईल थान-१, हल बल सेक, J95SHAI, सनिवार expresh, plarei, सेल्स अडर लेखेको कागजात र निज नरविर खड्काको नामको नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती लेखिएको कार्ड समेत फेला पारी निजलाई तत्काल काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौका प्रहरी अधिकृत समक्ष मौकाको कागज गर्दा निज नरविर खड्काले म बिगत २०७९ साल माघ महिना देखि अध्यागमन कार्यालय एयरपोर्टमा कार्यरत रहेको छु, मेरो कार्यालयमा कार्यरत अधिकृत १३० जना छन, २२/२४ जना सुब्बा, अपरेटरहरु ८/९ जना र प्रमुख अधिकृत १ जना छन । मेरो कार्यालयमा ३ सिफ्टमा डिउटी बिभाजन हुन्छ, भिजिट भिषामा सेटिङ मिलाउने ऐजेन्ट And holidays And Travels का संचालक सरोज यादव, लाल बहादुर भगत, मनोज तामाङ, रामेछाप घर हुने पदम लामा, प्रकाश चौधरी समेतसँग २०८० साल अषाढ महिना देखी मिलेमतो गरी पुरुषको प्रति व्यक्ति रु.१० देखी १५ र महिलाको रु.४० देखी ५० हजार सम्म लिई १ पटकमा १० देखी २० जना कहिले काही

१०० देखी १५० जना सम्मको रकम लिई भिजिट भिषामा सेटिङ मिलाउने एजेन्टहरु मार्फत लिने गरेको, निजहरुले भनेको ठाउँहरुवाट लिने गरी उनिहरुले रकम पठाउथे, उक्त भिजिट भिषाको सहजीकरणको लागी एउटा समिति बनेको हुन्छ, समितिमा कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, बिष्णु अर्याल, बिकाश डंगोल, पिताम्बर रिमाल र सुजन फागो समेत हुनुहुन्छ । सरोज यादवले मलाई पटक-पटक गरी ३/४ लाख जति दिएको, भिजिट भिषामा सेटिङ मिलाउने ऐजेन्टहरु मार्फत समितिमा आएको उक्त रकम कहाँ-कहाँ साथीहरुले बिभाजन गर्छन मलाई जानकारी हुँदैन । औषतमा प्रत्येक कर्मचारीको भागमा ४०/५० हजार हुन्छ। हामीहरुको मनोज तामाङ र पदम लामा सेटिङ मिलाउने मुख्य ऐजेन्ट हो, मेरो साथमा फेला परेको रु.२ लाख पदम लामाले दिएको हो भन्ने समेत ब्यहोरा लेखाएको देखिन्छ। प्रतिवादी नरविर खड्काले कसूरमा ईन्कारी भई बयान गरे पनि प्रतिवादी मनोज तामाङले मैले बिभिन्न मानिसहरुलाई कुवेत, दुवई तथा अन्य विदेशी मुलुकमा महिला तथा पुरुष ब्यक्तिहरुलाई नक्कली कागजातहरुको आधारमा भिजिट भिषामा पठाउनको लागी तारा बहादुर कुँवर अध्यागमन कार्यालयमा कार्यरत हुँदा अध्यागमनको काम गराउनु परेमा निजसँग गराउने गरेको थिए, निज तारा बहादुर कुँवर सरुवा भई जाने क्रममा अध्यागमन कार्यालयमा रहेका नरविर खड्का सँग परिचय गराएको र पछि मैले अध्यागमनबाट काम गराउनु परेमा मैले नरविर खड्काबाटै गराउने गर्थे, मिति २०८०।०८।२६ गते नरविर खड्काको साथबाट बरामद भएको रु.२ लाख रुपैया निलजे मेरो काम सहजीकरण गरी दिए बापत दिएको रकम हो भनि बयान गरेको देखिन्छ भने काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौको चलानी नं.६२५२ मिति २०८०।०९।०६ गतेको पत्र साथ प्राप्त हुन आएको प्रतिवादीहरु गिता शाह, अरुण दाहाल, सरोज कुमार यादव, मनोज तामाङ, पदम लामा र नरविर खड्काको मोबाईलको
I2 बिश्लेषण चार्ट पाना-२ र अध्यागमन कार्यालयका अधिकृत नरविर खड्काले काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौका प्रहरी उपरीक्षक रविन्द्र रेग्मी समक्ष सोधपुछको क्रममा गरेको भिडियो क्लिप थान-१ समेत हेर्दा, उक्त भिडियोमा समेत भिजिट भिषाको सहजीकरणको लागी एउटा समिति बनेको हुन्छ, समितिमा कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, बिष्णु अर्याल, बिकाश डंगोल, पिताम्बर रिमाल र सुजन फागो समेत हुनु हुन्छ भनि भिजिट भिषामा सेटिङ मिलाउने ऐजेन्टहरु मार्फत समितिमा आएको उक्त रकम कहाँ-कहाँ साथीहरुले बिभाजन गर्छन मलाई जानकारी हुदैन औषतमा प्रत्येक कर्मचारीको

भागमा ४०/५० हजार हुन्छ, हामीहरुको मनोज तामाङ र पदम लामा सेटिङ मिलाउने मुख्य ऐजेन्ट हो भनि बोलेको भिडियो क्लिपबाट समेत स्पष्ट भएको हुँदा पक्राउमा परेका प्रतिवादी नरविर खड्काले तत्काल मौकाको कागज गर्दा नाम खुलाएका अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलमा कार्यरत अध्यागमन अधिकृतहरु कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, बिष्णु अर्याल, बिकाश डंगोल, पिताम्बर रिमाल र सुजन फागो समेत उपर **लिखत तथा संगठित अपराध निवारण ऐन, २०७० सम्बन्धी कसुर** मुद्दामा अनुसन्धान गरि पाउँ भनि अनुसन्धान अधिकृत प्र.नि.सुरेश राज भट्टले जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौमा पेश गरेको मिति २०८०।०९।११ गतेको प्रहरी प्रतिवेदन ।

८. मिति २०८०।०८।१७ गते जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.२ लाजिम्पाट स्थित पुर्वमा ISUZU गाडी सो रुम, पश्चिममा नाम थाहा नभएको ब्यक्तिको २ तले घर, उत्तरमा ३ तले पक्की घर, दक्षिणमा लाजिम्पाट चोकबाट गौरीधारा तर्फ जाने बाटो तथा नारायण हिटी संग्राहालय यति चार किल्ला भित्र अनुप के.सी.को दक्षिण मोहडा भएको २ तले पक्की घर रहेको, उक्त घरको भुई तलामा उत्तर दक्षिण प्यासेज भई प्यासेजको पुर्व तर्फ एउटा र पश्चिम तर्फ एउटा गरी जम्मा दुई वटा कोठाहरु रहेको, उक्त कोठाहरु मध्ये पुर्व तर्फको कोठा अरुण दाहालले भाडामा लिई दाहाल अनलाईन सेवा नामक अफिस संचालन गरेको, उक्त कोठामा प्रवेश गरी हेर्दा कोठाको पुर्व तर्फ ल्यापटप, प्रिन्टर सहितको टेबुल रहेको, उक्त कोठा खानतलासी गर्दा मोबाईल थान-२, बिभिन्न ब्यक्तिहरुको नामको राहदानी थान-१९, DELL ल्यापटप थान-२, brother कम्पनीको रंगिन प्रिन्टर थान-१, Canon कम्पनीको प्रिन्टर थान-१, दाहाल अनलाईन सेवा लेखिएको भिजिटिङ कार्डहरु, प्रतिवादी गिता शाहको साथबाट ९८२३९१७३१४ नं. को सिमकार्ड प्रयोग भएको रेडमी मोवाईल थान-१, शम्भु कुमार सरवरिया, रोजिना घलान, रविन बहादुर मगरको राहादानी थान-३, बिभिन्न ब्यक्तिको नामको नागरिकता थान-१३ समेत बरामद गरी निजहरुलाई समेत नियन्त्रणमा लिईएको भन्ने खानतलासी/ बरामदी मुचुल्का कागज ।

९. मिति २०८०।०८।१८ गते जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.९ सिनामंगल शम्भुमार्ग स्थित पुर्वमा शारदा मा.बि.स्कुल, पश्चिममा आनन्द भवन, उत्तरमा गौशाला एयरपोर्टमा आउने जाने चक्रपथ, दक्षिणमा बाग्मती खोला करिडोर सडक, यति चारकिल्ला भित्र पर्ने सडकको पुर्व तर्फ तपशिलमा उल्लेखित ठेगाना भएका सरोज कुमार यादवलाई फेला पारी निजको शरिर खानतलासी गर्दा निज सरोज कुमार यादवले पछाडी बोकेको DELL लेखेको कालो रंङगको झोला

खोली हेर्दा बिभिन्न ब्यक्तिहरुको नामको राहादानी थान-१७, बिभिन्न ब्यक्तिहरुको covid-19 vacciration certificate, राहदानी, शैक्षिक प्रमाण पत्र समेतको छायाँ कपी पाना-५५ रहेको, police report लेखेको रेकर्ड फाईल थान-१, visa, बैक स्टेटमेण्ट लगायतका कागजात रहेको visa paper लेखेको रेकर्ड फाईल थान-१, बिभिन्न ब्यक्तिको राहादानीको छायाँ कपि रहेको clear Bag थान-१, बिभिन्न बैक खातामा रकम जम्मा गरेको तथा रकम पठाएको स्लिप पाना-१५, बिभिन्न ब्यक्तिको नाम उल्लेख भएका स्थायी लेखा नंम्बर थान-३१, शम्भु कुमार यादवको नामको नागरिकता थान-१, सरोज कुमार यादवको नामको नागरिकता थान-१, सानिमा बैक लिमिटेडको छाप थान-१, TC/CASH लेखेको छाप थान-१, बिभिन्न ब्यक्तिको मेडिकल रिपोर्ट, राहदानी लगायतको फोटो कपी रहेको Ticket Date change Bills लेखेको रेकर्ड फाईल थान-१, Apple कम्पनीको ९८१८६७९०२४ नं.को सिमकार्ड प्रयोग भएको मोबाईल थान-१, ९८११८३१११० नं.को सिमकार्ड प्रयोग भएको १+ मोबाईल थान-१ समेत बरामद गरी लिई गएको भन्ने खानतलासी बरामदी मुचुल्का कागज ।

१०. मिति २०८०।०८।२६ गते जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.९ सिनामंगल स्थित पुर्वमा गोल्डेन गेट, पश्चिममा टयाक्सी पार्किङ, उत्तरमा तिलगंगा तर्फ जाने चक्रपथ सडक र दक्षिणमा गैरीगाउँ जाने चक्रपथ सडक यति चार किल्ला भित्र पर्ने सडकको पश्चिम तर्फ तपशिलमा उल्लेखित ठेगाना भएका नरविर खड्कालाई फेला पारी निजको शरिर खानतलासी गर्दा नेपाली रु.१,०००।—(एक हजार) दरको नोट २०० थानको रु.२,००,०००।—(दुई लाख), UAE को 5 को नोट थान-१, UAE 20 को नोट थान-१, अमेरिकन डलर 1 दरको नोट थान-१, भारतीय रु.500 दरको नोट थान-१, SALES ORDER समेत लेखिएको बिल थान-१, हलबल सेक समेत लेखेको कागजात पाना-७ (परिक्षणको लागी पठाईएको), ATM समेतको कार्ड थान-६, ९८५८०४३०५२ नंम्बरको सिमकार्ड प्रयोग भएको I-PHONE मोबाईल थान-१, नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती लेखिएको रसिद थान-१ समेत फेला पारी बरामद गरी लिई गएको भनिएको खानतलासी बरामदी मुचुल्का कागज ।

११. मिति २०८०।०८।२७ गते जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.९ शम्भुमार्ग स्थित पूर्वमा शम्भुमार्ग, पश्चिममा बाग्मती खोला किनारको बाटो, उत्तरमा पुर्बेली गेष्ट हाउस, दक्षिणमा शारदा मा.बि.स्कुल यति चार किल्ला भित्र पर्ने खुममणी सुवेदीको पुर्व मोहडा भएको ४ तल्ले पक्की घर रहेको उक्त घरको भुई तलामा ३ वटा सटर रहेको, उत्तर तर्फको सटर कोठाको पछाडीको

कोठा समेत भाडामा लिई निमा छिरिङ टुर्स एण्ड ट्राभल्स प्रा.लि.नामक अफिस रहेको, उक्त कोठामा प्रबेश गरी हेर्दा कोठाको उत्तर तर्फ प्रिन्टर सहितको टेवुल रहेको उक्त कोठा खानतलासी गर्दा Goldkist लेखिएको CPU थान-२, Brother लेखिएको प्रिन्टर थान-१, Canon लेखिएको स्क्यानर थान-१, Double A Double Quality Paper लेखिएको कार्टुन भित्र बिभिन्न कागजात रहेको कार्टुन थान-१, Neelganga, Newlink, Ashok लेखिएको रजिष्ट्रर थान-३, Nima Chhiring Travel And Tours Pvt.ltd. लेखिएको बिल प्याड थान-८, च्यालेन्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको पदम लामाको नामको बचत पासबुक थान-२, सोही संस्थाको सिरिस्मा तामाङ नामको पासबुक थान-१, ज्योति बिकाश बैंक, मेघा बैंक नेपाल, संस्कार बचत तथा ऋण सहकारी संस्थाको मनोज तामाङको नाममा रहेको चेकबुक थान-३, मेगा बैंक नेपाल, ग्लोबल आई.एम.ई.बैंकको Nima Chhiring Travel And Tours Pvt.ltd.को नामको चेकबुक थान-२, नेपाल ईन्भेष्टमेण्ट मेगा बेंकको पदम लामाको नामको चेकबुक थान-५, नेपाल बंगलादेश बैक, संस्कार बचत तथा ऋण सहकारी संस्थाको श्रृजना लामाको नामको चेकबुक थान-२, सानिमा बैकको मनोज कुमार राउतको नाममा काटिएको चेक पाना-१, नविल बैकको मनोज तामाङको नाममा काटिएको चेक पाना-१, Shubham travels And tours लेखिएको बिभिन्न प्रकारको काटिएको विल पाना-१५, मनोज तामाङले लगाएको पाईन्टको अगाडी दाहिने तर्फको खल्तिमा ९८५१३५६३०१ नंम्बरको सिमकार्ड, प्रयोग भएको रेडमी कम्पनीको मोबाईल थान-१, पदम लामाले लगाएको ट्राउजरको अगाडी दाहिने तर्फको गोजीमा ९८१०१७६९३४ नं. को सिम प्रयोग भएको आई फोन थान-१, UAE दिराम १०० को दरको नोट थान-५, १०० दरको अमेरिकन डलर थान-६, ५० को दरको अमेरिकन डलर थान-१ समेत फेला पारी बरामद गरी लिई गएको भनिएको खानतलासी बरामदी मुचुल्का कागज ।

१२. मिति २०८०।०९।०५ गते जिल्ला काठमाण्डौ, का.म.न.पा.वडा नं.९ सिनामंगल स्थित पुर्वमा गोल्डेन गेट, पश्चिममा TAXI पार्किङ, उत्तरमा तिलगंगा जाने बाटो र दक्षिणमा गैह्रीगाउँ जाने बाटो यति चार किल्ला भित्र पर्ने तपशिलमा उल्लेखित ठेगाना भएका विनोद कार्कीलाई फेला पारी निजको शरिर खानतलासी गर्दा निजले लगाएको कालो पाईन्टको अगाडीको दाँया खल्तिमा IMEI NO:356642468309181, 356642468309199 भएको ९८५१०२१०१० नंम्बरको सिमकार्ड प्रयोग भएको नोकिया कम्पनीको कालो रङगको सादा मोवाईल थान-१ फेला पारी बरामद गरी लिई गएको भनिएको चार किल्ला सहितको खानतलासी बरामदी मुचुल्का ।

१३. मिति २०८०।०९।२२ गते जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.९ एयरपोर्ट स्थित पुर्वमा होटल नमस्कार, पश्चिममा जन्मभुमी होटल, उत्तरमा नारायण बस्ताकोटीको घर, दक्षिणमा प्रकास सन्यास आश्रम यति चार किल्ला भित्र रहेको मन्जु डंगोल खड्का र मिरा पाण्डे समेतले संचालन गरेको होटल होटल बाल्टिक ईनको होटल रहेको भवन, उक्त होटलमा प्रवेश गर्न दक्षिण तर्फ मुलगेट रहेको सो मुलगेटबाट भित्र प्रवेश गरि हेर्दा दक्षिण तर्फ किचन सहितको टहरा, उत्तर तर्फमा चार तल्ले पक्की घरमा होटल बाल्टिक ईन रहेको, सो घरको दक्षिण तर्फको मुल ढोकाबाट भित्र प्रवेश गरी भुई तल्लामा हेर्दा भुई तल्लाको पश्चिम कुनामा काउण्टर सहित रहेको सोधपुछ कक्ष, उक्त सोधपुछ कक्षको बिच भागमा मनिटर, सि.पि.यू.सहितको कम्प्युटर रहेको उक्त कम्प्युटरको DELL कम्पनीको Inspiron लेखिएको सि.पि.यू.थान-१, DELL कम्पनीको मनिटर थान-१ प्रहरीले अनुसन्धानको लागी बरामद गरि लिई गएको स्थानको चार किल्ला सहितको बरामदी खानतलासी मुचुल्का ।

१४. मिति २०८०।०८।१७ गते जिल्ला काठमाण्डौं का.म.न.पा.वडा नं.७ चावहिलमा खडा गरेको खानतलासी बरामदी मुचुल्का देखाउदा देखि पाएँ। उक्त बरामदी मुचुल्कामा गीता शाहको नामको महलमा उल्लेखित दशी मेरो साथबाट बरामद भएको हो । म सँगै पक्राउमा परेका अरुण दाहालसँग चिनजान भएको ४/५ महिना भयो । कौशिला मगरको दिदी कुवेतमा रहेकी र निजको नाम मलाई थाहा छैन । निजले मेरो श्रीमान नरेश शाहलाई विदेशमै फोन गरी मेरो बहिनी कौशिला मगरलाई निजको कागजपत्र मिलाई भिजिट भिषामा कुवेत पठाई दिनुहोस भनि भनेकी रहिछन्। मेरो श्रीमानले मलाई विदेशबाट फोन गरी सो कुरा जानकारी गराई मेरो What's App नंम्बर कुवेतमा रहेकी कौशिला मगरको दिदीलाई दिएकाले कौशिला मगरको दिदी नाम थाहा नभएकी हाल कुवेतमा रहेकी निजले मेरो What's App मा फोन गरी कागजात र टिकट मिलाएर पठाई दिनु भनेकीले मैले निज कौशिला मगर र निजसँगै कुवेत जान लागेकी लक्ष्मी राईको नामको पुलिस रिपोर्ट, श्रम स्वीकृती लगायत प्लेन टिकट बनाउनको लागी अरुण दाहाललाई दिएकी हुँ । निज अरुण दाहालले निजहरुको नक्कली पुलिस रिपोर्ट र नक्कली श्रम स्वीकृती बनाएर पठाएका हुन् । निजले नक्कली पुलिस रिपोर्ट र नक्कली श्रम स्वीकृती लगायतका कागजात बनाए बापत एउटा कागजको रु.१०००।—(एक हजार) रुपैया सम्म लिने गर्थे भन्ने समेत ब्यहोराको गीता शाहले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

१५. मिति २०८०।०८।१७ गते जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. २ लाजिम्पाट स्थित मैले संचालन गरेको दाहाल अनलाईन सेवा अफिस कोठा खानतलासी गर्दा बरामदी मुचुल्कामा म अरुण दाहालको नामको महलमा बरामद भएका बरामद दशी मैले संचालन गरेको दाहाल अनलाईन सेवाबाट वरामद भएको हो । मैले अनलाईन सेवा मार्फत वैदेशिक रोजगारीको लागी विदेश जाने ब्यक्तिहरुको कागजात बनाउने काम गर्छु। म सँगै काम गर्ने वैदेशिक रोजगारीको लागी मानिसहरुलाई विदेश पठाउने एजेन्टको काम समेत गर्ने मैले चिनेकी घर वतन थाहा नभएकी हाल मसँगै पक्राउ परेकी (९८२८९१७३१४) नम्बर प्रयोग गर्ने गिता साहले मैले संचालन गरेको दाहाल अनलाईन सेवामा आई वैदेशिक रोजगारीको लागी कुवेत, दुवई जाने मानिसहरुको नक्कली श्रम तथा एग्रिमेन्ट कागज बनाउन लगाउने गर्थिन् । मैले निजले भने बमोजिम नक्कली श्रम तथा एग्रिमेन्ट कागज बनाई दिने काम गरेको हुँ । नक्कली कागजात बनाई दिनुहोस् यसो गरेमा तपाईलाई पनि फाईदा हुन्छ र मलाई पनि फाईदा हुन्छ भनेकीले पैसाको प्रलोभनमा परी निज गिता साहले भने बमोजिमको नक्कली कागजातहरु दुरुस्तै बनाई नक्कली छाप समेत प्रयोग गरी सोही कागजातहरु पेश गरी मानिसहरुलाई विदेश पठाउने काम गरेका हौ । मैले निजले भने बमोजिमको नक्कली कागजातहरु तयार गरे बापत मैले निजबाट प्रति एक नक्कली कागजको न्युनतम मुल्य रु.१,०००।—(एक हजार) रुपैया देखी रु.५,०००।- सम्म रकम लिने गर्थे, भिजिट भिषामा विदेश पठाउने कार्यमा गिता साह, सरोज कुमार यादव र म समेत मिली उक्त काम गर्ने गर्थ्यौं । मेरो र सरोज कुमार यादवको राम्रो चिनजान छ । गिता साह र सरोज कुमार यादवको चिनजान छैन, मैले सरोज कुमार यादवलाई नक्कली कागजातबाट भिजिट भिषामा वैदेशिक रोजगारीमा विदेश जाने मानिसहरुको नाम अध्यागमनमा टिपाउन लगाउथे । निजले मैले लाए अह्राए बमोजिम काम गरेमा प्रति ब्यक्ति महिलाको हकमा रु.५०,०००।— र पुरुषको हकमा रु.१६,०००।— रुपैया सम्म दिने गर्थे । मैले कागजातहरु नक्कली तयार गर्ने काम गर्थे भने सरोज कुमार यादवले अध्यागमनको कर्मचारीहरुसँग मिली नाम टिपाउने र विदेश पठाउन सेटिङ मिलाउने काम गर्थे भन्ने समेत ब्यहोराको प्रतिवादी अरुण दाहालले यस अदालतमा गरेको बयान ।

१६. मिति २०८०।०८।१८ गते जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.९ सिनामंगलमा खडा गरेको खानतलासी बरामदी मुचुल्का देखाउदा देखि पाएँ उक्त बरामदी मुचुल्कामा उल्लेखित बरामद भएको दशीको सामानहरु मेरो साथबाट बरामद भएको हो । मैले AND TOURS AND

TRAVELS मा काम गर्ने गर्छु, मैले काम गर्न थालेको एक बर्ष भयो । यस्तैमा मेरो पहिले देखि चिनजान भएका अरुण दाहाल म भएको ठाउँमा आई भिजिट भिषामा मानिसहरुलाई कुवेत र दुवई पठाउनु छ । तिम्रो अध्यागमनको कर्मचारीहरुसँग चिनजान छ/छैन, तिमी हामी मिलेर अध्यागमनका कर्मचारीसँग सेटिङ मिलाएर भिजिट भिषामा कुवेत दुवई पठाई दिउ राम्रै कमाई हुन्छ भनेकोले मैले उक्त अध्यागमन कार्यालयमा कार्यरत रहेका नरविर खडकालाई भेटी नक्कली कागजातबाट भिजिट भिसामा कुवेत र दुवई जाने मानिसहरुलाई पठाउन सकिन्छ, सकिंदैन भनि निजसँग सल्लाह गर्दा निजले म अध्यागमन कार्यालयको सातौं तहको कर्मचारी हुँ । यो मिलाउने काम मेरो भो भनि भनेकोले मैले के-कति रकम लिई काम गर्नु हुन्छ भन्दा निजले कुवेत र दुवईको महिलाको हकमा रु.४६,०००।— (छयालिस हजार) र पुरुष ब्यक्तिको हकमा रु.१६,०००।— (सोह्र हजार) रुपैया लाग्छ भनेकोले मैले सो कुरा अरुण दाहाललाई बताई अध्यागमनको कर्मचारी नरविर खडकाले नक्कली कागजातबाट पनि भिजिट भिसामा दुवई र कुवेत पठाउन सक्छु उक्त प्रक्रिया मिलाउन महिलाको हकमा रु.५०,०००।— (पचास हजार) र पुरुष ब्यक्तिको हकमा रु.२०,०००।— (बिस हजार) रुपैया लाग्छ भनेका छन् भनि अरुण दाहालसँग मैले प्रति ब्यक्तिबाट रु.४,०००।— (चार हजार) रुपैया कमिसन खाने गर्थे, नक्कली कागजातबाट भिजिट भिषामा वैदेशिक रोजगारीमा जाने ब्यक्तिको नाम सहितको लिष्ट मलाई दिने गर्थे । मैले सो नाम सहितको लिष्ट अध्यागमन कार्यालयका कर्मचारी नरविर खड्काको What's App आई.डी.९८५८०४३०५२ मा मैले मेरो What's App मार्फत पठाउने गर्थे, सो पश्चात निज नरविर खड्काको अफिस टाईम समाप्त भए पछि कार्यालय बाहिर रहेको होटलमा भेट गरी नाम लिष्ट अनुसारको हुन आउने रकम निज नरविर खड्कालाई नगदै हातमा दिने गर्थे । हाल सम्म नक्कली कागजातबाट भिजिट भिषामा पठाउने गरी निज नरविर खड्काले म बाट रु.४,००,०००।—(चार लाख) जति लिएका छन् **भन्ने समेत ब्यहोराको प्रतिवादी सरोज कुमार यादवले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।**

१७. मिति २०७९ साल माघ महिना देखि अध्यागमन कार्यालय एयरपोर्टमा कार्यरत रहेको छु। मेरो कार्यालयमा कार्यरत अधिकृत १३० जना, २२/२४ जना सुब्बा, अपरेटरहरु ८/९ जना र प्रमुख अधिकृत १ जना छन् । मेरो कार्यालयमा ३ सिफ्टमा डिउटी बिभाजन हुन्छ । भिजिट भिषामा सेटिङ मिलाउने एजेन्ट And Holidays and Travels का संचालक सरोज यादब, लाल बहादुर भगत, मनोज लामा, रामेछाप घर हुने पदम लामा, प्रकाश चौधरी समेतसंग २०८० साल अषाढ

महिना देखि मिलेमतो गरी पुरुषको १० देखि १५ हजार, महिलाको ४० देखि ५० हजार सम्म १ पटकमा १० देखि २० जना कहिले काही १०० देखि १५० जना सम्मको रकम लिई भिजिट भिषामा सेटिङ मिलाउने एजेन्टहरु मार्फत लिने गरेको हो, निजहरुले भनेको ठाउँहरुमा लिने गरी उनिहरुले रकम पठाउथे, उक्त भिषा सहजिकरणको लागी एउटा समिति बनेको हुन्छ । समितिमा कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, बिष्णु अर्याल, बिकाश डंगोल, पिताम्वर रिमाल, सुजन फागो समेत हुनु हुन्छ । सरोज कुमार यादबले मलाई पटक पटक गरी ३/४ लाख जती दिएको हो । भिजिट भिषामा सेटिङ मिलाउने एजेन्टहरु मार्फत समितिमा उक्त रकम कहाँ-कहाँ साथीहरुले बिभाजन गर्छन् मलाई जानकारी हुँदैन । औसतमा प्रत्येक कर्मचारीको भागमा मेरोबाट गएको ४०/ ५० हजार हुन्छ, हामीहरुलाई सेटिङ मिलाउने मुख्य एजेन्ट मनोज लामा र पदम लामा हुन् । मेरो साथमा फेला परेको रु.२ लाख पदम लामाले दिएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी नरविर खड्काले मौकामा गरेको कागज ।

१८. मिति २०८०।०८।२६ गते जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.९ सिनामंगलमा खडा गरेको खानतलासी बरामदी मुचुल्का देखाउदा देखि पाएँ । उक्त बरामदी मुचुल्कामा उल्लेखित बरामद भएको दशीको सामानहरु मेरो साथबाट बरामद भएको हो। मेरो साथबाट फेला परेको रु.१,०००।—(एक हजार) दरको नोटको १००/१०० थान रहेको दुई वटा गड्डीको गरी दुई लाख रुपैया मलाई मनोज तामाङले दिएका हुन्। मनोज तामाङ निमा छिरिङ ट्राभल्सका संचालक हुन् । निजसँग मेरो चिनजान भएको ३ बर्ष जति भयो, उक्त दुई लाख रुपैया मैले सापटी मागेको पैसा हो । अन्य विदेशी मुद्राहरु रहरले गर्दा साथमा राखेको हुँ । अन्य कागजातहरु अफिस कार्यालय संचालन गर्दा प्रस्थान कक्ष र आगमन कक्षमा खटिएका कर्मचारीहरुबाट दर्जा अनुसार खाजा खर्च ब्यबस्थापनको लागी पैसा उठाउनको लागी लेखिएका कागजहरु हुन् । मनोज तामाङले उक्त रु.२,००,०००।—(दुई लाख रुपैया) होटल बाल्टिक ईनको काउण्टरमा छोडी दिन्छु लिएर जानु होला भनेका थिए । सो दिन बेलुकाको ७ बजे डिउटी सकिए पछि कार्यालयबाट निस्की होटल बाल्टिक ईनमा गई निज मनोज तामाङले मलाई दिन भनि काउण्टरमा छाडेको मैले सापटी मागेको रु.२,००,०००।—(दुई लाख रुपैया) बुझि सो पश्चात् डेरा कोठामा जान लागेको अबस्थामा प्रहरी टोलीले मलाई नियन्त्रणमा लिई मेरो शरिर खान तलासी गर्दा रु.२,००,०००।—(दुई लाख रुपैया) फेला पारकोले पक्राउ गरी लिई आएका हुन् । प्रहरी टोलीले एक्कासी घेरा हाली पक्राउ गरेकोले म आत्तिएर

हतोत्साहित भई तत्काल कागज गर्दा उक्त कुरा लेखाएको हुँ । मेरो सरोज कुमार यादवसँग चिया खाने क्रममा चिया पसलमा चिनजान परिचय भएको थियो । सो पश्चात् कहिले काही फोनमा कुराकानी हुने गर्थ्यो । निज सरोज कुमार यादवले मेरो नाम समेत लिई वैदेशिक रोजगारीको लागी कुवेत र दुवई पठाउनको लागी निज नरविर खडकालाई पुरुषको हकमा रु.१६,०००।–(सोह्र हजार रुपैया) र महिलाको हकमा रु.४६,०००।–(छयालिस हजार रुपैया) सम्म दिने गर्थे भनि बयानमा खुलाई लेखाई दिएका रहेछन्, मैले निजसँग रकम लिएको छैन । मलाई फसाउने नियतले मेरो नाम लिएको हुनु पर्छ, मैले निजसँग रकम लिने काम गरेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी नरविर खड्काले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

१९. मैले मौकाको कागज गर्ने क्रममा नाम खुलाएका मध्ये मनोज तामाङ र पदम लामा हाल पक्राउमा परी यसै मुद्धामा अनुसन्धान भई रहेको छ। अन्य लाल बहादुर भगत (९८४१९९०८८७) र प्रकाश चौधरी (९८११८१८५६३) सँग मेरो फोन संम्पर्क हुने गर्दथ्यो । लाल बहादुर भगत र प्रकाश चौधरीले वैदेशिक रोजगारमा जाने मानिसहरुलाई पठाउनको लागि टुर एण्ड ट्राभल्स संचालन गरेका छन् । निजले संचालन गरेको ट्राभल्स त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल नजिक छ भनि बताएका थिए। निजहरु दुवै जनासँग मेरो भेटघाट हुने गर्थ्यो । भेटघाट हुँदा सन्चो बिसन्चो, ब्यापार ब्यबसाय तथा रोजगारीको बारेमा कुराकानी हुने गर्थ्यो । कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, बिष्णु अर्याल, बिकाश डंगोल पिताम्बर रिमाल, सुजन फागो समेत म कार्यरत रहेको अध्यागमन कार्यालयका म सँगै काम गर्ने अध्यागमन अधिकृतहरु हुन् । मनोज तामाङ टुर्स एण्ड ट्राभल्सका संचालक हुन्। निजले वैदेशिक रोजगारीमा मानिसहरुलाई विदेश पठाउने कार्य गर्छन् । निजसँग मेरो पुरानै देखिको चिनजान छ । म कार्यरत अध्यागमन कार्यालयमा तिन सिफ्टमा डिउटी हुन्छ। प्रत्येक डिउटी सिफ्टमा ४० जना अध्यागमन अधिकृत र ८ जना सुब्बाको डिउटी पर्ने गर्छ। तिन सिफ्टमा डिउटी बिभाजन हुन्छ। डिउटी बिभाजन गर्दा कम्प्युटर ईन्जिनियरले अटोमेटिक सिस्टमबाट डिउटी खटाउने गर्छन भने सो डिउटी कम्प्युटर अपरेटर लभलाईट ओली समेतले प्रस्थान अधिकृत र आगमन अधिकृतलाई उक्त डिउटी लिष्ट भाईवरमा पठाउने गर्छन् । मेरो र यसै मुद्धामा पक्राउ परेका मनोज तामाङ, पदम लामा र सरोज कुमार यादवसँग फोन तथा Whats apps बाट कुराकानी हुने गर्थ्यो । म अध्यागमन कार्यालयमा आए पछि एयरपोर्ट नजिक रहेको होटल

बालटिक ईनका संचालक आशिष भन्ने केदार बहादुर खड्कासँग चिनजान भए पश्चात् निज केदार बहादुर खड्का तथा मनोज तामाङ, पदम लामा समेतसँग होटल बाल्टिक ईनमा भेट भई कुराकानी हुने गर्दथ्यो । उक्त होटलमा म प्राय जसो खाना खान जाने गर्थे, म कार्यरत अध्यागमन कार्यालयका कर्मचारीहरु समेत खाना खानको लागी उक्त होटलमा जाने गर्छन् । मिति २०८०।०८।२६ गतेका वेलुका अं.१९:०० बजेको समयमा डिउटी सकि सो पश्चात् होटल बाल्टिक ईनमा गई मैले मेरो मोबाइल नं.९८५८०४३०५२ बाट उक्त होटलका संचालक केदार बहादुर खड्काले प्रयोग गर्ने गरेको मोबाईल नंम्बर ९८४९४३८०९९ मा फोन गरी निजसँग कुराकानी भए पश्चात् निजले उक्त फोन काउण्टरमा डिउटी भएका कर्मचारीलाई फोन दिए पछि निजहरु बिच कुराकानी भई काउण्टरबाट एक/एक लाख रुपैया भएको दुई वटा गड्डी गरी दुई लाख रुपैया मलाई दिएका हुन्, उक्त रुपैया मैले लिई गएको हुँ भनी प्रतिवादी नरविर खड्काले गरेको थप बयान ।

२०. मैले बिगत २ बर्ष पहिले काठमाण्डौको सिनामंगलमा मेरो श्रीमती सृजना लामाको नाममा निमा छिरिङ टुर एण्ड ट्राभल्स संचालन गरेको छु । मेरो ट्राभल्समा मेरो साला नाता पर्ने पदम लामा समेत भई भिजिट भिषामा जाने ब्यक्तिहरुको एयरपोर्टमा सेटिङ मिलाउने काम मैले गर्छु । मैले अन्तराष्ट्रिय टिकट काट्ने अनुमती लिएको छु । भिजिट भिषामा जाने मानिसहरु एजेन्टहरुले ल्याउने गर्छन । विदेशमा रहेकी कमला लामा, राम प्रसाद भण्डारी HR tours And Travels फोन नं.९८४१४१११०८ हो, उहाँ हाल प्रहरी वृत महाराजगंज काठमाण्डौमा लिखत सम्बन्धी कसूर मुद्दामा थुनामा हुनु हुन्छ । फुटपाथका एजेन्ट अकवर मिया रौतहट, सकिल मिया नेपालगंज, मुन्ना अन्सारी रौतहट, विनोद शाह गोर्खा, पवन श्रेष्ठ स्याङ्जा समेतले दिने गर्दथे, एजेन्टहरुबाट लिएको रकमवाट मलाई रु.५,०००।—(पाँच हजार) फाईदा हुन्थ्यो । यसरी भिजिट भिषामा हामीले अध्यागमनका कर्मचारी ९८५१२३६९९५ नं. प्रयोग गर्ने तारा बहादुर कुवरसँग पहिले भिजिट भिषाको सेटिङ मिलाई निजलाई पटक-पटक गरी रु.१५/२० लाख जति रकम बुझाएको हुँ, निजबाट १०० देखी १२० जना जतिको काम गरेको हो । तत् पश्चात तारा बहादुर कुँवर सरुवा भए पछि निजले नरविर खड्कासँग परिचय गराई नरविर खड्कासँग भेट भई हाल सम्म भिजिट भिषाको सम्पूर्ण काम गर्ने गरेका हौं । नरविर खड्काबाट सेटिङ मिलाई मैले करिब ३०० जना पठाएको र सो बापत १ करोड जति नरविर खड्कालाई बुझाएको छु । बाँकी उहाँले नै अन्य कर्मचारीहरुलाई मिलाउने गर्नु हुन्थ्यो, को-

कसलाई मिलाउनु हुन्थ्यो नरविर सरलाई नै जानकारी होला भन्ने समेत ब्यहोराको प्रतिवादी मनोज तामाङले गरेको मौकाको कागज ।

२१. मिति २०८०।०८।२७ गते जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.९ शम्भुमार्ग स्थितमामा खडा गरेको खानतलासी बरामदी मुचुल्का देखाउदा देखि पाएँ उक्त बरामदी मुचुल्कामा उल्लेखित बरामद भएको दशीको सामानहरु मेरो साथबाट बरामद भएको हो । अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलका अधिकृत नरविर खड्कासँग मेरो चिनजान भएको २/३ बर्ष भयो । निजसँग निजजान भए पश्चात् मेरो अध्यागमन कार्यालयमा कुनै काम परेमा निज नरविर खडकालाई गर्न लगाउने गर्थे । अध्यागमन कार्यालयका अन्य कर्मचारीहरुलाई मैले चिन्दिन । निज नरविर खडकासँग मैले प्राय जसो फोन र वाड्सपमा कुराकानी गर्ने गर्थे । निजले प्रयोग गर्ने ९८५८०४३०५२ मा मैले मेरो मोबाईल नं.९८५१२४५५८१, ९८५१३५६३०१ र ९८२२९३५०७३ बाट फोन गर्ने गर्थे, फोनमा हाम्रो लामो कुराकानी हुने गर्दैनथ्यो । के-कहाँ भेट्ने र सन्चो बिसन्चोको मात्र कुरा हुन्थ्यो । भेट भए पछि हामीहरुको भिजिट भिषामा विदेश जाने ब्यक्तिहरु के-कति पठाईयो सो को हर-हिसाव हुने गर्थ्यो । अध्यागमन कार्यालयका नरविर खड्का बाहेक अन्य कर्मचारीहरुसँग मेरो कुनै संम्पर्क छैन । नरविर खड्काले मेरो काम गरी दिएमा मैले निजलाई आर्थिक सहयोग गर्ने गर्थे, कहिले काही निज आफैले रकम माग्ने गर्थे निजले मागे अनुसार पटक/पटक रकम दिएर सहयोग गरेको छु। निजलाई रकम दिदा नगदै निजको हातमा दिने गर्थे मिति २०८०।०८।२७ गते म पक्राउ पर्नु भन्दा अघिल्लो दिन नरविर खड्काले रु.२,००,०००।-(दुई लाख रुपैया) मागेका थिए । मैले उक्त २ लाख रुपैया मेरो टुर एण्ड ट्राभल्समा काम गर्ने पदम लामालाई दिई नरविर खड्कालाई दिन भनि होटल बाल्टिक ईनमा छोडन पठाएको थिएँ । मैले संचालन गरेको Nima Chhiring Travel And Tours Pvt.ltd बाट भिजिट भिषामा कुवेत र दुवई जाने महिला तथा पुरुषले टिकट बुकिङ गरी जाने गर्छन् । कुनै कुनै कागजात नपुगेका ब्यक्तिहरुको हकमा अध्यागमन कार्यालयमा सहजीकरण गर्नको लागी नरविर खड्कालाई भन्ने गर्थे । निजले कहिले काही मैले भने बमोजिमको काममा सहजीकरण गर्ने गर्नु हुन्थ्यो । निजलाई मैले सो सहजीकरण गरे बापत आर्थिक सहयोग गर्ने गर्थे ।मिति २०८०।०८।२७ गतेको प्रहरी प्रतिवेदन साथ पेश गरेको DAY BOOK लेखेको पाना-४ देखाउँदा देखी पाएँ । उक्त लिष्टमा नाम भएका ब्यक्तिहरु लिष्टमा उल्लेख भए बमोजिमको रकम लिई कागजात मिलाई निजहरुको

हवाइ टिकट काटी भिजिट भिषामा जाने महिला तथा पुरुषहरुलाई एयरपोर्टमा पठाउने कार्य गर्थे । सोही बमोजिम कागजात मिलाएका ब्यक्तिहरुबाट अध्यागमनका कर्मचारी khadka sir लेखेका नरविर खड्कालाई दिनको लागी छुटयाएको रु.३,५०,०००।-(तिन लाख पचास हजार रुपैया) हो । तारा बहादुर कुँवर अध्यागमन कार्यालयमा कार्यरत छदा निजसँग मेरो राम्रै परिचय थियो । निज अध्यागमन कार्यालयमा कार्यरत हुदाँ अध्यागमनको काम गराउनु परेमा निजसँगै गराउने गरेको थिए । निज तारा बहादुर कुँवर सरुवा भई जाने क्रममा अध्यागमन कार्यालयमा रहेका नरविर खड्कासँग मलाई परिचय गराएको र पछि मैले अध्यागमनबाट काम गराउनु परेमा मैले नरविर खड्काबाटै गराउने गर्थे । मिति २०८०।०८।२६ गते नरविर खड्काको साथबाट बरामद भएको दुई लाख रुपैयाँ मैले काम गरि दिए बापत दिएको पैसा हो । Hr Tours & Travels का संचालक राम प्रसाद भण्डारी हुन् । निजको मोबाईल नं.९८४१४११०८ हो । निज पक्राउमा पर्नु भन्दा पहिले हवाई टिकट बुकिङ गर्ने काम हामी दुवै जना मिलेर गर्ने गर्थ्यौं । भिजिट भिषामा जाने ब्यक्तिहरुको सेटिङ मिलाउने काम मैले गर्छु । अन्य फुटपाथका एजेन्टहरु अकवर मिया, सकिल मिया, मुन्ना अन्सारी, विनोद शाह, पवन श्रेष्ठ मेरो टुर एण्ड ट्राभल्समा टिकट बुकिङ गर्न आउथे निजहरुसँग मैले रकम लिने गरेको छैन भन्ने समेत ब्यहोराको प्रतिवादी मनोज तामाङले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

२२. मैले २ बर्ष पहिले देखी निमा छिरिङ टुर एण्ड ट्राभल्समा काम गर्छु । मैले भिजिट भिषामा जाने ब्यक्तिहरुको सेटिङ गरी मेरो भिनाजु मनोज तामाङले भने अनुसार रकम दिने गरेको हो । मोबाईल नं.९८५८०४३०५२ र ९८२६०७०८४३ नम्बर प्रयोग गर्ने त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका अधिकृत नरविर खड्कालाई प्रति ब्यक्ति पुरुषको रु.१६,०००।—(सोह्र हजार) र महिलाको रु.५०,०००।—(पचास हजार) दिने गरेको, मैले मिति २०८०।०८।२६ गते दिउँसो होटल बाल्टिक ईनको एक जना महिला स्टाफलाई नरविर खड्कालाई दिनु भनि २ लाख रुपैयाँ छोडेको थिए । मिति २०८०।०८।०४ गते नरविर खड्का हाम्रो ट्राभल्समा आई मेरो भिनाजुबाट रु.३,५०,०००।—(तिन लाख पचास हजार) लिएको हो । निमा छिरिङ ट्राभल्समा कार्यालयको DAY BOOK मा उल्लेखित १६ जनालाई सेटिङमा पठाएको हो । नरविर खड्का सरले कहिले हाम्रो कार्यालयमा र कहिले होटलमा रकम लिने गर्नु हुन्थ्यो, ६६ जना पठाए वापत रु.२६,४०,०००।—(छब्बिस लाख

चालिस हजार) दिएको हो । नरविर खड्काले डिउटीमा रहेका अधिकृतहरुलाई मिलाउनु हुन्थ्यो,अन्यलाई हामी चिन्दैनौं, हाल सम्म करिव ३०० जना जति अध्यागमन कार्यालयका अधिकृत नरविर खड्का मार्फत पठाएको हो । हाल सम्म नरविर खड्का सरलाई १ करोड सेटिङको लागी दिएको हो भन्ने समेत ब्यहोराको प्रतिवादी पदम लामाले गरेका मौकाको कागज ।

२३. मिति २०८०।०८।२७ गते जिल्ला काठमाण्डौं का.म.न.पा.वडा नं.९ शम्भुमार्गमा खडा गरेको खानतलासी बरामदी मुचुल्का देखाउदा देखि पाएँ। उक्त बरामदी मुचुल्कामा उल्लेखित बरामद भएको दशीको सामानहरु मध्ये ९८५१३५६३०१ नंम्बरको सिमकार्ड प्रयोग भएको रेडमी कम्पनीको मोबाईल थान-१ र ९८१०१७६९३४ नं. को सिम प्रयोग भएको आई फोन थान-१, UAE दिराम १०० को नोट थान-५, अमेरिकन डलर १०० दरको थान-६, र ५० को दरको थान-१ मेरो साथबाट बरामद भएको हो। यसै मुद्दामा पक्राउमा परि अनुसन्धान भई रहेका त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल अध्यागमन कार्यालयमा कार्यरत अधिकृत नरविर खड्कासँग मेरो चिनजान भएको ५/६ महिना भयो । अध्यागमन कार्यालयमा भिजिट भिषामा हाम्रो टुर एण्ड ट्राभल्सबाट टिकट बनाई विदेश जान लागेका मानिसहरुलाई पठाउनु परेमा मनोज तामाङले नरविर खडकालाई भन्ने गर्थे । निजले भने बमोजिम कहिले काही मैले समेत निजसँग What's App बाट कुराकानी गरी भिजिट भिषामा विदेश जान लागेका मानिसहरु को लिष्ट निज नरविर खड्कालाई What's App मार्फत पठाउने गर्थे । नरविर खड्का र मनोज तामाङ बिच पुरानो चिनजानको साथी भएकाले निजहरु बिच के-कुन समझदारीमा के-कति रकम लिएर अध्यागमनका कर्मचारी नरविर खड्काले मनोज तामाङले भने अनुसार नक्कली कागजातबाट भिजिट भिषामा पठाउने गर्थे सो बारेमा मलाई केही थाहा भएन । मैले मनोज तामाङले संचालन गरेको टुर एण्ड ट्रभल्समा काम गर्ने भएकोले निज मनोज तामाङले कहिले काही निज अध्यागमनका कर्मचारी नरविर खड्कालाई रकम दिन भनि पठाउने गर्थे । मैले निज मनोज तामाङले भने बमोजिम रकम लगी एयरपोट नजिक रहेको होटल बाल्टिक ईनको काउण्टरमा छोड्ने गर्थे । मिति २०८०।०८।२६ गते बिहान १२:०० बजेको समयमा मेरो साहु मनोज तामाङले मलाई एक/एक लाख भएको २ वटा गड्डी रु.२ लाख रुपैया दिई यो पैसा लगी एयरपोट नजिक रहेको होटल बाल्टिक ईनको काउण्टरमा लगि छोडि दिनु भनि पठाएकोले मैले उक्त दुई लाख रुपैया होटल बाल्टिक ईनको काउण्टरमा लगेर दिएको हुँ । मैले उक्त दुई

लाख दिदा सो काउण्टरमा एक जना महिला थिईन निजको नाम मलाई थाहा भएन ।मिति २०८०।०८।२७ गतेको प्रहरी प्रतिवेदन साथ पेश गरेको DAY BOOK लेखेको पाना-४ देखाउदा देखी पाए । उक्त लिष्टमा नाम भएका ब्यक्तिहरुको लिष्टमा उल्लेख भए बमोजिमको रकम लिई मनोज तामाङले भने बमोजिम उक्त टिकट मैले काटेको हुँ । भिजिट भिषामा जाने महिला तथा पुरुषहरुको कागजात मिलाउने कार्य मैले गरेको छैन । मनोज तामाङले मिलाउने गरेको भए मलाई केही थाहा भएन । मैले मनोज तामाङले लाए, अह्राए बमोजिम टिकट काट्ने काम गरेको हुँ । khadka sir लेखेको अक्षर मेरो होईन, रु.३,५०,०००।- (तिन लाख पचास हजार रुपैया) के-कुन प्रयोजनको लागी खड्का सर भन्ने ब्यक्तिको भागमा छुट्याएका हुन सो बारे मलाई केही थाहा भएन ।मिति २०८०।०८।२७ गते मैले गरेको मौकाको कागजमा म पदम लामाको नामको अगाडी भएको रेखात्मक र लेखात्मक सहिछाप मेरो हो, उक्त सहिछाप म आफैले गरेको हुँ । मैले नरविर खड्कालाई हाल सम्म दिएको भनेको रु.२,००,०००।—(दुई लाख रुपैया) मात्र हो । अन्य समयमा मनोज तामाङले नै नरविर खड्कालाई आफै रकम दिने गर्थे, निजले हाल सम्म के-कति रकम दिए सो बारेमा मलाई थाहा छैन। मिति २०८०।०८।२७ गते म पक्राउ परि तत्काल प्रहरी टोलीले मलाई मौकाको कागज गराउँदा कुनै किसिमको डरत्रास दिने, धम्काउने, कुटपिट गर्ने कार्य गरेको थिएन । मैले भने बमोजिमको ब्यहोरा कम्प्युटरमा टाईप गरी निकालेको कागज हो । मैले उक्त मौकाको कागजमा सहिछाप गर्दा राम्रोसँग पढी हेरी सहिछाप गरेको हुँ भन्ने समेत ब्यहोराको प्रतिवादी पदम लामाले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

२४. मैले HR Tours And Travel Pvt.Ltd. संचालन गर्न थालेको ९/१० महिना जति भयो । मैले संचालन गरेको HR Tours And Travel Pvt.Ltd बाट टिकट बुकिङ गर्ने कार्य गर्छु । उक्त बुकिङ गरेको टिकटलाई ईसु गर्नको लागी IATA (International Air Transport Association) सदस्य भएका ठुला ट्राभल्सहरुमा दिनु पर्ने भएको हुदाँ मैले चिनेका ब्यक्ति मनोज तामाङलाई मैले संचालन गरेको टुर एण्ड ट्राभल्सबाट भिजिट भिषामा जाने ब्यक्तिहरुको नामको श्रम स्वीकृती, प्रहरी रिपोर्ट, राष्ट्रिय तथा अन्तराष्ट्रिय हवाई टिकट काट्ने र पुलिस रिपोर्टको अनलाईन फर्म भर्ने काम दिदै आएको थिएँ । म समेत संचालक रहेको HR Tours And Travel Pvt.Ltd बाट भिजिट भिषामा दुवई लगायतका देशहरुमा घुम्न जाने मानिसहरु अनलाईन पेपर भिषा लिएर आउने व्यक्तिहरुलाई भिजिट भिषामा दुवई लगायतका देशहरुमा जान आवश्यक पर्ने होटल बुकिङ, बैंक स्टेटमेन्ट र

नाता खुलेका कागजातहरु हेरी भिजिट भिषामा जाने व्यक्तिहरुको दुईतर्फि हवाई टिकट काट्ने क्रममा कहिले काही दुईतर्फि वा एकोहोर हवाई टिकट भाडा महंगो हुने भएकोले निमा छिरिङ टुर एण्ड ट्राभल्सका संचालक मनोज तामाङलाई दिने गर्थे। निज मनोज तामाङले मसँग भिजिट भिषामा जाने ब्यक्तिहरुको हकमा आवत जावत गर्ने गरी प्लेन टिकट प्रति ब्यक्ति रु.८० हजार देखी ९० हजार रुपैया सम्म लिने गर्थे । भिजिट भिषामा जाने ब्यक्ति भिजिट भषामा गए पनि प्राय नर्फिने भएको हुँदा निजहरुको हकमा टिकटको पैसा रिफण्ड लिई निजै मनोज तामाङले नै लिने गरेका थिए । भिजिट भिषामा जादाँ प्रायःनेपालीहरुको न्यून आए हुने भएकोले भिजिट भिषामा जान **बैंक स्टेटमेन्ट नपुग्ने, ब्यापार ब्यबसाय नहुने, १२ कक्षा पास हुनु पर्ने, कम्तिमा २ बर्ष बिदेश जाने आउने गरेको हुनु पर्ने, विदेशबाट भिषा पठाउने ब्यक्ति र बिदेश जाने ब्यक्ती बिच हाडनाता भित्रको हुनु पर्ने** भएकाले भिजिट भिषामा जाने ब्यक्तिहरुसंग सबै कागजात नहुने हुँदा यस्ता ब्यक्तिहरुलाई विदेशमा जाँदा एयरपोर्टमा सम्बन्धित खटिएको कर्मचारीले रोक्ने भएकाले सो नहोस् भन्नका लागी अध्यागमन कार्यालयका कर्मचारीसँग सेटिङ मिलाउनु पर्थ्यो। अपुग कागजात मिलाउने जिम्मा मनोज तामाङलाई दिएको थिए र सो सेटिङ मिलाउने काम निज मनोज तामाङले गर्ने गरेका थिए, अध्यागमनका  कुन-कुन कर्मचारीहरुसंग सेटिङ मिलाउथे निजै मनोज तामाङलाई थाहा होला । मेरो कार्यालयमा म र एकजना गुल्मी घर हुने ९८४३७२०३५७ भएका हरि सापकोटा र म गरी दुई जना छौं । हरि सापकोटा निजको श्रीमतीलाई विदेश पठाउने भनि दशै देखि घरमा बसेका छन्। निजलाई यस वारदात सम्बन्धमा केही थाहा छैन। निजको यस वारदातमा संलग्नता छैन । मेरो HR Tours And Travel Pvt.Ltd मा आफ्ना चिनजान मार्फतको मानिसहरु मात्र भिजिट भिषामा विदेश जान आउनु हुन्छ । निज ब्यक्तिहरुबाट मैले ८० हजार देखी ८५ हजार रुपैया सम्म रकम लिने गरेको छु । मैले मेरो ट्राभलबाट डकुमेण्ट मिलाउन सक्ने जतिलाई आफै विदेश पठाउने गरेको छु । अन्य केही डकुमेण्ट मिलाउनु पर्ने भए SKI TOURS-AND TRAVELS संचालक दिनेश ज्ञावालीलाई डकुमेण्ट मिलाई पठाउनको लागी डकुमेण्ट दिने गर्दछु । भने अर्को ब्यक्ति का.जि.का.म.न.पा.वडा नं.९ सम्भुमार्गमा निमा छिरिङ टुर एण्ड ट्राभल्स संचालन गर्ने ज्योति बिकाश बैंकको खाता नं.०९०११३००२९२७७३००००01 भएका मनोज तामाङलाई एयरपोर्ट सेटिङ र डकुमेण्ट मिलाउनको लागी दिने गर्छु । SKI TOURS AND TRAVELS को कर्मचारी रबिन्द्र अर्याललले टिकट र श्रमको डकुमेण्ट अनलाईन मार्फत काम दिने गर्दथे भने दिनेश ज्ञवालीलाई डकुमेण्ट

लगायतको सेटिङ मिलाउन अं.४० देखी ४५ जना जतिको डकुमेण्ट उसको ट्राभल्समा दिएको छु । त्यसै गरी एयरपोटको सेटिङ मिलाउनको लागी मनोज तामाङलाई २० देखी ३० जना ब्यक्तिको डकुमेण्ट दिएको र प्रति ब्यक्ति उडाए बापत ७५ देखी ८० हजार रुपैया सम्म दिने गरेको छु । मैले प्रति ब्यक्ति भिजिट भिषामा विदेश पठाए बापत ८० देखी ९० हजार रुपैया लिने गर्छु, मैले भिजिट भिषामा दुबई देशमा मात्र पठाउने गर्छु । मैले भिजिट भिषामा विदेश पठाउँदा एयरपोर्टमा सेटिङ मिलाउदा वाइसपमा विदेश जाने ब्यक्तिको फोटो एयरपोर्टमा सेटिङ मिलाउने मनोज तामाङलाई फोटो हाली उसले बोर्डिङ काउण्टरमा सोही अनुसार मिलाई पठाउने गर्छ । भिजिट भिषामा विदेश जाने ब्यक्तिहरुको कागजात मिलाउन SKI TOURS AND TRAVELS का संचालक दिनेश ज्ञवाली र सोही ट्राभल्समा काम गर्ने रबिन्द्र अर्याल भन्ने रविन अर्याललाई दिने गर्थे, मैले कागजात मिलाउन दिएका ब्यक्तिहरुको नाम मलाई हाल यकिन याद भएन । श्रम स्वीकृती बनाउनको लागि नयाँ र उमेर अनुसारको ब्यक्तिको हकमा रु.७,५००।—(सात हजार पाँच सय) रुपैया देखी रु.१२,०००।—(बाह्र हजार) रुपैया र हवाई टिकट डोमेष्टिक ईन्टरनेशनलको सेक्टर अनुसार रु.३,५००।—(तिन हजार पाँच सय) देखि रु.१२,०००।—(बाह्र हजार) रुपैया सम्म दिने गर्थे भन्ने समेत ब्यहोराको प्रतिवादी राम प्रसाद भण्डारीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

२५. मलाई अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाण्डौको चलानी नं.९५० मिति २०८०।०६।२८ गतेको पत्र संलग्न रहेका रिता दमाई र बिष्णु राईको नामको नक्कली पुलिस रिपोर्ट र नक्कली श्रम स्वीकृती समेतका कागजात देखाउदा देखि पाएँ । उक्त कागजातहरु मेरो कार्यालयबाट बनाईएको होईन, रेखा तामाङ भन्ने ब्यक्तिलाई मैले चिन्दिन । रिता दमाई बिष्णु राईको नाममा मैले संचालन गरेको सिटी टुर्स एण्ड ट्राभल्सबाट एयरईन्डिया एयरलाईन्सबाट कुवेत जानको लागी टिकट बनाई दिएको हुँ, अन्य कागजातहरु बनाएको छैन । मैले संचालन गरेको सिटी टुर्स एण्ड ट्राभल्समा काम गर्ने ७ जना स्टाफहरु छन् । बिहान १०:०० देखी बेलुका ५:०० बजे सम्म सधै म अफिसमै हुन्छु । मेरो अफिस पुरानो बुद्ध एयर भएको ठाउँमा छ। अफिसको साईन बोर्डमा मेरो ९८५१०२१०१० नंम्बर छ, एयरपोर्ट नजिकै मेरो मदिरा पसल छ, सो पसलको साईन बोर्डमा पनि मेरै ९८५१०२१०१० नंम्बर छ, सोही कारणले मेरो मोबाईलमा फोन आउछ, को-कसको फोन आउछ मलाई एकिन हुँदैन । होटल बाल्टिक ईनका संचालक केदार बहादुर खड्कालाई मैले चिन्दिन। मैले सेटिङमा

भिजिट भिषामा नक्कली कागजात बनाई सेटिङ मिलाई वैदेशिक रोजगारीमा कुवेत र दुवईमा पठाउने कार्य गरेको छैन । रिता दमाई र रेखा तामाङलाई मैले चिन्दैन । निज रिता दमाईको नाममा मैले संचालन गर्ने सिटी टुर्स एण्ड ट्राभल्सबाट टिकट काटेको हो । निजले किन मेरो ट्राभल्सबाट नक्कली कागजात बनाएको भनि कागज लेखाईन सो बारेमा मलाई केही थाहा भएन भन्ने समेत ब्यहोराको प्रतिवादी बिनोद कार्कीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

२६. म दिनेश ज्ञवालीले संचालन गरेको S.K.I.Tours And Travel Pvt.Ltd मा काम गर्ने कर्मचारी हुँ । मैले उक्त ट्राभल्समा काम गर्न लागेको ५/६ महिना जति भयो । मैले दिनेश ज्ञवालीले लाए अह्राए बमोजिम काम गर्ने र अनलाईन मार्फत श्रम स्वीकृती, पुलिस रिपोर्ट, आन्तरिक हवाई टिकट, होटल बुकिङ गर्ने लगायतको काम गर्छु । HR Tours And Travels Pvt.Ltd का संचालक राम प्रसाद भण्डारीले ४० देखी ४५ जनाको कागजातहरु दिई श्रम स्वीकृती, अन्तराष्ट्रिय हवाई टिकट काटन लगाएका थिए । मैले निजले भने बमोजिमको भिजिट भिषामा वैदेशिक रोजगारमा जाने ब्यक्तिहरुको हवाई टिकट काट्ने र होटल बुकिङ गरेको हुँ । अन्तराष्ट्रिय हवाई टिकट पनि मैले काम गर्ने टुर्स एण्ड ट्राभल्सबाटै बुकिङ हुन्छ, उक्त बुकिङ गरेको टिकट ईस्यु गर्नको लागी IATA (International Air Transport Association) भएका टुर्स एण्ड ट्राभल्समा दिनेश ज्ञवालीले दिने गर्थे । म एउटा साधारण कर्मचारी भएकोले दिनेश ज्ञवालीले लाए अह्राय बमोजिम काम गर्ने गर्छु, निजले अन्य को-कससँग के-कुन कुराको सेटिङ गर्छन सो बारेमा मलाई सवै जानकारी हुने कुरा भएन । निजले अन्तराष्ट्रिय टिकट ईस्यु गर्न के-कहाँ दिन्छन मैले सोध खोज गर्नु उचित नभएकोले सो बारेमा मलाई थाहा हुने कुरा भएन । गणेश पाण्डेले मेरो खातामा रु.१,७५,०००।—(एक लाख पचहत्तर हजार) रुपैया पठाएका थिए, दिनेश ज्ञवालीले उक्त रकम पठाउन लगाएका रहेछन । के-कुन कारोवारको रकम हो मलाई थाहा भएन, निजको नाम गणेश पाण्डे हो । निजको बाजेको नाम बालानन्द पाण्डे, बुवा धनिश्वर पाण्डे हो, निजको वास्तविक वतन जिल्ला अर्घाखाँची पाणेनी गाउँपालिका वडा नं.८ हो । निज हाल काठमाण्डौ, जिल्ला टोखा न.पा.वडा नं.३ बानियाटारमा डेराकोठा गरी बस्छन, निजको संम्पर्क नंम्वर थाहा छैन भन्ने समेत ब्यहोराको प्रतिवादी रविन अर्याललले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

२७. हाल म संगै पक्राउ परेको रबिन अर्याल र राम प्रसाद भण्डारीलाई मैले राम्रो संग चिन्छु । राम प्रसाद भण्डारी र म टुर एण्ड ट्राभल्सका संचालक भएकोले टिकट काट्ने क्रममा हामी दुवै जनाको चिनजान भएको हो । रविन अर्याल मैले संचालन गरेको S.K.I.Tours And Travels मा

काम गर्ने कर्मचारी हुन् । अन्य ब्यक्तिहरु अरुण दाहाल, गिता शाह, सरोज कुमार यादव, नरविर खड्का, मनोज तामाङ, पदम लामा र विनोद कार्कीलाई मैले चिन्दिन । रविन अर्याल मैले संचालन गरेको S.K.I.Tours And Travel Pvt.Ltd मा काम गर्ने कर्मचारी हुन् । निजले मैले काम लाए अह्राए बमोजिम अनलाईन मार्फत श्रम स्वीकृती, पुलिस रिपोर्ट, आन्तरिक हवाई टिकट लगायतका कागजात बनाउने काम गर्छन् । राम प्रसाद भण्डारीले ४० देखी ४५ जनाको कागजातहरु दिई श्रम स्वीकृती, अन्तराष्ट्रिय हवाई टिकट काट्न लगाएका थिए । मैले निजले भने बमोजिमको भिजिट भिषा, वैदेशिक रोजगारमा जाने ब्यक्तिहरुको हवाई टिकट काट्ने र होटल बुकिङ गरेको हुँ । मैले आन्तरिक हवाई टिकट मेरो टुर्स एण्ड ट्राभल्सबाटै काट्ने गर्छु । अन्तराष्ट्रिय टिकट पनि म आफैले नै बुकिङ गर्ने गर्छु, उक्त बुकिङ गरेको टिकट ईसु गर्न Bon Travels, Amrite Travels, Gandaki Travels मा दिने गर्छु । Bon Travels संचालकको नामको नाम मलाई थाहा छैन, सो ट्राभल्समा काम गर्ने स्टाफ सुरज थापा हुन् । निजको संम्पर्क नं. यकिन याद भएन, Bon ट्राभल्स काठमाण्डौ जिल्लाको ठमेलमा छ । Amrite Travels का संचालक रुद्र पाण्डे हुन्, रुद्र पाण्डेको संम्पर्क नं.एकिन याद भएन मोबाईलमा सेभ छ, Amrite Travels काठमाण्डौ जिल्लाको लैनचौरमा छ, Gandaki Travels का संचालकको नाम थाहा छैन, सो ट्राभल्समा काम गर्ने स्टाफको नाम गोपाल शर्मा हो, निज सँगै काम गराउने गर्थे । गोपाल शर्माको संम्पर्क नं.मोबाईलमा सेभ गरेको हुदाँ एकिन याद भएन, Gandaki Travels काठमाण्डौ जिल्लाको कमलादीमा छ । राम प्रसाद भण्डारीले पनि टिकट बुकिङ गर्न मलाई दिने गर्छन् । राम प्रसाद भण्डारीले मलाई टिकट बुकिङ गर्न दिने गरेको ७/८ महिना जति भयो, निजले आन्तरिक हवाई टिकट मात्र बुकिङ गर्ने काम गर्छन, बाह्य हवाई टिकट बुकिङ,होटल बुकिङ गर्ने र श्रम स्वीकृती, पुलिस रिपोर्ट लगायतको कागजातको अनलाईन फर्म भर्नको लागी मैले संचालन गरेको टुर्स एण्ड ट्राभल्समा आउने गर्थे, मैले निजले भने बमोजिम ब्यक्तिहरुको श्रम स्वीकृती र पुलिस रिपोर्ट लगायतको कागजात म र मेरो ट्राभल्समा काम गर्ने रविन अर्याल हामी दुई जनाले अनलाईनबाट फर्म भर्ने गर्थ्यो। उक्त कागजातहरुको अनलाईन फर्म भरे बापत नयाँ र उमेर अनुसार रु.७,५०० देखी रु.१२,०००।— रुपैया सम्म रकम लिने गर्थे । राम प्रसाद भण्डारीले मलाई ४० देखी ४५ जनाको अनलाईन फर्म भरी कागज बनाई दिएको छु । मैले मेरै अनलाईनबाट उक्त फर्म भर्ने र निकाल्ने गर्छु । श्रम स्वीकृती बनाउने जिम्मा

मेरो होईन । श्रम स्वीकृती बनाउनु गल्ती भयो भन्ने समेत ब्यहोराको प्रतिवादी दिनेश ज्ञवालीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।

२८. हामी मिति २०८०।०७।१४ गते जागेरा एयरलाईन्सबाट रातको १२:०० बजेको समयमा कुवेत देशमा जान लागेका हौ । हाम्रो साथमा रहेका श्रम र पुलिस रिपोर्ट नक्कली हो भन्ने हामीलाई थाहा थिएन । कुवेत जानको लागी हामीलाई श्रम र पुलिस रिपोर्टको कागजात चाहिन्छ भनेर भने पछि हामीलाई श्रम र पुलिस रिपोर्ट बनाई दिने ब्यक्ति गिता शाह र अर्को एक पुरुष ब्यक्तिले बनाई दिएको हो, उनीहरुको संम्पर्क नं.९८२८९१७३१४ हो । उनिहरुले हामीबाट रकम लिएको छैन भनि लक्ष्मी राई र कौशिला मगरले गरेको घटना विवरण कागज ।

२९. प्रतिवेदक प्रहरीहरु चिन्दिन, अरुण दाहाललाई चिन्छु । अन्य प्रतिवादीहरुलाई चिन्दिन । वैदेशिक रोजगारीको शिलशिलामा भिजिट भिषामा दुवई जानको लागी भिषा प्रोसेसिङ भई सकेको र टिकट काट्ने काम मात्र बाँकी रहेकोले पक्राउमा परेका प्रतिवादी अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा हवाई टिकट काट्नको लागी राहादानी दिएका थिए । निजको अनलाईन सेवाबाट अन्य कुनै किसिमका कागजात बनाएको छैन । भिजिट भिषा समेत आई सकेको हुदाँ उक्त भिषा बमोजिम दुवई जानको लागी बरामदी मुचुल्का सहित बरामद भई आएको म सुमन शर्माको नामको राहादानी जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंबाट मेरो जिम्मा बुझि लिए । यसरी वैदेशिक रोजगारीमा पठाउने भनि बिभिन्न कार्यालयहरुको नक्कली कागजात तथा दस्तखत र छापको प्रयोग गरी प्रतिवादीहरु अरुण दाहाल समेतका ब्यक्तिहरुले लिखत सम्बन्धी कसुर गरेको हुदाँ, निजहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको सुमन शर्माले गरेको घटना विवरण कागज ।

३०. प्रतिवेदक प्रहरीहरु तथा अरुण दाहाल बाहेकका अन्य प्रतिवादीहरुलाई मैले चिनेकी छैन । म वैदेशिक रोजगारीको शिलशिलामा भिजिट भिषामा दुवई जानको लागी मेरो भिषा प्रोसेसिङ भई सकेको र टिकट काट्ने काम मात्र बाँकी रहेकोमा पक्राउमा परेका प्रतिवादी अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा गई हवाई टिकट काट्नको लागी मेरो नामको राहादानी दिएकी थिए । निजको अनलाईन सेवाबाट मैले अन्य कुनै किसिमका कागजात बनाएको छैन । मेरो भिजिट भिषा समेत आई सकेको हुदाँ म उक्त भिषा बमोजिम दुवई जानको लागी बरामदी मुचुल्का सहित बरामद भई आएको म रोजिना तामाङको नामको

०८८१६०७३ नं.को राहादानी जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंबाट मैले मेरो जिम्मा बुझि लिए । यसरी वैदेशिक रोजगारीमा पठाउने भनि बिभिन्न कार्यालयहरुको नक्कली कागजात तथा दस्तखत र छापको प्रयोग गरी प्रतिवादीहरु अरुण दाहाल समेतका ब्यक्तिहरुले लिखत सम्बन्धी कसुर गरेको हुदाँ निजहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको रोजिना तामाङले गरेको घटना विवरण कागज ।

३१. मैले प्रतिवेदक प्रहरीहरु चिन्दैन प्रतिवादीहरु मध्येका अरुण दाहाललाई चिन्छु । मेरो गाउँका बिकाश दाहाल बैदेशिक रोजगारीमा दुबईमा गएका छन । निजसँग हामीहरुले संम्पर्क गरी भिजिट भिषामा वैदेशिक रोजागरीमा जानको लागी भिजिट भिषा बापत लाग्ने नेपाली रु.३०,०००।— (तिस हजार रुपैयाँ) का दरले म लगायतका मेरो साथीहरु प्रदिप दास, उमेश चौधरी थारु, सुरेन्द्र भण्डारी थारु, राहुल पटेल र मिथुन यादव समेत हामी ६ जनाले उक्त रुपैया निज बिकाश दाहाललाई दुबईमा पठाएका थियौ । निजले यहि दिपावली पछि भिजिट भिषा आएको भनि भिषा समेत पठाई टिकट बनाउनु भनेकोले मैले के कहा गई टिकट बनाउने हो थाहा छैन भन्दा निजले मैले चिनेको एक जना अरुण दाहल भन्ने ब्यक्ति छन । ट्राभल एजेन्सीको काम गर्छन निजकोमा गई बनाए हुन्छ भनि निजको ठेगाना बताएकोले म तथा मेरो साथीहरु समेत ६ जना भई अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा गई निज अरुण दाहाललाई भेटी दुबईको टिकट बनाउन लगाएको हुँ । निजले टिकट बनाउन समय लाग्छ राहादानी छोडेर जानुहोस पछि आउनु होला भनेकोले राहादानी निजको अफिसमा छोडेर गएको थिए । निजले नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती समेतका कागजात बनाई अध्यागमन बिभागका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई भिजिट भिषामा विदेश पठाउने कार्य गर्छन भन्ने कुरा मलाई थाहा थिएन, टिकटको प्रोसेसिङ गर्दा गर्दै निज अरुण दाहाल पक्राउमा परेका हुन। निजबाट मैले अन्य कुनै कागजात बनाएको छैन । यसरी विदेश जान लागेका ब्यक्तिहरुसँग मोटो रकम लिई निजहरुको नामको नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृत नक्कली बैक स्टेटमेण्ट लगायतका कागजतहरु बनाई सोही नक्कली कागजातबाटै अध्यागमन कार्यालयका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई मिलिमतो मा भिजिट भिषामा विदेश पठाउने कार्य गर्ने निज अरुण दाहाल समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनुपर्छ । मेरो भिषा समेत आई सकेको हुदाँ, म वैदेशिक रोजगारीमा जान पर्ने भएकोले प्रतिवादी अरुण दाहालको अनलाईन अफिस कोठाबाट बरामद भई आएको म बालमिकी चौधरी थारुको नामको

०५७४७३२ नं.को राहादानी जिम्मा बुझि पाउँ भनि जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंमा निवेदन समेत दिएकोले उक्त मेरो नामको राहादानी जिल्ला प्रहरी परिसरबाट जिम्मा लगाउदा जिम्मा बुझि लिएँ । यसरी वैदेशिक रोजगारीमा पठाउने भनि नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती लगायतका कागजातहरु बनाई सोही कागजातबाट बिभिन्न देशहरुमा पठाउने काम गर्ने प्रतिवादी अरुण दाहाल समेतका सम्पुर्ण प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको बाल्मिकी चौधरी थारुले गरेको घटना विवरण कागज ।

३२. मैले प्रतिवेदक प्रहरीहरु चिन्दैन प्रतिवादीहरु मध्येका अरुण दाहाललाई चिन्छु । मेरो गाउँका बिकाश दाहाल बैदेशिक रोजगारीमा दुबईमा गएका छन । निजसँग संम्पर्क गरी भिजिट भिषामा वैदेशिक रोजागरीमा जानको लागी भिजिट भिषा बापत लाग्ने नेपाली रु.३०,०००।—(तिस हजार रुपैयाँ) का दरले म लगायतका मेरो साथीहरु राहुल पटेल, उमेश चौधरी थारु, सुरेन्द्र भण्डारी थारु, बालमिकी चौधरी थारु र मिथुन यादव समेत हामी ६ जनाले उक्त रुपैया निज बिकाश दाहाललाई दुबईमा पठाएका थियौ । निजले यहि दिपावली पछि भिजिट भिषा आएको भनि भिषा समेत पठाई टिकट बनाउनु भनेकोले मैले के कहा गई टिकट बनाउने हो थाहा छैन भन्दा निजले मैले चिनेको एक जना अरुण दाहल भन्ने ब्यक्ति छन । ट्राभल एजेन्सीको काम गर्छन निजकोमा गई बनाए हुन्छ भनि निजको ठेगाना समेत बताएकोले म तथा मेरो साथीहरु समेत ६ जना भई अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा गई निज अरुण दाहाललाई भेटी दुबईको टिकट बनाउन लगाएको हुँ । निजले टिकट बनाउन समय लाग्छ राहादानी छोडेर जानुहोस पछि आउनुहोला भनेकोले राहादानी निजको अफिसमा छोडेर गएको थिए । निजले नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती समेतका कागजात बनाई अध्यागमन बिभागका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई भिजिट भिषामा विदेश पठाउने कार्य गर्छन भन्ने कुरा मलाई थाहा थिएन । टिकटको प्रोसेसिङ गर्दा गर्दै निज अरुण दाहाल पक्राउमा परेका हुन । निजबाट मैले अन्य कुनै कागजात बनाएको छैन । यसरी विदेश जान लागेका ब्यक्तिहरुसँग मोटो रकम लिई निजहरुको नामको नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृत नक्कली बैक स्टेटमेण्ट लगायतका कागजतहरु बनाई सोही नक्कली कागजातबाटै अध्यागमन कार्यालयका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई मिलिमतोमा भिजिट भिषामा विदेश पठाउने कार्य गर्ने निज अरुण दाहाल समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ । मेरो भिषा समेत आई सकेको हुदाँ, म वैदेशिक रोजगारीमा जान पर्ने भएकोले प्रतिवादी अरुण

दाहालको अनलाईन अफिस कोठाबाट बरामद भई आएको म प्रदिप दासको नामको ०९७१६२७ नं.को राहादानी जिम्मा बुझि पाउँ भनि जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंमा निवेदन समेत दिएकोले उक्त मेरो नामको राहादानी जिल्ला प्रहरी परिसरबाट जिम्मा लगाउदा जिम्मा बुझि लिए । यसरी वैदेशिक रोजगारीमा पठाउने भनि नक्कली पुलिस रिपोट, नक्कली श्रम स्वीकृती लगायतका कागजातहरु बनाई सोही कागजातबाट बिभिन्न देशहरुमा पठाउने काम गर्ने प्रतिवादी अरुण दाहाल समेतका सम्पूर्ण प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको प्रदिप दासले गरेको घटना विवरण कागज ।

३३. मैले प्रतिवेदक प्रहरीहरु चिन्दैन प्रतिवादीहरु मध्येका अरुण दाहाललाई चिन्छु । मैले चिनेका बिकाश दाहाल बैदेशिक रोजगारीमा दुबईमा गएका छन । निजसँग संम्पर्क गरी भिजिट भिषामा वैदेशिक रोजागरीमा जानको लागी भिजिट भिषा बापत लाग्ने नेपाली रु.३०,०००।— (तिस हजार रुपैयाँ) का दरले म लगायतका मेरो साथीहरु राहुल पटेल, सुरेन्द्र भण्डारी थारु, बालमिकी चौधरी थारु, प्रदिप दास र मिथुन यादव समेत हामी ६ जनाले उक्त रुपैया निज बिकाश दाहाललाई दुबईमा पठाएका थियौं। निजले यहि दिपावली पछि भिजिट भिषा आएको भनि भिषा समेत पठाई टिकट बनाउनु भनेकोले मैले के कहा गई टिकट बनाउने हो थाहा छैन भन्दा निजले मैले चिनेको एक जना अरुण दाहाल भन्ने ब्यक्ति छन् । ट्राभल एजेन्सीको काम गर्छन निजकोमा गई बनाए हुन्छ भनि निजको ठेगाना समेत बताएकोले म तथा मेरो साथीहरु समेत ६ जना भई अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा गई निज अरुण दाहाललाई भेटी दुबईको टिकट बनाउन लगाएको हुँ । निजले टिकट बनाउन समय लाग्छ राहादानी छोडेर जानुहोस पछि आउनुहोला भनेकोले राहादानी निजको अफिसमा छोडेर गएको थिए । निजले नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती समेतका कागजात बनाई अध्यागमन बिभागका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई भिजिट भिषामा विदेश पठाउने कार्य गर्छन भन्ने कुरा मलाई थाहा थिएन । टिकटको प्रोसेसिङ गर्दा गर्दै निज अरुण दाहाल पक्राउमा परेका हुन् । निजबाट मैले अन्य कुनै कागजात बनाएको छैन । यसरी विदेश जान लागेका ब्यक्तिहरुसँग मोटो रकम लिई निजहरुको नामको नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृत नक्कली बैक स्टेटमेण्ट लगायतका कागजतहरु बनाई सोही नक्कली कागजातबाटै अध्यागमन कार्यालयका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई मिलिमतोमा भिजिट भिषामा विदेश पठाउने कार्य गर्ने निज अरुण दाहाल समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनुपर्छ ।

मेरो भिषा समेत आई सकेको हुदाँ, म वैदेशिक रोजगारीमा जान पर्ने भएकोले प्रतिवादी अरुण दाहालको अनलाईन अफिस कोठाबाट बरामद भई आएको म उमेश चौधरी थारुको नामको १८४१४२० नं.को राहादानी जिम्मा बुझि पाउँ भनि जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंमा निवेदन समेत दिएकोले उक्त मेरो नामको राहादानी जिल्ला प्रहरी परिसरबाट जिम्मा लगाउदा जिम्मा बुझि लिए । यसरी वैदेशिक रोजगारीमा पठाउने भनि नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती लगायतका कागजातहरु बनाई सोही कागजातबाट बिभिन्न देशहरुमा पठाउने काम गर्ने प्रतिवादी अरुण दाहाल समेतका सम्पुर्ण प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको उमेश चौधरी थारुले गरेको घटना विवरण कागज ।

३४. मैले प्रतिवेदक प्रहरीहरु चिन्दैन प्रतिवादीहरु मध्येका अरुण दाहाललाई चिन्छु । मैले चिनेका बिकाश दाहाल बैदेशिक रोजगारीमा दुबईमा गएका छन । निजसँग संम्पर्क गरी भिजिट भिषामा वैदेशिक रोजागरीमा जानको लागी भिजिट भिषा बापत लाग्ने नेपाली रु.३०,०००।—(तिस हजार रुपैयाँ) का दरले म लगायतका मेरो साथीहरु राहुल पटेल, उमेश चौधरी थारु, बालमिकी चौधरी थारु, प्रदिप दास र मिथुन यादव समेत हामी ६ जनाले उक्त रुपैया निज बिकाश दाहाललाई दुबईमा पठाएका थियौ । निजले यहि दिपावली पछि भिजिट भिषा आएको भनि भिषा समेत पठाई टिकट बनाउनु भनेकोले मैले के कहा गई टिकट बनाउने हो थाहा छैन भन्दा निजले मैले चिनेको एक जना अरुण दाहल भन्ने ब्यक्ति छन । ट्राभल एजेन्सीको काम गर्छन निजकोमा गई बनाए हुन्छ भनि निजको ठेगाना समेत बताएकोले म तथा मेरो साथीहरु समेत ६ जना भई अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा गई निज अरुण दाहाललाई भेटी दुबईको टिकट बनाउन लगाएको हुँ । निजले टिकट बनाउन समय लाग्छ राहादानी छोडेर जानुहोस पछि आउनु होला भनेकोले राहादानी निजको अफिसमा छोडेर गएको थिए । निजले नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती समेतका कागजात बनाई अध्यागमन बिभागका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई भिजिट भिषामा विदेश पठाउने कार्य गर्छन भन्ने कुरा मलाई थाहा थिएन, टिकटको प्रोसेसिङ गर्दा गर्दै निज अरुण दाहाल पक्राउमा परेका हुन, निजबाट मैले अन्य कुनै कागजात बनाएको छैन । यसरी विदेश जान लागेका ब्यक्तिहरुसँग मोटो रकम लिई निजहरुको नामको नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृत नक्कली बैंक स्टेटमेण्ट लगायतका कागजतहरु बनाई सोही नक्कली कागजातबाटै अध्यागमन कार्यालयका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई मिलिमतो मा भिजिट भिषामा विदेश पठाउने कार्य गर्ने निज

अरुण दाहाल समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ । मेरो भिषा समेत आई सकेको हुदाँ म वैदेशिक रोजगारीमा जान पर्ने भएकोले प्रतिवादी अरुण दाहालको अनलाईन अफिस कोठाबाट बरामद भई आएको म सुरेन्द्र भण्डारी थारुको नामको ११०३१४६९ नं.को राहादानी जिम्मा बुझि पाउँ भनि जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंमा निवेदन समेत दिएकोले उक्त मेरो नामको राहादानी जिल्ला प्रहरी परिसरबाट जिम्मा लगाउदा जिम्मा बुझि लिए । यसरी वैदेशिक रोजगारीमा पठाउने भनि नक्कली पुलिस रिपोट, नक्कली श्रम स्वीकृती लगायतका कागजातहरु बनाई सोही कागजातबाट बिभिन्न देशहरुमा पठाउने काम गर्ने प्रतिवादी अरुण दाहाल समेतका सम्पुर्ण प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको सुरेन्द्र भण्डारी थारुले गरेको घटना विवरण कागज ।

३५. मैले प्रतिवेदक प्रहरीहरु चिन्दिन, प्रतिवादीहरु मध्येका अरुण दाहाललाई चिन्छु । मैले चिनेका बिकाश दाहाल बैदेशिक रोजगारीमा दुबईमा गएका छन । निजसँग संम्पर्क गरी भिजिट भिषामा वैदेशिक रोजागरीमा जानको लागी भिजिट भिषा बापत लाग्ने नेपाली रु.३०,०००।— (तिस हजार रुपैयाँ) का दरले म लगायतका मेरो साथीहरु राहुल पटेल, उमेश चौधरी थारु, बालमिकी चौधरी थारु, प्रदिप दास र सुरेन्द्र भण्डारी थारु समेत हामी ६ जनाले उक्त रुपैया निज बिकाश दाहाललाई दुबईमा पठाएका थियौ । निजले यहि दिपावली पछि भिजिट भिषा आएको भनि भिषा समेत पठाई टिकट बनाउनु भनेकोले मैले के कहा गई टिकट बनाउने हो थाहा छैन भन्दा निजले मैले चिनेको एक जना अरुण दाहाल भन्ने ब्यक्ति छन । ट्राभल एजेन्सीको काम गर्छन निजकोमा गई बनाए हुन्छ भनि निजको ठेगाना समेत बताएकोले म तथा मेरो साथीहरु समेत ६ जना भई अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा गई निज अरुण दाहाललाई भेटी दुबईको टिकट बनाउन लगाएको हुँ । निजले टिकट बनाउन समय लाग्छ राहादानी छोडेर जानु होस पछि आउनु होला भनेकोले राहदानी निजको अफिसमा छोडेर गएको थिए । निजले नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती समेतका कागजात बनाई अध्यागमन बिभागका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई भिजिट भिषामा विदेश पठाउने कार्य गर्छन भन्ने कुरा मलाई थाहा थिएन, हाल थाहा भयो । टिकटको प्रोसेसिङ गर्दा गर्दै निज अरुण दाहाल पक्राउमा परेका हुन । यसरी विदेश जान लागेका ब्यक्तिहरुसँग मोटो रकम लिई निजहरुको नामको नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृत नक्कली बैक स्टेटमेण्ट लगायतका कागजतहरु बनाई सोही नक्कली कागजातबाटै अध्यागमन कार्यालयका कर्मचारीहरु

समेतसँग सेटिङ मिलाई मिलेमतोमा भिजिट भिषामा विदेश पठाउने कार्य गर्ने निज अरुण दाहाल समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ । मेरो भिषा समेत आई सकेको हुँदा म वैदेशिक रोजगारीमा जान पर्ने भएकोले प्रतिवादी अरुण दाहालको अनलाईन अफिस कोठाबाट बरामद भई आएको म मिथुन यादवको नामको ६१७५८९ नं.को राहदानी जिम्मा बुझि पाउँ भनि जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंमा निवेदन समेत दिएकोले उक्त मेरो नामको राहदानी जिल्ला प्रहरी परिसरबाट जिम्मा लगाउदा जिम्मा बुझि लिए । यसरी वैदेशिक रोजगारीमा पठाउने भनि नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती लगायतका कागजातहरु बनाई सोही कागजातबाट बिभिन्न देशहरुमा पठाउने काम गर्ने प्रतिवादी अरुण दाहाल समेतका सम्पुर्ण प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोराको मिथुन यादवले गरेको घटना विवरण कागज ।

३६. मैले प्रतिवेदक प्रहरीहरु चिन्दिन प्रतिवादीहरु मध्येका अरुण दाहाललाई चिन्छु । मैले चिनेका मेरै गाउँका बिकाश दाहाल बैदेशिक रोजगारीमा दुबईमा गएका छन । निजसँग संम्पर्क गरी भिजिट भिषामा वैदेशिक रोजागरीमा जानको लागी भिजिट भिषा बापत लाग्ने नेपाली रु.३०,०००।—(तिस हजार रुपैयाँ) का दरले म लगायतका मेरो साथीहरु मिथुन यादव, उमेश चौधरी थारु, बाल्मिकी चौधरी थारु, प्रदिप दास र सुरेन्द्र भण्डारी थारु समेत हामी ६ जनाले उक्त रुपैया निज बिकाश दाहाललाई दुबईमा पठाएका थियौ । निजले यहि दिपावली पछि भिजिट भिषा आएको भनि भिषा समेत पठाई टिकट बनाउनु भनेकोले मैले के-कहा गई टिकट बनाउने हो थाहा छैन भन्दा निजले मैले चिनेको एक जना अरुण दाहाल भन्ने ब्यक्ति छन, निजले ट्राभल एजेन्सीको काम गर्छन, निजकोमा गई बनाए हुन्छ भनि निजको ठेगाना समेत बताएकोले म तथा मेरो साथीहरु समेत ६ जना भई अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा गई निज अरुण दाहाललाई भेटी दुबईको टिकट बनाउन लगाएको हुँ । निजले टिकट बनाउन समय लाग्छ राहादानी छोडेर जानुहोस, पछि आउनु होला भनेकोले राहादानी निजको अफिसमा छोडेर गएको थिए । निजले नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती समेतका कागजात बनाई अध्यागमन बिभागका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई भिजिट भिषामा विदेश पठाउने कार्य गर्छन भन्ने कुरा मलाई थाहा थिएन, टिकटको प्रोसेसिङ गर्दा गर्दै निज अरुण दाहाल पक्राउमा परेका हुन । निजबाट मैले अन्य कुनै कागजात बनाएको छैन । यसरी विदेश जान लागेका ब्यक्तिहरुसँग मोटो रकम लिई निजहरुको नामको

नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृत नक्कली बैक स्टेटमेण्ट लगायतका कागजतहरु बनाई सोही नक्कली कागजातबाटै अध्यागमन कार्यालयका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई मिलिमतोमा भिजिट भिषामा विदेश पठाउने कार्य गर्ने निज अरुण दाहाल समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनुपर्छ । मेरो भिषा समेत आई सकेको हुदाँ म वैदेशिक रोजगारीमा जान पर्ने भएकोले प्रतिवादी अरुण दाहालको अनलाईन अफिस कोठाबाट बरामद भई आएको म राहुल पटेलको नामको ०३२३३९१ नं.को राहादानी जिम्मा बुझि पाउँ भनि जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंमा निवेदन समेत दिएकोले उक्त मेरो नामको राहादानी जिल्ला प्रहरी परिसरबाट जिम्मा लगाउदा जिम्मा बुझि लिए । यसरी वैदेशिक रोजगारीमा पठाउने भनि नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती लगायतका कागजातहरु बनाई सोही कागजातबाट बिभिन्न देशहरुमा पठाउने काम गर्ने प्रतिवादी अरुण दाहाल समेतका सम्पुर्ण प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भनी राहुल पटेलले गरेको घटना विवरण कागज ।

३७. म मिति २०८०।०७।१४ गते एयर ईन्डिया एयरलाईन्सबाट कुवेत जान लागेको हो । मसँग भएका कागज पत्र नक्कली भन्ने मलाई थाहा थिएन । उक्त कागजातहरु मलाई रेखा तामाङ (९८०८२९९४४७) ले CITY TOURS AND TRAVELS बाट बनाई दिएको हो । कागजात बनाई दिए बापत मैले पैसा दिएको छैन भन्ने समेत ब्यहोराको रिता दमाईले गरेको घटना विवरण कागज ।

३८. मैले प्रतिवेदक प्रहरीहरुलाई चिन्दिन प्रतिवादीहरु मध्येका अरुण दाहाललाई चिन्छु । म वैदेशिक रोजगारीमा दुवई जानको लागी सुरुको प्रोसेसिङको काम गर्नको लागी प्रतिवादी अरुण दाहालले संचालन गरेको दाहाल अनलाईन सेवामा गई मेरो नाममा होटल बुकिङ, हवाई टिकट बुकिङ गर्न लगाई मेरो नामको ०८८८०१७ नंम्बरको राहादनी छोडेको थिए । यि प्रतिवादी अरुण दाहालले श्रम स्वीकृत, पुलिस रिपोर्ट लगायतको कागजात नक्कली तयार गरी सोही नक्कली कागजातबाट बिभिन्न ब्यक्तिहरु मार्फत सेटिङ गरी अध्यागमन कार्यालयका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई अरुण दाहाल, गिता शाह, सरोज कुमार यादव, नरविर खड्का, मनोज तामाङ, पदम लामा, राम प्रसाद भण्डारी, दिनेश ज्ञवाली, रविन अर्याल, तारा बहादुर कुँवर र विनोद कार्की समेतका ब्यक्तिहरुले संगठित रुपमा संजाल बिस्तार गरी संगठित भई भिजिट भिषामा विदेश जाने ब्यक्तिहरुसँग रकम असुल गरी आ-आफ्नो भुमिकामा रही संगठित अपराध

गरेको कुरा थाहा पाए । नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृत नक्कली बैंक स्टेटमेण्ट लगायतका कागजतहरु बनाई सोही नक्कली कागजातबाटै अध्यागमन कार्यालयका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई संगठित रुपमा संजाल बिस्तार गरी मिलिमतोमा भिजिट भिषामा विदेश पठाउने कार्य गर्ने निज अरुण दाहाल समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ । म वैदेशिक रोजगारीमा जान पर्ने भएकोले प्रतिवादी अरुण दाहालको अनलाईन अफिस कोठाबाट बरामद भई आएको म लोक बहादुर सुनारको नामको ०८८८०१७ नंम्बरको राहादानी जिम्मा बुझि पाउँ भनि जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंमा निवेदन समेत दिएकोले उक्त मेरो नामको राहादानी जिल्ला प्रहरी परिसरबाट जिम्मा लगाउदा जिम्मा बुझि लिए । यसरी संगठित रुपमा संगठन बिस्तार गरी नक्कली पुलिस रिपोट, नक्कली श्रम स्वीकृती लगायतका कागजातहरु बनाई सोही कागजातबाट बिभिन्न देशहरुमा पठाउने काम गर्ने प्रतिवादी अरुण दाहाल समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ भन्ने समेत ब्यहोरा लोक बहादुर सुनारले गरेको घटना विवरण कागज ।

३९. मेरो बाजेको नाम मान बहादुर पाण्डे, बुवाको नाम बिणु बहादुर पाण्डे, आमाको नाम यम कुमारी पाण्डे र मेरो नाम रमेश बहादुर पाण्डे हो, मेरो घर जिल्ला धनकुटा पाखिबास नगरपालिका वडा नं.१ घर भई हाल जिल्ला काठमाण्डौं, का.म.न.पा.वडा नं.८ जोरपाटीमा बस्छु, म नेपाल प्रहरी सेवामा आबद्ध भई निवृत्तिभरण भई हाल परिवारले संचालन गरेको एयरपोट गेट अगाडी होटल बाल्टिक ईन प्रा.लि.मा परिवारलाई सहयोग गर्ने काम गर्दै आएको छु, उक्त होटल बाल्टिक ईन प्रा.लि. संचालकहरु बिमल थापा, क्यामुना शाही, मिरा गिरी पाण्डे, मन्जु डंगोल खड्का हुन, मैले भिजिट भिषामा सेटिङ मिलाउने काम गरेको छैन, तर मेरो परिवारले संचालन गरेको होटल बाल्टिक ईन का संचालिका मन्जु डंगोलको श्रीमान आशिष भन्ने केदार बहादुर खड्का (९८४९४३८०९९) संग उक्त होटलमा आई निमा छिरिङ ट्राभल्सको मनोज तामाङ लामा, सोही ट्राभल्समा काम गर्ने पदम लामा, अध्यागमनका अधिकृत नरविर खड्का कुराकानी गर्ने गर्थे, होटलमा आउने जाने गर्थे, निजहरु बिच के कुरा हुन्थ्यो मलाई सो बारे जानकारी भएन । मिति २०८०।०८।२६ गते काउण्टरमा गिता जैसी (९८४०८६६७६०) र विकाश अधिकारी (९७४६४९१७००) बसेका थिए । उक्त दिन होटल बाल्टिक ईनको काउन्टरबाट निज नरविर खड्काले रु.२ लाख लिई गएको हो, उक्त रकम भिजिट भिषामा सेटिङ मिलाउने रकम भएको कुरा पछि प्रहरीले नरविर खड्कालाई

पक्राउ गरे पश्चात मैले समाचारबाट थाहा पाएको हो, उक्त होटलमा अन्य बिभिन्न ब्यक्तिहरु आउने जाने गर्छन, सबैको बारेमा मलाई थाहा भएन, निजहरु मनोज तामाङ,पदम लामा, नरविर खड्का पटक पटक आउने जाने भएको हुनाले निजहरुसँग कुराकानी भएको हुनाले निजहरुको नाम थाहा भएको हो, अन्य ब्यक्तिहरुको नाम थाहा भएन, उक्त होटल मेरो र आशिष भन्ने केदार बहादुर खड्काको श्रीमती मंन्जु डंगोल मिलि संचालन गर्ने गरेको हो, तर उक्त भिजिट भिषाको मिलाउने बारे मलाई केही पनि थाहा जानकारी भएन, आशिष भन्ने केदार बहादुर खड्काको संम्पर्कमा भएका ब्यक्तिहरु मनोज तामाङ,पदम लामा, नरविर खड्का तथा अन्य ब्यक्तिहरु होटलमा आई कारोवार गर्ने गर्थे तर मलाई सो कारोवार बारे केही पनि थाहा हुन्थेन, किन भने उक्त कारोवार होटलको थिएन । निजको ब्यक्तिगत कारोवार भएको हुनाले मैले कुनै पनि चासो राख्दैन थिए । निज आशिष भन्ने केदार बहादुर खड्काको घर जिल्ला संखुवासभा आँखीभूई गा.बि.स. हाल परिवर्तित धर्मदेवी नगरपालिका हो । निजको संम्पर्क नं.९८४९४३८०९९ हो, निजको हुलिया बर्ण गहुँ गोरो, कपाल झरेको, पातलो शरिर,दारी जुङ्गा भएको, उचाई ५ फिट ३ ईन्च, तौल अं.६५ के.जि.भएको ब्यक्ति हुन । उक्त होटलमा सिसि क्यामरा जडान गरिएको छ, होटलका सबै कर्मचारीहरुले सिसि क्यामरा अपडेट गर्छन, उक्त दिनको सिसि टिभी फुटेज छ,छैन मलाई थाहा भएन, आशिष भन्ने केदार बहादुर खड्काले गर्ने अन्य सेटिङको कामको बारेमा मलाई थाहा भएन भन्ने समेत ब्यहोराको रमेश बहादुर पाण्डेले गरेको घटना विवरण कागज ।

४०. मैले होटल बाल्टिक ईनमा नोकरी गर्न थालेको ४ बर्ष भयो, सो होटलमा नोकरी गर्ने कर्मचारी १६ जना छन् । म उक्त होटलमा पहिले वेटरको काम गर्ने गर्थे, बिगत ४ महिना देखी होटलको काउण्टरमा बसी हिसाब किताब गर्ने, गेष्टहरु आउदाँ रुम देखाउने, होटलमा पानी बिजुली बिग्रेमा हेर्न काम गर्ने गर्छु, सो होटल बिमल थापा, क्यामुना शाही, मिरा गिरी पाण्डे र मन्जु डंगोल खड्काको नाममा दर्ता छ । निजहरुको नाममा होटल भए पनि सो होटलको सम्पुर्ण जिम्मेवारी मन्जु डंगोल खड्काको श्रीमान आशिष भन्ने केदार बहादुर खड्का र मिरा गिरी पाण्डेको श्रीमान रमेश बहादुर पाण्डेले संचालन गर्दै आएका छन् । बिमल थापा कहिले काही होटलमा आउने गर्थे, क्यामुना शाहीलाई अहिले सम्म होटलमा आएको देखेको छैन । सो होटल बाल्टिक ईनको काउण्टरमा काम गर्ने स्टाफहरुमा म विकाश अधिकारी र एक जना दिदी हुन्नु हुन्छ, उहाँको नाम गिता जैसी हो । मेरो डिउटी प्राय जसो बेलुका १७:०० बजे

देखी २२:०० बजे सम्म डिउटी पर्छ भने गिता जैसीले सधै जसो बिहानको डिउटी गर्ने गर्नु हुन्छ । मिति २०८०।०८।२६ गते म सोही दिनको १७:०० बजे देखी डिउटीमा रही सोही होटलको काउण्टरमा थिए । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, अध्यागमन कार्यालयमा कार्यरत नरविर खड्का, मनोज तामाङ र पदम लामा पटक-पटक होटलमा आउने जाने गर्ने भएकोले निजहरुलाई चिनेको छु । होटलका साहु मध्येका आशिष भन्ने केदार बहादुर खड्का, नरविर खड्का, मनोज तामाङ र पदम लामा समेत भई होटलमै बसी पटक-पटक कुराकानी गर्ने गर्थे र मनोज तामाङले प्राय जसो १/२ दिन बिरायर काउण्टरमा १/२ लाख देखी १५/२० लाख सम्मको नगद रुपैया राख्न ल्याउने गर्थे, निजले रकम काउण्टरमा राख्न दिनु भन्दा पहिले होटल बाल्टिक ईनका साहु आशिष भन्ने केदार बहादुर खड्काले मनोज तामाङ र पदम लामा र अन्य ब्यक्तिहरुले काउण्टर राख्न दिएको पैसा राखु भनेकोले हामीहरुले पटक-पटक मनोज तामाङ र पदम लामा र नचिनेका अन्य ब्यक्तिहरु समेतले काउण्टरमा राख्न दिएको रकम राख्ने गरेका हौ, सो पश्चात रकम लिन प्रायःजसो अध्यागमन कार्यालयका नरविर खड्का र अन्य कर्मचारीहरु समेत आउने गर्थे, नरविर खड्का पटक-पटक आउजाउ गर्ने भएकोले निजलाई चिनेको हुँ । अध्यागमन कार्यालयका अन्य कर्मचारीहरुको नाम याद भएन, निजहरुलाई देखे भने चिन्न सक्छु । मैले काम गर्ने होटलका साहु आशिष भन्ने केदार बहादुर खड्का र मनोज तामाङ, पदम लामा र नरविर खड्का धेरै पटक होटलमा बसी कुराकानी गर्ने गर्थे, सो कुरा उहाँहरुको आफ्नै ब्यक्तिगत कुरा भएकाले म एउटा काम गर्ने कर्मचारी भएकोले चासो राख्ने कुरा भएन । सदा जस्तै मिति २०८०।०८।२६ पनि मैले म भन्दा अगाडी काउण्टरमा डिउटीमा बस्नु भएकी गिता जैसीलाई सोही दिनको १७:०० बजे डिउटी पालो दिए पश्चात् गिता जैसीले पदम लामाले केदार बहादुर खड्काको नाम लिई रु.२ लाख छोडेका छन भनि मलाई रकम हिसाव गरी बुझाएर गए पश्चात् बेलुकाको अं.१९:०० बजेको समयमा अध्यागमन कार्यालयका कर्मचारी नरविर खड्का काउण्टरमा आई निजकै मोबाईलबाट केदार बहादुर खड्का सरलाई फोन लगाई निज दुवै जना बिच कुरा भए पश्चात् नरविर खड्काले निजको फोन मलाई दिई केदार सरसँग कुरा गर्नु भनेकोले मैले उक्त फोन लिई कुराकानी गर्दा निज केदार सरले पदम लामाले दिएको उक्त रु.२ लाख रुपैया निजलाई दिनु भने पछि मैले काउण्टरबाट निकाली निज नरविर खड्कालाई दिएको हुँ । नरविर खड्का, मनोज तामाङ, पदम लामा समेतका ब्यक्तिहरु होटलमा आई जाई गरि रहने र पटक पटक मजोज तामाङ, पदम लामा र अन्य नाम थाहा

नभएका टुर्स एण्ड ट्राभल्सका ब्यक्तिहरु समेत आई काउण्टरमा रकम राख्न लगाउने गर्थे । उक्त रकम लिन अन्य नचिनेका ब्यक्तिहरु आउने गर्थे र निजहरुकै मोबाईलबाट निज केदार खड्कालाई फोन गरी सो पश्चात मलाई उक्त फोनमा बोल्न लगाए पश्चात् निज केदार बहादुर खड्काले दिन भने बमोजिमको रकम दिने गर्थे, आशिष भन्ने केदार बहादुर खड्काले प्रयोग गर्ने संम्पर्क नं.९८४९४३८०९९ हो, रकम दिदाँ रिसिभ राख्नु भन्नु हुन्थ्यो, निजले भने बमोजिम रकम बुझेर लैजाने ब्यक्तिहरुको रिसिभ गरेको स्लिप काउण्टरमा हुने गर्थ्यो । पछि उक्त रिसिभ स्लिपहरु सवै निजै केदार बहादुर खड्काले आफै लैजाने गर्नु हुन्थ्यो । निज नरविर खड्काले मेरो डिउटी भएको अबस्थामा म सँग बुझि लगेको रकम रु.२ लाख भिजिट भिषामा सेटिङ मिलाई नक्कली कागजातबाट विदेश पठाउने ब्यक्तिहरुलाई प्रस्थान अनुमती दिए बापत सेटिङ मिलाई लिएको रकम भएको भन्ने कुरा पछि प्रहरीले निज नरविर खड्कालाई पक्राउ गरे पश्चात् मैले समाचारबाट थाहा पाएको हुँ, सो होटलमा सिसि क्यामरा जडान धेरै पहिले देखी थियो, तर चालु अबस्थामा थिएन, यहि भाद्र महिना देखी चालु अबस्थामा छ । उक्त सिसि क्यामराको मनिटर अफिस कोठामा छ । सो सिसि क्यामराको मनिटर अपरेट गर्ने काम आशिष भन्ने केदार बहादुर खड्का सरले गर्ने गर्नु हुन्थ्यो । अफिस कोठामा सिसि क्यामराको मनिटर भएकोले सो अपरेट पनि निज आशिष भन्ने केदार बहादुर खड्का सरले गर्ने भएको हुदाँ, उक्त सिसि क्यामरामा उक्त दिनको तथा सो भन्दा पहिलेको फुटेज छ,छैन सो बारेमा निज आशिष भन्ने केदार बहादुर खड्का सर बाहेक अरुलाई थाहा हुने कुरा भएन भन्ने समेत ब्यहोराको विकाश अधिकारीले गरेको घटना विवरण कागज ।

४१. मैले होटल बाल्टिक ईनमा नोकरी गर्न थालेको ८ महिना भयो । सो होटलमा नोकरी गर्ने कर्मचारी १६ जना छन् । म उक्त होटलको काउण्टरमा काम गर्न थालेको ८ महिना भयो । काउण्टरमा काम गर्ने क्रममा होटलको हिसाब किताब गर्ने, गेष्टहरु आउदाँ रुम देखाउने काम गर्ने गर्छु । सो होटल बिमल थापा, क्यामुना शाही, मिरा गिरी पाण्डे र मन्जु डंगोल खड्काको नाममा दर्ता छ । निजहरुको नाममा होटल भए पनि सो होटलको सम्पुर्ण जिम्मेवारी मन्जु डंगोल खड्काको श्रीमान आशिष भन्ने केदार बहादुर खड्का र मिरा गिरी पाण्डेको श्रीमान रमेश बहादुर पाण्डेले संचालन गर्दै आएका छन् । बिमल थापा कहिले काही होटलमा आउने गर्थे, क्यामुना शाहीलाई अहिले सम्म होटलमा आएको देखेको छैन । सो होटल बाल्टिक ईनको काउण्टरमा काम गर्ने स्टाफहरुमा म गिता जैसी र बिकाश अधिकारी हौ । मेरो डिउटी

प्राय जसो  बिहान १०:०० बजे देखी १७:०० बजे सम्म डिउटी पर्छ । भने मेरो डिउटी पश्चात बेलुकाको डिउटी विकाश अधिकारीको हेर्ने गर्छन् । मिति २०८०।०८।२६ गते म डिउटीमा रही सोही होटलको काउण्टरमा  भएको अबस्थामा सो होटलमा पहिले पहिले पटक पटक पैसा राख्न दिने पदम लामा आई यो पैसा राखि दिनु, केदार सरलाई भनेको छु भनेकोले मैले उक्त रु.२ लाख रुपैया काउण्टरमा राखि दिएकी थिए । मैले सो दिनको १७:०० बजेको समयमा डिउटी सकि जाने क्रममा उक्त रु.२ लाख रुपैया म पछिको डिउटी वाला विकाश अधिकारीलाई बुझाएकी हुँ । सोही क्रममा पहिले पहिले पनि पटक पटक होटल बाल्टिक ईनमा आउने जाने गर्ने मैले चिनेका अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा कार्यरत नरविर खड्का, मनोज तामाङ र पदम लामालाई मैले चिन्छु । होटलका साहु मध्येका आशिष भन्ने केदार बहादुर खड्का, नरविर खड्का, मनोज तामाङ र पदम लामा समेत भई होटलमै बसी पटक पटक कुराकानी गर्ने गर्थे र मनोज तामाङले प्राय जसो १/२ दिन बिरायर काउण्टरमा १/२ लाख देखी १५/२० लाख सम्मको नगद रुपैया राख्न ल्याउने गर्थे, निजले रकम काउण्टरमा राख्न दिनु भन्दा पहिले होटल बाल्टिक ईनका साहु आशिष भन्ने केदार बहादुर खड्काले  मनोज तामाङ र पदम लामा र अन्य ब्यक्तिहरुले काउण्टर राख्न दिएको पैसा राखु भनेकोले मनोज तामाङ र पदम लामा र नचिनेका अन्य ब्यक्तिहरु समेतले काउण्टरमा राख्न दिएको रकम राख्ने गरेको थिए । सो पश्चात् रकम लिन प्राय जसो अध्यागमन कार्यालयका नरविर खड्का र अन्य कर्मचारीहरु समेत आउने गर्थे, नरविर खड्का पटक पटक आईजाई गर्ने भएकोले निजलाई चिनेको छु । अध्यागमन कार्यालयका अन्य कर्मचारीहरुको नाम याद भएन, निजहरुलाई देखे भने चिन्न सक्छु । मैले काम गर्ने होटलका साहु आशिष भन्ने केदार बहादुर खड्का र मनोज तामाङ, पदम लामा र नरविर खड्का धेरै पटक होटलमा बसी कुराकानी गर्ने गर्थे, के बिषयमा कुराकानी हुने गर्थ्यो सो बारेमा मलाई थाहा भएन । सो कुरा उहाँहरुको आफ्नै ब्यक्तिगत कुरा भएकाले म एउटा काम गर्ने कर्मचारी भएकोले चासो राख्ने कुरा भएन । सदा जस्तै मिति २०८०।०८।२६ पनि मैले म भन्दा पछाडी काउण्टरमा डिउटी भएका विकाश अधिकारीलाई सोही दिनको १७:०० बजे डिउटी बुझाई पदम लामाले केदार बहादुर खड्का सरको नाम लिई रु.२ लाख छोडेका छन । कोही लिन आएमा केदार बहादुर खड्का सरलाई भन्नु भनि म होटलबाट डिउटी सकेर गएकी हुँ ।सो पश्चात् पश्चात बेलुकाको अं.१९:०० बजेको समयमा अध्यागमन कार्यालयका कर्मचारी नरविर खड्का

काउण्टरमा आई निजकै मोबाईलबाट केदार बहादुर खड्का सर फोनमा कुराकानी भए पश्चात् नरविर खड्काले उक्त रु.२ लाख रुपैया विकाश अधिकारीसँग मागी लिई गएका रहेछन । मनोज तामाङ, पदम लामा समेतका ब्यक्तिहरु होटलमा आई जाई गरि रहने र पटक पटक मजोज तामाङ, पदम लामा र अन्य नाम थाहा नभएका टुर्स एण्ड ट्राभल्सका ब्यक्तिहरु समेत आई काउण्टरमा रकम राख्न लगाउने गर्थे । उक्त रकम लिन अन्य नचिनेका ब्यक्तिहरु आउने गर्थे र निजहरुकै मोबाईलबाट निज केदार बहादुर खड्कालई फोन गरी सो पश्चात मलाई उक्त फोनमा बोल्न लगाए पश्चात निज केदार बहादुर खड्काले दिन भने बमोजिमको रकम दिने गर्थे, आशिष भन्ने केदार बहादुर खड्काले प्रयोग गर्ने संम्पर्क नं.९८४९४३८०९९ हो, रकम दिदाँ रिसिभ राख्नु भन्नु हुन्थ्यो, निजले भने बमोजिम रकम बुझेर लैजाने ब्यक्तिहरुको रिसिभ गरेको स्लिप काउण्टरमा हुने गर्थ्यो । पछि उक्त रिसिभ स्लिपहरु सवै निजै केदार बहादुर खड्काले आफै लैजाने गर्नु हुन्थ्यो । निज नरविर खड्काले मेरो डिउटी भएको अबस्थामा मसँग बुझि लगेको रकम रु.२ लाख भिजिट भिषामा सेटिङ मिलाई नक्कली कागजातबाट विदेश पठाउने ब्यक्तिहरुलाई प्रस्थान अनुमती दिए बापत सेटिङ मिलाई लिएको रकम भएको भन्ने कुरा पछि प्रहरीले निज नरविर खड्कालाई पक्राउ गरे पश्चात मैले समाचारबाट थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको गिता जैसीले गरेको घटना विवरण कागज।

४२. मैले प्रतिवेदक प्रहरीहरुलाई चिन्दैन । प्रतिवादीहरु मध्येका सरोज कुमार यादवलाई चिन्छु । मेरो गाउँका चिनेका साथी बैदेशिक रोजगारीमा कतरामा गएका छन । निजले मलाई वर्किङ भिषा पठाएको हुदाँ म वैदेशिक रोजागरीमा जानको टुर्स एण्ड ट्राभल्समा काम गर्ने सरोज कुमार यादवलाई मेरो नामको राहदानी दिएको थिए । निजले श्रम स्वीकृत र टिकट बुकिङ गर्न समय लाग्छ तपाईको मेडिकल पास गरे पछि आउनु होला भनि मेरो राहादानी निजले नै राखेका थिए । मेरो अरु सवै कागजात तयार भई मेरो टिकट र श्रम स्वीकृत लिन जादाँ, निज सरोज कुमार यादवलाई निजले काम गर्ने And Holidays Tours And Travels मा जादाँ निज सरोज कुमार यादवले नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृती समेतका कागजात बनाई अध्यागमन बिभागका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई भिजिट भिषामा विदेश पठाउने कार्य गरेकोले निजलाई प्रहरी पक्राउ गरी लिई आएको भन्ने थाहा पाएको हुँ । निजले नक्कली कागजात बनाउन लगाई भिजिट भिषामा कुवेत दुवई, मलेसिया कतार जस्ता देशहरुमा पठाउने कार्य गर्छन भन्ने कुरा मलाई थाहा थिएन । टिकट र श्रम स्वीकृत बनाउनको लागी मेरो राहादानी

दिएको थिए । निजबाट मैले अन्य कुनै कागजात बनाएको छैन । यसरी विदेश जान लागेका व्यक्तिहरुसँग मोटो रकम लिई निजहरुको नामको नक्कली पुलिस रिपोर्ट, नक्कली श्रम स्वीकृत नक्कली बैक स्टेटमेण्ट लगायतका कागजतहरु बनाई सोही नक्कली कागजातबाटै अध्यागमन कार्यालयका कर्मचारीहरु समेतसँग सेटिङ मिलाई मिलिमतोमा भिजिट भिषामा विदेश पठाउने कार्य गर्ने निज सरोज कुमार यादव समेतका प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनुपर्छ । मेरो भिषा समेत आई सकेको हुदाँ, म वैदेशिक रोजगारीमा जान पर्ने भएकोले प्रतिवादी सरोज कुमार यादवको साथबाट बरामद भई आएको म सुवन्ची मण्डलको नामको ०२७७०८४ नं.को राहादानी जिम्मा बुझि पाउँ भनि जिल्ला प्रहरी परिसर टेकु काठमाण्डौंमा निवेदन दिएकोले जिल्ला प्रहरी परिसर काठमाण्डौबाट मेरो नामको उक्त राहादानी जिम्मा लगाउदा जिम्मा बुझि लिए । पक्राउमा परेका प्रतिवादीहरुले संगठित रुपमा संगठन बिस्तार गरि नक्कली किर्ते कागजात पुलिस रिपोट, स्वीकृती लगायतका कागजातहरु संजाल बिस्तार गरी सेटिङ मिलाई सोही सोही नक्कली कागजातबाट बिभिन्न देशहरुमा भिजिट भिषा पठाउने काम गर्ने प्रतिवादी सरोज कुमार यादव समेतका सम्पुर्ण प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही हुनु पर्छ, भन्ने समेत ब्यहोराको सुवन्ची मण्डलले गरेको घटना बिवरण कागज ।

४३. मैले होटल बाल्टिक ईनमा सन २०२२ देखी २०२३ साल सम्म गरी १ बर्ष ६ महिना जति काम गरेको हुँ । उक्त होटलमा काम गर्दा मैले कुकको काम गर्ने गर्थे । हाल मैले उक्त होटलमा काम छोडी अन्यत्र काम गर्ने गर्छु । काम छोडेको ६ महिना जति भयो । सो होटलमा नोकरी गर्ने कर्मचारी १६ जना छन । सो होटल बिमल थापा, क्यामुना शाही, मिरा गिरी पाण्डे र मन्जु डंगोल खड्काको नाममा दर्ता छ । निजहरुको नाममा होटल भए पनि सो होटलको सम्पुर्ण जिम्मेवारी मन्जु डंगोल खड्काको श्रीमान आशिष भन्ने केदार बहादुर खड्का र मिरा गिरी पाण्डेको श्रीमान रमेश बहादुर पाण्डेले संचालन गर्दै आएका छन । सो होटल बाल्टिक ईनको काउण्टरमा काम गर्ने स्टापहरुमा पहिला दिपक रावत र गिता जैसी बस्ने गर्थे, हाल उक्त काउण्टरमा के को बस्छ मलाई थाहा भएन । मैले उक्त होलमा काम गर्न छाडेको ६ महिना जति भयो । मैले सो होटलमा काम गर्ने क्रममा सो होटलका साहु आशिष भन्ने केदार बहादुर खड्काले तिमीले कुनै बैकमा खाता खोली संचालन गरेका छौ,छैनौ भनि सोधेकोले मैले खाता खोलेको छु भने पछि चेक छ, छैन भनि सोधेकोले चेक छ भन्दा निजले चेक ल्याएर आउ भनेकोले मैले मेरो नाममा खाता संचालन रहेको ग्लोवल आईएमई बैकको

खाता नं.१५५०७०१००१६९६८ भएको चेक ल्याए पछि निजले उक्त चेकको फोटो खिचेका थिए । सो पश्चात २/३ दिन पछि तिम्रो खातामा पैसा आएको छ मेरो मान्छेले पठाएको रकम हो बैकमा गई निकालेर ल्याउँ भन्थे मैले निजले भने बमोजिम निजका आफन्तहरुले मेरो बैक खातामा पठाएको उक्त रकम म आफै बैकमा गई बैकबाट निकाली ल्याई निज केदार बहादुर खड्कालाई दिन्थे, र कहिले काही काउण्टरमा छोड्न भनेकाले काउण्टरमा दिई केदार बहादुर खड्का सरको पैसा हो भनि जानकारी दिन्थे । प्राय जसो मेरो खातामा पैसा आउदा कम्पनीको नाम ,ट्राभल्सको नाम र ब्यक्तिको नाममा खाता रहेका नाम उल्लेख गरेको खाताबाट पैसा आउथ्यो । उक्त रकम पठाउने कम्पनी, ट्राभल्स तथा ब्यक्तिको नाम हाल मलाई एकिन याद भएन । मैले उक्त होटलमा काम गर्दा प्राय जसो निज केदार बहादुर खड्काले १/२ दिनको अन्तरमा मेरो खातामा अन्य ब्यक्तिहरु मार्फत रकम जम्मा गर्न लगाउने र सो खाताबाट रकम निकाल्न लगाई आफुले लिने गर्थे । म उक्त होटलमा काम गर्ने कामदार भएको नाताले साहुले लाए अह्राए बमोजिम काम गर्न पर्ने बाध्यता भएकोले निजले जे भन्थे मैले निजले भने बमोजिम काम गर्ने गर्थे, मैले निजको उक्त होटलमा काम छोडेको ६ महिना जति भयो । हाल मैले बालुवाटार स्थित होटलमा कुकको काम गर्छु । मैले होटल बाल्टिक ईनमा काम छोड्नु भन्दा १/२ महिना अगाडीबाट मात्र निज केदार बहादुर खड्काले मेरो बैक खाता प्रयोग गरेका हुन । निजले मेरो बैक खाता प्रयोग गरे देखि १/२ महिनाको अबधीमा निजले भने बमोजिम मेरो नामको बैक खातामा अं.५० लाख रुपैया जति मेरो खातामा पठाउन लगाई सो रकम मेरो बैक खाताबाट निकाल्न लगाई निजले लिएका छन । उक्त रकम मैले मेरो खाताबाट निकाली निज केदार बहादुर खड्कालाई र निजले भने बमोजिम काउण्टरमा दिने गर्थे, निजले के कुन काम गरे बापत उक्त रकम लिएका हुन सो बारे मलाई थाहा छैन । प्राय जसो निजको होटलमा निमा छिरिङ टुर एण्ड ट्राभल्सका संचालक मनोज तामाङ र अध्यागमनका कर्मचारीहरु आउने गर्थे । केदार बहादुर खड्का, अध्यागमन कर्मचारी र मनोज तामाङ तथा अन्य ब्यक्तिहरु समेत भई धेरै समय सम्म कुराकानी गरी बस्ने गर्थे । निजहरु बिच के कुन कारोवारको बिषयमा कुराकानी हुने गर्थ्यो सो बारेमा मलाई केही थाहा भएन । निज केदार बहादुर खड्काले होटल संचालन सँगै भिजिट भिषामा जाने ब्यक्तिहरुको सेटिङ मिलाउने काम गर्छन भन्ने कुरा सोही होटलमा काम गर्ने कर्मचारीले भने पछि सो बारेमा थाहा पाएको थिए । निज केदार वहादुर खड्काले बिभिन्न ब्यक्तिहरु मार्फत मेरो खातामा पठाएको

रकम निजले अध्यागमन कर्मचारी र टुर एण्ड ट्राभल्सका कर्मचारीहरुसँग सेटिङ मिलाई आफुले लिएको रकम हुनुपर्छ । निजले यसरी अध्यागमन कर्मचारी र टुर एण्ड ट्राभल्सका कर्मचारीहरुसँग सेटिङ मिलाई विदेश पठाउने काम धेरै पहिले देखी गर्थे, मेरो खाता प्रयोग गर्नु भन्दा पहिले निजले के कसको बैक खाता प्रयोग गर्थे सो बारे मलाई केही थाहा भएन । निजले म जस्तै काम गर्ने अन्य कर्मचारीहरुको पनि खाता प्रयोग गरेको हुनु पर्छ, मेरो बैक खातामा जम्मा हुन आएको रकम प्राय जसो मैले मेरो नामको चेकबाट म आफै बैकमा गई निकाल्ने र उक्त रकम ल्याई जस्ताको तस्तै काउण्टरमा दिने गर्थे भन्ने समेत ब्यहोराको पाल्देन शेर्पाले गरेको घटना बिवरण कागज ।

४४. प्रतिवेदक प्रहरीहरुलाई मैले चिनेको छैन । प्रतिवादीहरु मध्येका हाल पक्राउमा परेका नरविर खड्कालाई मात्र चिन्छु । अन्य प्रतिवादीहरुलाई चिन्दैन । प्रतिवादी नरविर खड्का मेरै जिल्लाका जिल्ला बासी भएकोले निजलाई मैले चिन्दछु । मेरो घरायसी समस्या परी रु.१६,०००।- (अक्षेरुपी सोह्र हजार) रुपैयाको आबश्यकता परेको हुदाँ मैले चिनेजानेको र जिल्ला वासी भएकोले निज नरविर खड्कासँग सापटी मागेको थिए । निजले मलाई तपाईको बैक खातामा पठाई दिन्छु, खाता नंम्बर दिनुहोस भनेकोले मैले मेरो नाममा रहेको लक्ष्मी सनराईज बैकको QR कोर्ड निजले चलाउने फेसबुक म्यासेन्जरमा पठाएको थिए । सो पश्चात निजले रु.१६,०००।- (सोह्र हजार) रुपैया मेरो उक्त बैक खातामा पठाएका हुन । सो रकम भन्दा अन्य रकम निजसँग सापटी मागेको पनि छैन र उक्त रु.१६,०००।- ( सोह्र हजार) रुपैया नगदै फिर्ता दिई सकेको छु, ब्यहोरा ठिक छ, फरक छैन फरक पारी झुटा ब्यहोरा लेखी लेखाएको ठहरे कानून बमोजिम सहुला बुझौला भनी महेश कुमार गुरुङले गरेको घटना विवरण कागज ।

४५. मैले कुरियरको ब्यबसाय गरी बसेको छु । होटल बाल्टिक ईनका संचालक मन्जु डंगोल खड्का, मिरा गिरी पाण्डे समेतले संचालन गरी बसेका छन । मन्जु डंगोल खड्का मेरो भाउजु हुनु । अन्य संचालकहरुलाई मैले चिन्दैन, उक्त होटलमा मेरो दाजु आशिष भनि चिनिने केदार वहादुर खड्का समेत बस्ने गर्नु हुन्थ्यो । म कहिले काही होटलमा जाने गर्थे, प्रतिवादीहरु गिता साह, अरुण दाहाल, सरोज कुमार यादव, नरविर खड्का, पदम लामा, मनोज तामाङ, राम प्रसाद भण्डी, रविन अर्याल, दिनेश ज्ञवाली, बिनोद कार्की र वारदातमा संलग्न रही हाल सम्म फरार रहेका प्रतिवादीहरु कौशिला मगर, लक्ष्मी राई, रिता दमाई, कुशल बराल, शैलेन्द्र

ढकाल, बिमल पौडेल, बिष्णु अर्याल भन्ने बिष्णु प्रसाद आचार्य, विकाश डंगोल, पिताम्वर रिमाल, सुजन फागो, तारा बहादुर कुँवर र केदार बहादुर खड्का समेतका प्रतिवादीहरुले एक आपशमा मिलेमतो गरी एजेन्ट, अनलाईन सेवामा काम गर्ने ब्यक्ति, टुर एण्ड ट्राभल्स संचालक तथा अध्यागमन कार्यालयका अधिकृतहरु समेतको योजना तथा मिलेमतोमा संजाल बनाई संगठित रुपमा श्रम स्वीकृती, प्रहरी रिपोर्ट, बैक स्टेटमेण्ट लगायतका कागजातहरुको हु-बहु नक्कली कागजात तयार गरी सोही नक्कली कागजातबाट भिजिट भिषामा बिभिन्न देशहरुमा पठाउने कार्य गरेको भन्ने कुरा समाचार र टेलिभिजनमा देखी सुने पछि वारदातको वारेमा थाहा पाएको थिए । यस मुद्धामा संलग्न रही हाल फरार रहेका आशिष भन्ने केदार बहादुर खड्का मेरो माईलो दाजु हुन । हामीहरु  चार जना दाजुभाई हौ, जेठो दाजु पहाडको घरमा हुनुहुन्छ, साईलो दाई विदेशमा हुनु हुन्छ, म कान्छो भाई हुँ, हामीहरु सवै दाजु भाई भिन्न भिन्न बस्दै आएका छौ । हाम्रो पहाड घर जिल्ला संखुवासभा धर्मदेवी  नगरपालिका वडा नं.९ स्थायी घर हो । हाल मेरो माईलो दाजु आशिष भन्ने केदार बहादुर खड्काले काठमाण्डौ जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.९ सिनामंगल स्थित आफ्नै घर बनाई बस्नु भएको छ । आशिष भन्ने केदार बहादुर खड्काको वास्तविक नाम केदार बहादुर खड्का हो । पक्राउमा परेका प्रतिवादीहरु तथा फरार रहेका प्रतिवादीहरु गिता साह, अरुण दाहाल, सरोज कुमार यादव, नरविर खड्का, पदम लामा, मनोज तामाङ, राम प्रसाद भण्डारी, रविन अर्याल, दिनेश ज्ञवाली, बिनोद कार्की र वारदातमा संलग्न रही हाल सम्म फरार रहेका प्रतिवादीहरु कौशिला मगर, लक्ष्मी राई, रिता दमाई, कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, बिष्णु अर्याल भन्ने बिष्णु प्रसाद आचार्य, विकाश डंगोल, पिताम्वर रिमाल, सुजन फागो, तारा बहादुर कुँवर र केदार बहादुर खड्का समेतले नक्कली कागजात तयार गरी सोही नक्कली कागजातबाट बिभिन्न भुमिकामा रही एजेन्ट देखी अध्यागमन कार्यालयका अधिकृतहरु समेतको मिलिमतोमा संगठित भई नक्कली कागजात तयार गरी सोही नक्कली कागजात बाटै सेटिङ मिलाई बिभिन्न देशहरुमा भिजिट भिषामा पठाउने कार्य गर्ने प्रतिवादीहरुलाई कानून बमोजिम हुनुपर्छ भन्ने व्यहोराको दिपेन्द्र खड्काले गरेको घटना विवरण कागज ।

४६. "Using the ESS, an evidence-based, normed and standardarised protocol for test data analysis, the granr rotal score of-10 exceeds the required cut score of-8 for deceptive classifications.the lavel of statistical significance, is collected at p=0.011 which is less than the required alpha boundry (α=.05), and indicates that only a small proportion of thuthful persons (0.11%) can be expected to produce a lower test

score.these results support the conclusion that there is DECEPTION INDICATED by the physiological responces to the test stimulus question durning this examination." भन्ने व्यहोरा उल्लेख गरी प्राप्त हुन आएको परिक्षण प्रतिवेदन ।

४७. प्रहरी प्रतिवेदन जाहेरीले वादी नेपाला सरकार प्रतिवादी जिल्ला मोरङ साविक हसन्दह गा.बि.स.वडा नं.६ परिवर्तित ऐ.पथरी शनिश्चरे नगरपालिका वडा नं.६ घर भई हाल जिल्ला ललितपुर महालक्ष्मी नगरपालिका वडा नं.४ ईमाडोल बस्ने विनोद कार्की समेत भएको लिखत सम्बन्धी कसुर मुद्धामा अनुसन्धानको क्रममा रहेका निज प्रतिवादी विनोद कार्की उपर यस बिभागबाट समेत सम्पत्ती सुद्धिकरण (मनि लाउण्डरिङ) सम्बन्धी कसुरमा प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान कार्य भईरहेको हुदाँ निज विनोद कार्की ताहाँ कार्यालयबाट छुटी जाने भए सम्पत्ती सुद्धिकरण सम्बन्धी कसूरमा बयान कार्यको लागी यस बिभागमा उपस्थित गराई दिनु हुन अनुरोध गरिएको छ भन्ने ब्यहोराको सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको पत्र।

४८. यस कार्यालयको चलानी नं.७२३० मिति २०८०।०८।२२ गतेको पत्र द्वारा कौशिला मगर र लक्ष्मी राईको नामको पुलिस रिपोर्ट के कसको नाममा जारी भएको छ भनि श्री प्रहरी प्रधान कार्यालय कार्य एवम अ.अ. बिभाग चालचलन शाखा नक्साल काठमाण्डौमा लेखापढी गरिएकोमा तालुक श्री नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान बिभाग नक्साल काठमाण्डौंको चलानी नं.९०५४ मिति २०८०।०९।१३ गतेको पत्र प्राप्त हुदाँ, कौशिला मगर र लक्ष्मी राईको चारित्रीक प्रमाण पत्र यस कार्यालयबाट जारी नभई सिन्धुली सिथौली-८ स्थायी वतन भएको रुद्र खत्रीको छोरा भोज बहादुर खत्रीको नाममा जारी भएको अभिलेखबाट देखिन आएको भन्ने समेत ब्यहोराको नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान बिभाग नक्साल काठमाण्डौंको पत्र ।

४९. यस कार्यालयको चलानी नं.७२३१ मिति २०८०।०८।२२ गतेको पत्र द्वारा कौशिला मगर र लक्ष्मी राईको नामको पुलिस रिपोर्ट को-कसको नाममा प्रमाणित भएको छ भनि कन्सुलर सेवा बिभागमा लेखापढी गरिएकोमा, कन्सुलर सेवा बिभाग काठमाण्डौ चलानी नं.CSCADM 80010914 मिति २०८०।०९।०१ गतेको पत्र प्राप्त हुदाँ लक्ष्मी राई र कौशिला मगरको नामको police Clearance Certificates यस कार्यालयबाट प्रमाणित भए नभएको रेकर्ड अनुसार Reg No.NS 230707405 मिति २०२३-०७-०७ मा प्रमाणित भएको police Clearance Certificates भोज बहादुर खत्रीको नाम रहेको जानकारीको लागी अनुरोध भन्ने समेत ब्यहोराको कन्सुलर बिभागको पत्र।

५०. यस कार्यालयको चलानी नं.६९४२ मिति २०८०।०८।२० गतेको पत्रबाट कल डिटेल्स बिवरणको लागी सम्मानित अदालतबाट अनुमती लिई सेवा प्रदायक संस्थाबाट कलडिटेल्स मगाई बिश्लेषण गर्दा पक्राउमा परेका प्रतिवादी नरविर खड्काले प्रयोग गर्ने ९८५८०४३०५२ बाट हाल फरार रहेका प्रतिवादी तारा बहादुर कुँवरले प्रयोग गर्ने ९८५१२३६९९५ नंम्बरमा फोन संम्पर्क भएको देखिएको, प्रतिवादी सरोज कुमार यादवले प्रयोग गर्ने मोबाईल नं.९८१८६७९०२४ बाट फरार प्रतिवादी तारा बहादुर कुँवरले प्रयोग गर्ने ९८५१२३६९९५ नंम्बरमा फोन संम्पर्क भएको देखिएको, सरोज कुमार यादवले नै प्रयोग गर्ने गरेको अर्को मोबाईल नं.९८११८३१११० बाट प्रतिवादी अरुण दाहालले प्रयोग गर्ने ९८२३२८०३०४ मा र नरविर खड्काले प्रयोग गर्ने ९८५८०४३०५२ मा फोन संम्पर्क भएको देखिएको, गिता साहले प्रयोग गरेको ९८२८९१७३१४ बाट अरुण दाहालले प्रयोग गर्ने गरेको ९८१८९७६६९६ मा सम्पर्क भएको देखिएको, प्रतिवादी अरुण दाहालले प्रयोग गर्ने ९८२३२८०३०४ बाट प्रतिवादी सरोज कुमार यादवले प्रयोग गर्ने ९८११८३१११० मा फोन संम्पर्क भएको कलडिटेल्सबाट देखिन्छ भनि कल डिटेल्स बिश्लेषण गरी पेश गरेको प्रहरी प्रतिवेदन ।

५१. बिभिन्न एयरलाईन्सको उडान द्वारा पर्यटक प्रवेशाज्ञा लिई बिभिन्न देश प्रस्थान गर्न लागेका ब्यक्तिहरुलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थान एरियामा चेकजाँच गर्दा निजहरुको हवाई यात्रा अनुमती समेतका कागजातहरु शंकास्पद देखिएको तथा सम्बन्धित एयरलाईन्सका कर्मचारीहरुसँग समन्वय गर्दा समेत आबश्यक कागजातहरु पुरा भएको नदेखिएको निज यात्रुहरुको कागजातहरु नियन्त्रणमा लिई आबश्यक अनुसन्धानको लागी राहादानी सहितको कागजातहरु पठाईएको भन्ने समेत ब्यहोराको काठमाण्डौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौंलाई सम्बोधन गरी त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाण्डौंको च.नं.१०८४ मिति २०८०।०७।१५ गतेको पत्र प्राप्त भए पश्चात् अनुसन्धान प्रारम्भ भएको, प्रस्तुत मुद्धामा पुलिस रिपोर्ट तथा श्रम अनुमतिको सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय कार्य एवम अ.अ.बिभाग चालचलन शाखा काठमाण्डौं, कन्सुलर सेवा बिभाग त्रिपुरेश्वर काठमाण्डौं, वैदेशिक रोजगार कार्यालय ताहाचल काठमाण्डौंलाई पत्राचार गर्दा नेपाल प्रहरी प्रधान कार्यालय कार्य एवम अ.अ.बिभाग नक्साल काठमाण्डौको चलानी नंम्बर ९०५४ मिति २०८०।०९।१३ गतेको पत्र प्राप्त हुदाँ कौशिला मगर र लक्ष्मी राईको नाममा चारित्रिक

प्रमाण पत्र चेक जाँच गरी हेर्दा निजहरुको नाममा यस कार्यालयबाट जारी नभई सिन्धुली सिथौली-८ स्थायी वतन भएको रुद्र खत्रीको छोरा भोज बहादुर खत्रीको नाममा जारी भएको अभिलेखबाट देखिएको भन्ने ब्यहोराको नेपाल प्रहरी प्रधान कार्यालय कार्य एवम् अ.अ.बिभाग नक्साल काठमाण्डौको पत्र ।

५२. प्रतिवादी अरुण कुमार दाहालले संचालन गरेको दाहाल अनलाईन सेवा नामको अफिस कोठाबाट बरामद भएको Siddhartha Bank Ltd को Siddhartha Bank लेखेको छाप बरामद भएको हुदाँ उक्त छाप Siddhartha Bank Ltd को छाप हो/होईन यकिन गरि खुलाई पठाई दिनु हुन भनि सिद्धार्थ बैक लिमिटेड केन्द्रिय कार्यालय नक्साल काठमाण्डौमा लेखापढी गरिएकोमा सिद्धार्थ बैक लिमिटेड नक्साल काठमाण्डौको चलानी नंम्बर SBL/COM / 080/81/3017 मिति २०८०।१०।०४ गतेको पत्र प्राप्त हुदाँ नमुना छाप र यस कार्यालयको छाप (Bank Stamp ) एक आपसमा भिडाउँदा तहाँको पत्रसँग संलग्न गरी पठाईएको छाप यस बैंकको आधिकारीक छाप जस्तो हु-बहु देखिने नक्कली छाप भएको ब्यहोरा जानकारी गराउदछौ । साथै यस बैकको आधिकारीक छाप जस्तो हु-बहु देखिने नक्कली छाप बनाई प्रचलित बैकिङ कसुर तथा सजाँय ऐन,२०६४ बिरुद्धको कार्य भई आपराधिक कार्य भएको देखिन आएकोले यस बैकको आधिकारीक छाप नक्कल गरी कार्य गर्ने उपर प्रचलित कानून बमोजिम आबश्यक अनुसन्धान र कारवाही प्रकृया अगाडी बढाउनु हुन यसै पत्र मार्फत अनुरोध गर्दछौ भन्ने ब्यहोराको सिद्धार्थ बैक लिमिटेड नक्साल काठमाण्डौको पत्र ।

५३. प्रतिवादी सरोज कुमार यादवको साथबाट बरामद भएको सानिमा बैक लिमिटेडको Sanima Bank Limited Alkapuri Naxal Kathmandu लेखिएको छाप थान-१ र TC/CASH Issued On Against, Sanima Bank Limited Alkapuri Naxal Kathmandu लेखिएको छाप थान-१ गरी २ थान छाप सम्बन्धित कार्यालयको हो/होईन भनि सानिमा बैक लिमिटेड केन्द्रिय कार्यालय नक्साल काठमाण्डौमा लेखापढी गरिएकोमा सानिमा बैक लिमिटेडको चलानी नं.COMP/1447/2080/81 मिति २०८०।१०।०५ गतेको पत्र प्राप्त हुँदा Sanima Bank Limited Alkapuri Naxal Kathmandu लेखिएको छाप थान-१ र TC/CASH Issued On Against, Sanima Bank Limited Alkapuri Naxal Kathmandu लेखिएको छाप थान-१ गरी २ थान छापको नमुना अनुसार हेर्दा उक्त छाप यस सानिमा बैकबाट जारी भएको छापसँग मिल्ने नदेखिएको ब्यहोरा अनुरोध गर्दछौ भन्ने ब्यहोराको सानिमा बैकको पत्र ।

५४. यस कार्यालयको चलानी नं.७९६३, मिति २०८०।०९।०८ गतेको पत्र द्वारा प्रतिवादी मनोज तामाङको नामको बैक स्टेटमेण्ट माग गरिएकोमा  ज्योति बिकाश बैक लिमिटेडको चलानी नं.७९१ मिति २०८०।०९।११ गतेको पत्र साथ प्राप्त भएको बैक स्टेटमेण्ट Analysis गरी हेर्दा मनोज तामाङले (सन १०-०४-२०२० देखी १२-३१-२०२३) उक्त बैक खाताबाट रु.४८,२५,४८,७९७.२४।— (अढचालिस करोड पच्चिस लाख अढचालिस हजार सात सय सन्तानब्वे रुपैया चौविस पैसा) बराबरको करोवार भएको बैंक स्टेटमेण्टवाट देखिएको ।

५५. निज प्रतिवादीहरु गिता शाह, अरुण दाहाल, सरोज कुमार यादव, नरविर खड्का, मनोज तामाङ, पदम लामा, राम प्रसाद भण्डारी, बिनोद कार्की, दिनेश ज्ञवाली, कौशिला मगर, लक्ष्मी राई, रिता दमाई, आशिष भन्ने केदार बहादुर खड्का, अध्यागमन कार्यालयका अधिकृतहरु कुशल बराल, तारा बहादुर कुँवर, शैलेन्द्र ढकाल, बिमल पौडेल, बिष्णु अर्याल भन्ने बिष्णु प्रसाद आचार्य, विकाश डंगोल, पिताम्बर रिमाल र सुजन फागो समेतले **लिखत सम्बन्धी कसूरतर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१) र (२) बमोजिम लिखत किर्तेको कसूर गरेको** पुष्टि हुन आएकोले निज प्रतिवादीहरुलाई सोही संहिताको दफा २७६ को उपदफा (३) देहाय (ग) बमोजिम सजाय हुन र निज प्रतिवादीहरुलाई **संगठित अपराध सम्बन्धी कसूरतर्फ संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तथा दफा ५** बमोजिमको कसूर गरेको पुष्टि भएकोले उक्त कसूर गरेकोमा निज प्रतिवादीहरुलाई **सोही ऐनको दफा ९(क) र ९(ग) बमोजिम सजाय गरी प्रतिवादीहरुबाट बरामद नगद रु.२,००,०००।— (दुई लाख) संगठित अपराध निवारण ऐन, २०७० को दफा ५१ बमोजिम र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम जफत हुन,** प्रतिवादी रविन्द्र अर्याल भन्ने रविन अर्यालले सह-प्रतिवादी दिनेश ज्ञावली र राम प्रसाद भण्डारी समेतलाई प्रस्तुत कसूरमा सहयोग पुऱ्याएकोले **निज प्रतिवादी रविन्द्र अर्याल भन्ने रविन अर्याललाई मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१) र (२) बमोजिम लिखत किर्ते तथा संगठित अपराध निवारण ऐन, २०७० को कसूरमा मतियारको भूमिका निर्वाह गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (१) र उपदफा (२) बमोजिमको कसूर गरेको देखिंदा निज प्रतिबादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (३) देहाय (ग) बमोजिम तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) र ९(ग) बमोजिम सजाय हुनु पर्नेमा निज प्रतिवादी रविन्द्र अर्याल भन्ने रविन**

**अर्याललाई मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (३)(ख) बमोजिम सजाय हुन र** अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउ भन्ने अभियोग मागदाबी ।

५६. मिसिल संलग्न प्रहरी प्रतिवेदन बेहोराहरु पढिवाची सुनाउदाँ सुनी पाँए। प्रतिवेदन बेहोरामा उल्लेखित कौशिला मगर र लक्ष्मी राईलाई मैले चिनेको छैन। निजहरुले भने बमोजिमको कुनै काम मैले गरेको छैन । मैले निजले भने बमोजिमको काम गरेको छैन । निज गिता शाहीको श्रीमानले निजको मोबाईलबाट कहिले काही फोन गर्ने गरेको कारण सामान्य चिनजान भएकोसम्म हो। सह प्रतिवादी सरोज यादव भल्स एजेन्सीमा काम गर्ने व्यक्ति हुन् निजले काम गर्ने ट्राभल कम्पनी मेरो रेष्टुरेन्ट नजिकै भएको कारण निससँग पनि सामान्य चिनजान भएको हो। मेरो सह प्रतिवादी गिता शाहीसंग फोनसम्पर्क भएको देखिएकोले सोही फोन सम्पर्कलाई लिएर म उपर आरोप लागेको हुन सक्छ। मेरो निजको श्रीमान नरेश साहसँग चिनजान थियो। निज नरेशले आफ्नो श्रीमतीको फोनबाट मलाई कहिलेकाही फोनसम्पर्क गर्ने गर्नुहुन्थ्यो। सोही सिलसिलामा मेरो फोन र निजको फोनको संवाद देखिएको हो। दाहाल अनलाईन सेवा दिषक के सी. र म समेत भई संचालन गरेको कम्पनी हो । हाल उक्त अनलाईन सेवा बन्द भैसकेको छ। मेरो साथबाट १९ थान कने पासपोर्ट, ल्यापटप-२, प्रिन्टर-२ मात्रै वरामद भएको हो। नागरिकता बरामद भएको होईन। मेरो साथवाट दाहाल अनलाईन सेवा नामको भिजिटिङ कार्ड बरामद भएका कारण अनलाईन अफिसको कुरा उल्लेख भएको हो भन्ने व्यहोराको प्रतिवादी अरुण दाहालले यस अदालतमा गरेको बयान ।

५७. मिसिल संलग्न प्रहरी प्रतिवेदन बेहोराहरु पढिवाची सुनाउदाँ सुनी पाँए। भिजिट भिषामा जान ईच्छुक व्यक्तिहरुले अध्यागमन कार्यालयले तोकिए बमोजिमका कागजातहरु तयार पारी विदेश जाने गर्दछन। निजहरुले तोकिएका कागजातहरु पेश नगरेको खण्डमा अध्यागमन कार्यालयले निजहरुलाई प्रस्थान अनुमति दिने गरेको छैन। अध्यागम ऐन, नियमावली र कार्यविधि र तोकिएको मापदण्डको आधारमा सफ्टवेयर प्रणालीमार्फत प्रस्थान अनुमति पाउने हो। मेरो डिउटी सफ्टवेयर प्रणालीमार्फत डिउटी सुरुहुनु भन्दा आधा घण्टा अगाडी मोबाईलमा सन्देश आउछ र सो अनुसार डिउटी गर्ने गरेको छु। मैले कोही कसैसंग भिजिट भिषामा जाने व्यक्ति र तिनिहरुको टिकट काट्ने ट्राभल एजेन्सीसंग कुनैपनि किसिमको नक्कली कागजात बनाउने र सो आधारमा प्रस्थान अनुमति दिई आर्थिक लाभ लिने गरेको छैन । कोही कसैलाई रकम

उठाउन लगाएको पनि छैन । मैले कुन गलत कार्य नगरेको हुँदा मैले अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भन्ने व्यहोराको प्रतिवादी नरविर खड्कालेे यस अदालतमा गरेको बयान ।

५८. लक्ष्मि राईलाई तिहारमा फूल बेच्ने क्रममा चिनजान भएको हो । पहिला मेरो श्रीमान नरेश शाह हिमारफ ओभरसिजमा काम गर्नुहुन्थ्यो । उहाँ विदेश गइसकेपछि उहाँले भने वमोजिम विदेश नजाने सम्बन्धित व्यक्तिहरुको नागरिकता र ३ थान पासपोर्ट फिर्ता गर्नाका लागि झोलामा राखेको अवस्थामा मेरो घरवाट वरामद भएको हो । अरुण दाहाल संग मेरो कुराकानी भएको छैन मेरो मोवाइलबाट मेरो श्रीमानले कुराकानी गर्नु भएको होला । प्रस्तुत लिखत किर्ते र संगठित अपराध सम्बन्धी कसूरमा मेरो कुनै संलग्नता रहेको छैन । मैले अनुसन्धान अधिकारी समक्ष गरेको बयान व्यहोरा पढी वाँची सुनी पाँए । मैले अनुसन्धानमा गरेको वयान व्यहोरा मैले भने वमोजिम लेखिएको छैन उक्त व्यहोरामा भएको लक्ष्मि राईको नामको पुलिस रिपोर्ट श्रम स्वीकृति लगायत प्लेन टिकट अरुण दाहाललाई दिएको भन्ने समेत व्यहोरा झुट्टा हो । उक्त मैले मौकामा गरेको वयान व्यहोरामा मलाई जवरजस्ती सहिछाप गर्न लगाइएको हो । मैले कसैको नक्कली कागजात बनाउने कार्य गरेको छैन सो वापत कुनै रकम वा लाभ लिएको समेत छैन । नक्कली कागजात बनाएर मानिसहरुलाई विदेश पठाउने कार्यमा मेरो कुनै संलग्नता रहेको छैन। मिसिलसंलग्न प्रतिवादी अरुण दाहालले मौकामा अनुसन्धान अधिकारी समक्ष गरेको वयान व्यहोरा बढिवाँची सुनाउँदा सुनी पाए, देखी पाए। उक्त बयान व्यहोरा झुट्टा हो । मैले कसैको नक्कली कागजात बनाउने कार्य गरेको छैन सो वापत कुनै रकम वा लाभ लिएको समेत छैन । नक्कली कागजात बनाएर मानिसहरुलाई विदेश पठाउने कार्यमा मेरो कुनै संलग्नता रहेको छैन भन्ने व्यहोराको प्रतिवादी गिता शाहले यस अदालतमा गरेको बयान ।

५९. मिसिल संलग्न पत्रहरु तथा प्रतिवेदनहरु पढिवाची सुनी पाएँ। मैले अरुण दाहाल र खड्का सरलाई बाहेक अरु कसैलाई चिन्दिन अरु केही थाहा पनि छैन । म And holidays Tour and Travels को संचालक पनि होइन And holidays Tour and Travels मा टिकट काट्ने काम र गेष्टहरु आउदा चिया, खाजाको व्यवस्था गर्ने काम गर्थे । प्रस्तुत लिखत किर्ते र संगठित अपराध सम्बन्धी कसूरमा मेरो कुनै संलग्नता रहेको छैन । And holidays Tour and Travels अर्जुन कुमार यादव हुन् । मैले उक्त ट्राभलमा काम गर्न थालेको करिब एक वर्ष जति भयो । मैले अनुसन्धान अधिकारी समक्ष गरेको बयान व्यहोरा पढी वाँची सुनी पाँए । मैले अनुसन्धानमा गरेको बयान व्यहोरा मैले भने बमोजिम लेखिएको छैन टिकट काट्नको लागि भनी अरुण दाहाल सर आउनु हुन्थ्यो

। म टिकट काट्ने अनि खाजाको व्यवस्था मात्र गर्थे अरु अनुसन्धान अधिकारी समक्ष गरेको भनिएको कुरा झुट्टा हो । उक्त मैले मौकामा गरेको बयान व्यहोरामा मलाई जबरजस्ती सहिछाप गर्न लगाइएको हो । मैले कसैको नक्कली कागजात बनाउने कार्य गरेको छैन सो वापत कुनै रकम वा लाभ लिएको समेत छैन भन्ने व्यहोराको प्रतिवादी सरोज कुमार यादवले यस अदालतमा गरेको बयान ।

६०. मिसिल संलग्न पत्रहरु तथा प्रतिवेदनहरु पढिवाची सुनी पाएँ । म निमा छिरिङ टुर एण्ड ट्राभल्समा काम गर्छु । मनोज तामाङ उक्त ट्राभल्सको संचालक हुनुहुन्छ । मैले मनोज तामाङ सरलाई मात्र चिन्दछु । मनोज तामाङ र नरवीर संगको चिनजान रहेछ । मिति २०८०/०८/२६ गते मनोज तामाङले नरविर खड्कालाई एक/एक लाख भएको २ गड्डी रु. २ लाज रुपैया दिई यो पैसा लगी एयरपोट नजिक रहेको होटल बाल्टिक ईनको काउण्टरमा लगि छोडि दिनु भनी पठाएकोले मैले उक्त दुई लाख रुपैया होटलमा पुर्‍याएको हुँ । अन्य कुरा मलाई थाहा छैन । प्रस्तुत लिखत किर्ते र संगठित अपराध सम्बन्धी कसूरमा मेरो कुनै संलग्नता रहेको छैन भन्ने व्यहोराको प्रतिवादी पदम लामाले यस अदालतमा गरेको बयान ।

६१. मिसिल संलग्न प्रहरी प्रतिवेदन बेहोराहरु पढिवाची सुनाउदाँ सुनी पाँए। मेरो ट्राभल एजेन्सी कम्पनी छ। उक्त कम्पनीले विदेश जाने मानिसहरुको टिकेट काट्ने काम गर्छ। मेरो कम्पनीले भिजिट भिषामा मानिसहरुलाई विदेश पठाउने काम गरेको छैन। मैले हालसम्म कुनै पनि मानिसको नक्कली कागजात बनाएको छैन र अध्यागमन अधिकारीहरुसंग कुनै प्रकारको सेटिङ गरेको छैन। बरामदी मुचुल्का बेहोरा पढी वाची सुनाउँदा सुनिपाएँ। बेहोरामा उल्लेखित सामानहरु मेरो ट्राभल कम्पनी संचालन गर्न आवश्यक पर्ने सामानहरु हुन। मेरो अफिसबाट बरामद भएका विभिन्न बैंकका चेकबुकहरु केही ट्राभल कम्पनी र केही मेरो स्टाफ पदम लामाको हो र बदामदी विदेशी मुद्राको हकमा उक्त नोटहरु पदम लामालाई आफन्तहरुले साट्ने प्रयोजनको लागि दिएका हुन्। बरामदी प्रिन्टर मेरो अफिस प्रयोजनको लागि राखेको हो। म ट्राभल कम्पनी संचालन गर्ने व्यक्ति भएकोले जुनसुकै प्रयोजनको लागि विदेश जान चाहने व्यक्तिहरुलाई टिकट काटिदिने गरेको महिनामा करिव २००/३०० अन्तराष्ट्रिय टिकट काट्ने गरेको भनी बयान गरेकोमा उक्त बेहोरालाई अनर्थ लगाई सो बेहोरा लेखिएको रहेछ। उक्त बेहोरा मेरो मञ्जुरीको होईन भन्ने व्यहोराको प्रतिवादी मनोज तामाङले यस अदालतमा गरेको बयान।

६२. मिसिल संलग्न प्रहरी प्रतिवेदन बेहोराहरु पढिवाची सुनाउदाँ सुनीपाँए। मेरो ट्राभल एजेन्सी कम्पनी छ। उक्त कम्पनीले विदेश जाने मानिसहरुको टिकेट काट्ने काम हुन्छ। मेरो ट्राभल कम्पनीमा १४ जना स्टाफहरु छन। टिकट काट्नको लागि मात्रै ४ जना स्टाफ भर्ना गरेको छु। म कम्पनीको संचालक हो तर कम्पनीको सम्पूर्ण काम कारबाहि मेरो स्टाफ हरुले गर्छन। रिता दमाईलाई मैले चिनेको छैन। निजले भिषा र पासपोर्ट देखाएको अवस्थामा अफिसको भाईहरुले टिकट काटेको हुनसक्छ। उक्त टिकट मैले काटेको होईन । मेरो कम्पनीबाट यस प्रकारका नक्कली कागजातहरु तयार पार्ने काम हुदैन । यस यस प्रकाको कैफियत देखिएमा म जुनसुकै सजाय भोग्न पनि तयार छु भन्ने व्यहोराको प्रतिवादी बिनोद कार्कीले यस अदालतमा गरेको बयान ।

६३. मिसिल संलग्न प्रहरी प्रतिवेदन बेहोराहरु पढिवाची सुनाउदाँ सुनीपाँए। म स्नातकोत्तरतहमा अध्ययनरत विद्यार्थी हो। म अध्ययनको साथसाथै लोकसेवाको तयारी गरी बसेको छु। मैले प्रहरी निरिक्षकको तयारी पनी गरेको हो। पढाई खर्च निकाल्न मैले प्रतिवादी दिनेश ज्ञवाली संचालक रहेको SKI Tours and Travels कम्पनीमा विगत ५ महिना देखि काम गर्दै आएको छु। उक्त कम्पनीमा मैले अफिस सरसफाई देखि Domestic Ticket काट्ने, श्रम स्वीकृतिको अनलाईन फर्म भर्ने, राष्ट्रिय परिचयपत्रको अनलाईन फर्म भर्ने, पुलिस रिपोर्टको लागि अनलाईन फर्म भर्ने लगाएतका काम गर्दै आएको छु। काम संगसंगै फुर्सदमा मैले अध्ययन गर्ने कार गर्छु। सो बाहेक नैले अन्य कुनै गैह्र कानूनी कागजातहरु तयार पारेको छैन भन्ने व्यहोराको प्रतिवादी रविन अर्याललले यस अदालतमा गरेको बयान ।

६४. मिसिल संलग्न पत्रहरु तथा प्रतिवेदनहरु पढियाची सुनी पाएँ । म HR Tours And Travel Pvt.Ltd मा संचालक भई काम गरेको करिव ११/१२ महिना जति भयो । मैले संचालन गरेको HR Tours And Travel Pvt.Ltd बाट टिकट बुकिङ गर्ने कार्य गर्छु । निमा छिरिङ टुर एण्ड ट्राभल्सका संचालक र SKY Tours and Travels संग मिलेर टिकटिङको कार्य मात्र गर्ने गर्दथे । भिजिट भिषामा बाँदा प्रायः नेपालीहरुको न्यून आए हुने भएकोले भिजिट भिषामा जान बैंक स्टेटमेन्ट नुपुगेने,व्यापार व्यवसाय नहुने, १२ कक्षा पास हुनु पर्ने, कम्तिमा २ वर्ष विदेश जाने आउने गरेको हुनु पर्ने, विदेशबाट भिषा पठाउने व्यक्ति र विदेश जाने व्यक्ती बिच हाडनाता भित्रको हुनु पर्ने भएकाले भिजिट भिषामा जाने व्यक्तिहरुसंग सबै कागजात नहुने हुँदा यस्ता व्यक्तिहरुलाई विदेशमा जाँदा एयरपोर्टमा सम्बन्धित खटिएको कर्मचारीले रोक्ने भएकाले सो नहोस भन्नाका

लागि सबै कागजात उनीहरुले मिलाएर ल्याएको खण्डमा हामी टिकट काटि पठाउने गर्थ्यौं । अन्य कुरा मलाई थाहा छैन । प्रस्तुत लिखत किर्ते र संगठित अपराध सम्बन्धी कसूरमा मेरो कुनै संलग्नता रहेको छैन भन्ने व्यहोराको प्रतिवादी राम प्रसाद भण्डारीले यस अदालतमा गरेको बयान ।

६५. मिसिल संलग्न प्रहरी प्रतिवेदन बेहोराहरु पढिवाची सुनाउदाँ सुनीपाँए। मैले विगत १० वर्ष देखि ट्राभल कम्पनी संचालन गर्दै आएको छु। मेरो कम्पनीबाट विभिन्न प्रयोजनको लागि विदेशमा जान चाहने व्यक्तिहरुलाई एकतर्फी/दोहोरो टिकटहरु काट्ने काम हुन्छ । यसरी विदेश जाने व्यक्तिहरुलाई श्रम स्वीकृति र पुलिस रिपोर्टको लागि अनलाईन फर्म भरेर सहयोग गर्ने काम पनि गरेका छौं। उक्त अनलाईन फर्महरु सम्बन्धित कार्यालयको Website मा नै राखिएको हुँदा श्रम स्वीकृतीको कागज सम्बन्धित व्यक्ति आफैले प्रिन्ट गर्न वा हेर्न सक्ने हुन्छ । उक्त काम गैह्रकानूनी होईन। सह प्रतिवादी रामप्रसाद भण्डारी पनि ट्राभल कम्पनी संचालक हुन्। निजले भर्खरै मात्र व्यवसाय संचालन गरेकोले मैले निज नहुँदाको अवस्थामा श्रम स्वीकृती र पुलिस रिपोर्टहरु निकाल्दिने,टिकटहरु काट्ने लगायतका काम गरी निजलाई सहयोग गर्दै आएको हो। तर नक्कली कागजातहरु तयार पारेको भन्ने आरोप झुठ्ठा हो भन्ने व्यहोराको प्रतिवादी दिनेश ज्ञवालीले यस अदालतमा गरेको बयान ।

६६. निज नरबिर खड्कालाई मैले व्यक्तिगत रुपमा चिनेको छैन। म गृहमन्त्रालयको मिति २०७८/०५/१६ को निर्णय अनुसार २०७८/०५/१७ मा गृह मन्त्रालयबाट अध्यागमन कार्यालय त्रिभुवन विमानस्थलमा सरुवा भई गएको हो सोही मन्त्रालयको मिति २०७९/१०/१७को निर्णय अनुसार २०७९/१२/१९ गतेको पत्रले अध्यागमन कार्यालय त्रिभुवन विमानस्थलबाट गृहमन्त्रालयमा सरुवा भई हाजिर हुन गएको हो। निज नरबिर खड्का को पनि गृहमन्त्रालयको मिति २०७९/१०/१७को निर्णय अनुसार गृह मन्त्रालयबाट अध्यागमन कार्यलयमा सरुवा भएको रहेछ। निज उक्त कार्यालयमा कहिले देखि हाजिर भई कार्यरत रहेका हुन सो बारे मलाई जानकारी भएन। मेरो अध्यागमन कार्यालयबाट गृहमन्त्रालयमा सरुवा भइसकेकोले निज नरबिर खड्का उक्त कार्यालयमा हाजिरि भए पछि निजसंग कार्यालय कामकाज सम्बन्धमा मेरो कुनै सम्पर्क भएको थिएन। निज नरविर खड्कालाई काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालयमा मिति २०८०/०८/२६ मा गराइएको कागजमा मिति २०८० साल अषाढ महिना देखि विभिन्न व्यक्तिहरुको मिलेमतोमा

रकम उठाउने गरेको भन्ने व्यहोरा उल्लेख भएको रहेछ तर म मिति २०७९/१२/१९ देखि नै अध्यागमन कार्यालयबाट रमाना भई सकेकोले निजलाई गराईएको मौकाको कागज व्यहोरासंग मेरो कुनै सम्बन्धनै रहदैन। निज नरबिर खड्कालाई गराइएको कागजमा उल्लेख भएजस्तो अध्यागमन कार्यालयमा भिसा सहजीकरण समिति रहेको भन्ने कुरा मलाई कुनै जानकारीनै छैन। जानकारी नै नभएको समितिमा म सदस्य रहने कुरा सवालनै रहेन। हुदै नभएको समितिलाई निज नरविर खड्काले कसरी सो समिति रहेको र सो समितिमा म सदस्य रहेको भनी उल्लेख गरेका हुन सोबारेमा मलाई थाहा भएन। मैले कसैसंग भिसा सहजीकरणको नाममा कुनै रकम लिएको छैन भन्ने व्यहोराको प्रतिवादी कुशल बरामले गरेको बयान ।

६७. निज नरबिर खड्कालाई मैले व्यक्तिगत रुपमा नचिने पनि कार्यालयको हिसावले सामान्य चिनजान रहेको छ। निज नरविर खड्काले भने जस्तो उक्त कसूरमा मेरो कुनै सम्लग्नता रहेको छैन। निज सँग मेरो कुनै सम्पर्क एवं कुनै सम्बन्ध रहेको छैन। नरविर खड्काले भने जस्तो पैसा उठाउने र वाडफाँड गर्ने कार्यमा मेरो कुनै संलग्नता र भुमिका रहेको छैन। प्रतिवादी बनाइएका त्रि.अ.वि. अध्यागमन कार्यालयलका कार्मचारीहरु बाहेक अन्य प्रतिवादीहरुसँग मेरो कुनै चिनजान र सम्पर्क छैन। म गृह मन्त्रालयको निर्णय अनुसार २०७९/०३/२२ मा गृह मन्त्रालयबाट अध्यागमन कार्यालय त्रिभुवन विमानस्थलमा सरुवा भई गएको हो। अध्यागमन विभागको मिति २०८०/०३/२१ को निर्णय अनुसार २०८०/०५/०५ गतेको पत्रले अध्यागमन कार्यालय त्रिभुवन विमानस्थलबाट पोखरा अन्तराष्ट्रिय विमानस्थलमा काज सरुवा भई हाजिर हुन गएको हो। निज नरबिर खड्कालाई गराइएको कागजमा उल्लेख भएजस्तो अध्यागमन कार्यालयमा भिसा सहजीकरण समिति रहेको भन्ने कुरा मलाई कुनै जानकारीनै छैन। जानकारीनै नभएको समितिमा म सदस्य रहने कुरा सवालनै रहेन। हुदै नभएको समितिलाई निज नरबिर खड्काले कसरी सो समिति रहेको र सो समितिमा म सदस्य रहेको भनी उल्लेख गरेका हुन सोबारेमा मलाई थाहा जानकारी भएन। मैले कसैसंग भिसा सहजीकरणको नाममा कुनै रकम लिएको छैन भन्ने व्यहोराको प्रतिवादी पिताम्वर रिमालले यस अदालतमा गरेको बयान ।

६८. अध्यागमन कार्यालयमा कार्यरत रहँदा निज नरबिर खड्काको नाम सुनेको हो, राम्रो चिनजान समेत छैन । निजसँग मेरो कुनै सम्पर्क एवं कुनै सम्बन्ध रहेको छैन । निजले गरेको मौकाको कागज, अधिकार प्राप्त अधिकारी समक्ष मिति २०८०/०९/०२ गते गरेको बयान र

२०८०/१०/०८ गते गरेको थप बयानमा मेरो नाम लिएका छैनन् । निजले मौकाको कागज, बयान र थप बयानका क्रममा विष्णु अर्याल भनेर उल्लेख गरेका रहेछन् । म विष्णु अर्याल होइन । मेरो नाम विष्णु प्रसाद आचार्य हो । निज नरबिर खड्काले भनेजस्तो उक्त कसूरमा मेरो कुनै संलग्नता रहेको छैन । नरविर खड्काले भनेजस्तो पैसा उठाउने र बाँडफाँड गर्ने कार्यमा मेरो कुनै संलग्नता र भूमिका रहेको छैन । प्रतिवादी बनाइएका त्रि.अ.वि. अध्यागमन कार्यालयका कर्मचारीहरू बाहेक अन्य प्रतिवादीहरूसँग मेरो कुनै चिनजान र सम्पर्क छैन । म गृह मन्त्रालयको मिति २०७९/०५/१९ को निर्णयानुसार २०७९/०७/१६ मा गृह मन्त्रालयबाट अध्यागमन कार्यालय त्रिभुवन विमानस्थलमा सरूवा भइ गएको हो । गृह मन्त्रालयको मिति २०८०/०५/०६ को निर्णय अनुसार २०८०/०५/०६ गतेको पत्रले अध्यागमन कार्यालय त्रिभुवन विमानस्थलबाट राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा काज सरुवा भई हाजिर हुन गएको हो । निज नरबिर खड्कालाई गराइएको कागजमा उल्लेख भए जस्तो अध्यागमन कार्यालय, त्रिभुवन विमानस्थलमा भिषा सहजीकरण गर्नको लागि कुनै समिति रहेको मलाई जानकारी छैन। त्यस्तो मलाई जानकारीनै नरहेको समितिमा म सदस्य रहने भन्ने अवस्था नै रहेन। हुदै नभएको समितिको बारेमा निज नरविर खड्काले मौकाको कागजमा कसरी सो समिति रहेको भन्ने व्यहोरा उल्लेख गरेका हुन सो बारेमा मलाई थाहा भएन। साथै निज नरक्रि खड्काले अधिकार प्राप्त अधिकारी समक्ष मिति २०८०/०९/०२ गते गरेको बयान र २०८०/१०/०८ गते गरेको थप बयान तथा २०८०/१०/२१ गते यस सम्मानित अदालतसमक्ष बयान गर्दा अध्यागमन कार्यालयमा भिषा सहजिकरणको लागि कुनै समिति नरहेको भन्ने उल्लेख गरेकोबाट नै त्यस्तो समिति नरहेको भन्ने प्रष्ट हुन्छ । मैले कसै सँग भिषा सहजीकरण गरिदिएको नाममा कुनै रकम लिएको छैन। नक्कली कागजातमा आगमन र प्रस्थान हुने भन्ने विषय मलाई कुनै जानकारी नभएको र जानकारी नै नभएको विषयमा म संलग्न हुने कुराको सवाल नै भएन भन्ने व्यहोराको प्रतिवादी विष्णु प्रसाद आचार्यले यस अदालतमा गरेको बयान ।

६९. म गृह मन्त्रालयको मिति २०७९/९/११ गतेको रमाना वमोजिम सोही दिनमा अध्यागमन कार्यालय त्रिअवीमा हाजिर भई २०७९/९/२६ गतेदेखी मिति २०८०/६/३० गते सम्म अध्यागमन अधिकृतको रुपमा कार्यरत रही गृह मन्त्रालयको मिति २०८०/६/३० गतेको काज सरुवाको निर्णयले सोही दिनदेखी अध्यागमन अधिकृतको रुपमा कार्यरत नरही मिति

२०८०/७/१४ गते अध्यागमन कार्यालय त्रिअवीवाट रमाना भई सो पश्चात गृह मन्त्रालयमा कार्यरत रहँदै आएको छु । निज नरविर खड्कालाई गराइएको कागजमा उल्लेख भए जस्तो अध्यागमन कार्यालय, त्रिभुवन अन्तर्राष्ट्रीय विमानस्थलमा भिषा सहजीकरण गर्नको लागि कुनै समिति रहेको मलाई जानकारी छैन। त्यस्तो मलाई जानकारीनै नरहेको समितिमा म सदस्य रहने भन्ने अवस्था नै रहेन। हुदै नभएको समितिको बारेमा निज नरविर खड्काले मौकाको कागजमा कसरी सो समिति रहेको भन्ने व्यहोरा उल्लेख गरेका हुन सो बारेमा मलाई थाहा भएन । साथै निज नरविर खड्काले मिति २०८०/०९/०२ गते र २०८०/१०/०८ गते अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान र थप बयान तथा २०८०/१०/२१ गते यस सम्मानित अदालतसमक्ष बयान गर्दा अध्यागमन कार्यालयमा भिषा सहजिकरणको लागि कुनै समिति नरहेको भन्ने उल्लेख गरेकोबाट नै त्यस्तो समिति नरहेको भन्ने प्रष्ट हुन्छ । मैले कसै सँग भिषा सहजीकरण गरिदिएको नाममा कुनै रकम लिएको छैन। नक्कली कागजातका आधारमा कुनै पनि यात्रु आगमन र प्रस्थान हुने भन्ने विषय मलाई कुनै जानकारी नभएको र जानकारी नै नभएको विषयमा म संलग्न हुने कुराको सवालनै भएन । अध्यागमन कार्यालयमा कार्यरत रहँदा सहप्रतिवादी नरबिर खड्कासंग अन्य अध्यागमन अधिकृत सरह कार्यालयीय चिनजान मात्र हो। निज नरबिर खड्काले उल्लेख गरेको कुनै कसुरमा मेरो संलग्नता एवं सम्वन्ध छैन भन्ने व्यहोराको प्रतिवादी बिमल पौडेलले यस अदालतमा गरेको बयान ।

७०. मिसिल संलग्न प्रहरी प्रतिवेदन व्यहोरा पढी वाची सुनि पाएँ। सहप्रतिवादी नरविर खड्कालाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनमा गराइएको मौकाको कागजमा उल्लेख गराइए जस्तो अध्यागमन कार्यालय, त्रिभुवन विमानस्थलमा भिषा सहजीकरण गर्नको लागि कुनै समिति रहेको मलाई जानकारी छैन। त्यस्तो मलाई जानकारी नै नरहेको समितिमा म सदस्य रहने भन्ने अवस्था नै रहेन। हुँदै नभएको समितिको बारेमा निज नरविर खड्काले के कसरी बयान गरे मलाई थाहा भएन। निज नरविर खड्काले मिति २०८०/०९/०२ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान, २०८०/१०/०८ गतेको थप बयान र यस सम्मानित अदालतसमक्ष २०८०/१०/२१ गतेको बयानमा समेत अध्यागमन कार्यालयमा भिषा सहजिकरणको लागि कुनै समिति नरहेको भन्ने. उल्लेख गरेका रहेछन् । निज नरबिर खड्काको अधिकार प्राप्त अधिकारीसमक्ष तथा सम्मानित अदालतसमक्ष गरेको बयानबाट नै त्यस्तो समिति नरहेको भन्ने प्रष्ट हुन्छ। भिसा सहजीकरणका नाममा मैले कुनै रकम पाएको, उठाएको र बाँडफाँट गरेको छैन । प्रहरी प्रतिवेदनमा उल्लेख भएका अध्यागमन अधिकृतहरुबाहेक अन्य कुनै व्यक्तिसँग चिनजान छैन । उक्त प्रतिवेदनमा ममाथि

लगाइएको आरोपहरु झुट्टा हुन् । घटनाको उठान भएको दिन २०८०।७।१४ गते र नरविर खड्का पक्राउ परेको दिन २०८०।८।२६ गते म विदामा रहेको थिए भन्ने व्यहोराको प्रतिवादी शैलेन्द्र ढकालले यस अदालतमा गरेको बयान ।

७१. मिसिल संलग्न प्रहरी प्रतिवेदन व्यहोरा पढी बाची सुनि पाएँ। सहप्रतिवादी नरविर खड्कालाई काठमाडौ उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनमा गराइएको मौकाको कागजमा निजले उल्लेख गरे जस्तो अध्यागमन कार्यालय, त्रिभुवन विमानस्थलमा भिषा सहजीकरण गर्नको लागि कुनै समिति रहेको मलाई थाहा जानकारी छैन। मलाई जानकारी नरहेको समितीमा म रहने कुरा रहेन। निज नरविर खड्काले मौकामा कागज गर्दा उक्त समितीको बारेमा उल्लेख गरेको भएता पनि निजले मिति २०८०/०९/०२ गते अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान, २०८०/१०/०८ गतेको थप बयान र यस सम्मानित अदालतसमक्ष २०८०/१०/२१ गतेको बयानमा समेत अध्यागमन कार्यालयमा भिषा सहजिकरणको लागि कुनै समिति नरहेको भन्ने उल्लेख गरेका देखिन्छ । यसरी भिसा सहजीकरण समिती पनि नरहेको अवस्थामा मैले भिसा सहजीकरणका नाममा कुनै रकम पाएको, उठाएको र बाँडफाँट गरेको छैन। तसर्थ म माथि प्रहरी प्रतिवेदनमा लगाइएको आरोपहरु झुट्टा हुन् भन्ने व्यहोराको प्रतिवादी विकास डंगोलले यस अदालतमा गरेको बयान ।

७२. मिसिल संलग्न प्रहरी प्रतिवेदन बेहोराहरु पढिवाची सुनाउदाँ सुनी पाँए। मेरो गृह मन्त्रालय को सरुवा मिति २०८०।०४।२१ को निर्णयले सरुवा भई मिति २०८०।०५।०८ को रमानापत्रमार्फत जिल्ला प्रशासन कार्यालय, ललितपुर हाजिर भएको हो। यस मुद्दामा प्रतिवादी बनाईएका अध्यागमन कार्यालयका अध्यागमन अधिकृतहरुसंग कार्यालयको कामकाजको सिलसिलामा सामान्य चिनजान छ। तर निजहरुसंग कुनै प्रकारको नाता सम्बन्ध र आर्थिक कारोवार भएको छैन। यस मुद्दामा प्रतिवादी बनाईएका अध्यागमन अधिकृतहरु बाहेक अन्य प्रतिवादीहरुसंग कुनै प्रकारको चिनजान सम्पर्क र आर्थिक कारोबार छैन। भिजिट भिषामा विदेशमा जान ईच्छुक व्यक्तिहरुलाई आवश्यक पर्ने कागजातहरु नक्कली बनाई विदेश पठाउने विभिन्न व्यक्ति/संस्थाहरुको बारेमा मलाई जानकारी छैन र निजहरुलाई अध्यागमन कार्यलयबाट सहजीकरण गरेको होईन साथै सो बापत आर्थिक लाभ लिने गरेको भन्ने आरोप पनि झुट्ठा हो। यसमा मेरो संलग्नता पनि छैन भन्ने व्यहोराको प्रतिवादी सुजन फागो लिम्बुले यस अदालतमा गरेको बयान ।

७३. उक्त प्रहरी प्रतिवेदनको व्यहोरा पढी बाँची सुनाउँदा सुनी पाए, उल्लेखित प्रतिवेदनमा मेरो समेत संलग्नता र सेटिङमा श्रम स्वीकृत्ती लगाएतका कागजातहरु नक्कली बनाई विभिन्न मानिसहरुलाई विदेश पठाउने गरेको भन्ने व्यहोरा झुट्ठा हो। उक्त कार्यमा मेरो कुनै पनी संलग्नता छैन। सह प्रतिवादीहरु मध्येका नरविर खड्का मसंगै अध्यागमन कार्यालमा काम गर्ने सहकर्मी साथी भएकाले निजलाई चिन्दछु। विमल पौडेल, सुजन फागो र पिताम्बर

रिमालसंग सामान्य चिनजान छ। अन्य कुशल बराल, विष्णु आचार्य र विकाश डंगोलको नाम मात्रै सुनेको छु, चिन जान छैन र अन्य प्रतिवादीहरुलाई मैले चिन्दैन । मैले अध्यागमन कार्यालयमा रही काम काज गर्ने क्रममा ईमान्दार भई आफ्नो काम गरेको थिए। मलाई आरोप लागे वमोजिमको नक्कली कागजातगहरु बनाउने र सेटिङ मार्फत मानिसहरु विदेश पठाउने कार्य गरेको छैन्। मलाई किन प्रतिवादी बनाईयो थाहा भएन । प्रतिवादी नरविर खड्का र अन्य प्रतिवादिहरुले गरेको कागज तथा बयान पडीवार्ण सुनाउदा सुनिपाए। निज नरविर खड्कालाई गराइएको कागजमा उल्लेख भएजस्तो अध्यागमन कार्यालयमा भिसा सहजीकरण समिति रहेको भन्ने कुरा मलाई कुनै जानकारीनै छैन। निज संग मेरो चित्र जान मात्रै छ। नक्कली भिसा लगायतका कागजातहरु बनाई सेटिङ गर्ने कार्यमा मेरो संलग्नता छैन भन्ने व्यहोराको तारा बहादुर कुँवरले यस अदालतमा गरेको बयान ।

७४. म कुनै पनि बेहोराले म यो कारोवारमा संलग्न छैन। प्रतिवादीहरु मध्येको धेरैलाई मैले चिनेको पनि छैन। विनोद कार्कीलाई म चिन्दिन। उँहा मेरो मोबाईलबाट कुराकानी हुने गरेको मानिस पनि हैन। नरबिर खड्का लगायतका साथिहरु होटेलमा खाना खाजाको लागि आउने गरेको हुन। मेरो नरबिर खड्का सँग त्यति सार्हो चिनजान पनि छैन। निजहरुको नक्कली कागजात बनाई विदेश पठाउने गर्छन गर्दैनन भन्ने बारेमा म संलग्नता छैन। पदम लामाले हो वा अरु नै कोहीले हो, मेरो होटेलमा गीता जैसी (मेरो होटेलको स्टाफ) लाई २ लाख रुपैयाँ छाडेर गएको रहेछ। सो रकम मेरो होईन। नरविलको रकम भएको भएर होला त्यो रकम उनले लगिसकेको होलान। अरु थाहा भएन भन्ने व्यहोराको प्रतिवादी आशिष भन्ने केदार बहादुर खड्काले यस अदालतमा गरेको बयान ।

७५. मलाई मैले काम गर्ने होटेलमा खाजा खान आउने जाने गर्ने गिता शाह भन्ने दिदीले तिमीलाई म विदेश दुवई पठाइ दिन्छु भनी मेरो नागरिकता र पासपोर्ट लिनु भएको थियो । उहाँले मलाई विदेश जाने भनी त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा बोलाएकोमा म त्रिभुवन विमानस्थल परिसरमा पुगे पश्चात गिता दिदीले मलाई फोन गरी आजलाई जला जान मिलेन फर्कनु पछि मिलाएर पठाउँछु भनेकोले म त्यहाँबाट फर्केकी हुँ । म निर्दोष छु । म सोझो मान्छेलाई गिता शाहले फसाएकी हुन् । मेरो आर्थिक अवस्था कमजोर भएको कारण म विदेश जान लागेको हो । मलाई उहाँले यसरी नक्कली कागज बनाई पठाउनु हुन्छ भन्ने थाहा भएको भए मैले उहाँलाई नागरिकता र पासपोर्ट दिने थिइन् । मलाई उक्त प्रतिवेदनबाट न्याय दिलाईयोस् भन्ने व्यहोराको प्रतिवादी कौशिला मगरले यस अदालतमा गरेको बयान ।

७६. प्रतिवादी रिता दमाईको नाउँमा जारी भएको पक्राउ पुर्जी मिति २०८१।२।७ गतेमा निजको श्रीमानले बुझि रितपुर्वक म्याद तामेल भएकोमा म्याद भित्र हाजिर हुन नआइ सुरु म्यादै गुजारी बसेको ।

७७. प्रतिवादी लक्ष्मी राई नाउँमा जारी भएको पक्राउ पुर्जी मिति २०८१।१।११ गतेमा बेपत्ते तामेल भई मिति २०८१।४।१४ गतेको गोरखा पत्रमा म्याद प्रकाशित भएकोमा म्याद भित्र हाजिर हुन नआइ सुरु म्यादै गुजारी बसेको ।

७८. निजबाट बरामद भएको रु. २,००,०००।- निज प्रतिवादीले सापटी लिएको रकम फिर्ता गरेको प्रमाण पेश भैसकेको छ। मैले यसै अदालतमा लगाउमा रहेको निजै प्रतिवादी भएको किर्ते मुद्दामा यो सम्बन्धमा बकपत्र गरि भनिसकेको छु। प्रतिवादी नरविर खड्काले अभियोग माग दावी बमोजिमको कुनै कसूर नगरेकोले निजलाई अभियोग माग दावी बमोजिम सजाय हुनुपर्ने होइन सफाइ पाउनुपर्ने हो भन्ने व्यहोराको प्रतिवादी नरविर खड्काको साक्षी देवीलाल गौतमले गरेको बकपत्र ।

७९. मैले शैलेन्द्र ढकालसँग अध्यागमन कार्यालयमा केही अवधि सँगै कार्य गरेको थिएँ । म अध्यागमन कार्यालय विअवि.मा कार्यरत रहँदा अध्यागमन अधिकृतका रूपमा कार्य गरेको हैं। निज समेत उक्त कार्यालयमा अध्यागमन अधिकृतका रूपमा कार्यरत रहेका थिए। त्यहाँ कार्यरत अध्यागमन अधिकृतले अध्यागमन ऐन, नियमावली तथा कार्यविधिले अध्यागमन अधिकृतले गर्ने भनी तोकिएका कार्यहरू गर्ने गरेका थिए। उक्त कार्यालयबाट भिजिट भिसामा बिदेश जाने यात्रुहरूलाई अध्यागमन ऐन, नियमावली कार्यबिधि तथा समय समयमा गृह मन्त्रालय, अध्यागमन विभाग तथा कार्यालय प्रमुखबाट जारी हुने परिपत्र एवम् धिर्देशनवमोजिम ताकिएका कागजात तथा प्रक्रिया पुऱ्याई प्रस्थान अनुमति दिने गरिन्थ्यो । म अध्यागमन कार्यालय त्रि.अ.वि.मा कार्यरत रहँदा कुनै पनि प्रकारको भिसा सहजीकरण समिति तथा अन्य कुनै पनि प्रकारको समिति रहेको कुनै जानकारी भएन। कुनै पनि नक्कली कागजातका आधारमा कसैलाई पनि प्रस्थान अनुमति दिने गरिँदैनथ्यो। अध्यागमन ऐन नियमावली कार्यविधि तथा परिपत्रहरूमा तोकिएको कागजात र प्रक्रिया पुगेका यात्रुहरूलाई प्रस्थान अनुमति दिइने हुँदा भिजिट भिसा वा अन्य भिसामा विदेश जाने कुनै पनि यात्रुहरूबाट रकम असुल गरेको वारेमा मलाई कुनै जानकारी छैन भन्ने व्यहोराको प्रतिवादी शैलेन्द्र ढकालको साक्षी उज्जल भुसालले गर्नु भएको बकपत्र ।

८०. मैले पिताम्बर रिमालसँग अध्यागमन कार्यालयमा केही अवधि सँगै कार्य गरेको थिएँ । म अध्यागमन कार्यालय त्रि अ.वि मा कार्यरत रहँदा अध्यागमन अधिकृतका रूपमा कार्य गरेको हैं। निज समेत उक्त कार्यालयमा अध्यागमन अधिकृतका रूपमा कार्यरत रहेका बिए। त्यहाँ कार्यरत अध्यागमन अधिकृतले अध्यागमन ऐन, नियमावली तथा कार्यविधिल अध्यागमन अधिकृतले गर्ने भनी तोकिएका कार्यहरू गर्ने गरेका थिए। उक्त कार्यालयबाट भिजिट भिसामा बिदेश जाने यात्रुहरूलाई अध्यागमन ऐन, नियमावली, कार्यविधि तथा समय समयमा गृह मन्त्रालय अध्यागमन विभाग तथा कार्यालय प्रमुखवाट जारी हुने परिपत्र तोकिएका कागजात तथा प्रक्रिया पुऱ्याई प्रस्थान अनुमति दिने गरिन्थ्यो । म अध्यागमन कार्यालय, त्रिअ.वि.मा

कार्यरत रहँदा कुनै पनि प्रकारको भिसा सहजीकरण समिति तथा अन्य कुनै पनि प्रकारको समिति रहेको कुनै जानकारी भएन। कुनै पनि नकली कागजातका आधारमा कसैलाई पनि प्रस्थान अनुमति दिने गर्रिंदैनथ्यो। अध्यागमन ऐन, नियमावली कार्यबिधि तथा परिपत्रहरूमा तोकिएको कागजात र प्रक्रिया पुगेका यात्रुहरूलाई प्रस्थान अनुमति दिइने हुँदा भिजिट भिसा वा अन्य भिसामा विदेश जाने कुनै पनि यात्रुहरूबाट रकम असुल गरेको बारेमा मलाई कुनै जानकारी छैन भन्ने व्यहोराको प्रतिवादी पिताम्बर रिमालको साक्षी उज्जल भुसालले गरेको बकपत्र ।

८१. मैले बिकास डगोलसँग अध्यागमन कार्यालयमा केही अवधि सँगै कार्य गरेको थिएँ । म अध्यागमन कार्यालय त्रि.अ.वि.मा कार्यरत रहँदा अध्यागमन अधिकृतका रूपमा कार्य गरेको है। निज समेत उक्त कार्यालयमा अध्यागमन अधिकृतका रूपमा कार्यरत रहेका विए। त्यहाँ कार्यरत अध्यागमन अधिकृतले अध्यागमन ऐन, नियमावली तथा कार्यविधिले अध्यागमन अधिकृतले गर्ने भनी तोकिएका कार्यहरू गर्ने गरेका थिए। उक्त कार्यालयबाट भिजिट भिसामा बिदेश जाने यात्रुहरूलाई अध्यागमन ऐन, नियमावली, कार्यविधि तथा समय समयमा गृह मन्त्रालय, अध्यागमन विभाग तथा कार्यालय प्रमुखबाट जारी हुने परिपत्र र निर्देशनबमोजिम तोकिएका कागजात तथा प्रक्रिया पुर्‍याई प्रस्थान अनुमति दिने गरिन्थ्यो । म अध्यागमन कार्यालय त्रिअ.बि मा कार्यरत रहँदा कुनै पनि प्रकारको भिसा सहजीकरण समिति तथा अन्य कुनै पनि प्रकारको समिति रहेको कुनै जानकारी भएन। कुनै पनि नकली कागजातका आधारमा कसैलाई पनि प्रस्थान अनुमति दिने गर्रिंदैनथ्यो। अध्यागनन ऐन, नियमावली, कार्यविधि तवा परिपत्रहरूमा तोकिएको कागजात र प्रक्रिया पुगेका यात्रुहरूलाई प्रस्थान अनुमति दिइने हुँदा भिजिट भिसा वा अन्य भिसामा बिदेश जाने कुनै पनि यात्रुहरूबाट रकम असुल गरेको बारेमा मलाई कुनै जानकारी छैन भन्ने व्यहोराको प्रतिवादी विकास डंगोलको साक्षी उज्जल भुसालले गरेको बकपत्र ।

८२. मैले निज सुजन फागो लिम्बुसँग अध्यागमन कार्यालयमा केही समय सँगै कार्य गरेको थिएँ । म अध्यागमन कार्यालय त्रिअविमा कार्यरत रहँदा अध्यागमन अधिकृतका रूपमा कार्य गरेको हैं। निज समेत उक्त कार्यालयमा अध्यागमन अधिकृतका रूपमा कार्यरत रहेका थिए। त्यहाँ कार्यरत अध्यागमन अधिकृतहरूले अध्यागमन ऐन, नियमावली तथा कार्यविधिले अध्यागमन अधिकृतले गर्ने भनी तोकिएका कार्यहरू गर्ने गरेका थिए। उक्त कार्यालयबाट भिजिट भिसामा विदेश जाने यात्रुहरूलाई अध्यागमन ऐन, नियमावली कार्यविधि तथा समय समयमा गृह मन्त्रालय, अध्यागमन विभाग तथा कार्यालय प्रमुखवाट जारी हुने परिपत्र एवम् निर्देशनबमोजिम तोकिएका कागजात तथा प्रक्रिया पुर्‍याई प्रस्थान अनुमति दिने गरिन्थ्यो। म अध्यागमन कार्यालय, त्रि.अ.वि.मा कार्यरत रहँदा कुनै पनि प्रकारको भिसा सहजीकरण समिति तथा अन्य कुनै पनि प्रकारको समिति रहेको कुनै जानकारी भएन। कुनै पनि नकली कागजातका

आधारमा कसैलाई पनि प्रस्थान अनुमति दिने गरिँदैनथ्यो। अध्यागमन ऐन, नियमावली, कार्यविधि तया परिपत्रहरूमा तोकिएको कागजात र प्रक्रिया पुगेका यात्रुहरूलाई प्रस्थान अनुमति दिइने हुँदा भिजिट भिसा वा अन्य भिसामा विदेश जाने कुनै पनि यात्रुहरूबाट रकम असुल गरेको बारेमा मलाई कुनै जानकारी छैन भन्ने व्यहोराको प्रतिवादी सुजन फागो लिम्बुको साक्षी प्रदिप राईले गरेको बकपत्र ।

८३. मैले विष्णु प्रसाद आचार्यसँग अध्यागमन कार्यालय, त्रि. अ वि मा केही समय सँगै काम गरेको थिएँ । म अध्यागमन कार्यालय, त्रि.अ.वि.मा कार्यरत रहँदा अध्यागमन अधिकृतका रूपमा कार्य गरेको हैं। निज उक्त कार्यालयमा अध्यागमन अधिकृतका रूपमा कार्यरत रहेका चिए। त्यहाँ कार्यरत अध्यागमन अधिकृतले अध्यागमन ऐन, नियमावली तथा कार्यविधिले अध्यागमन अधिकृतले गर्ने भनी तोकिएका कार्यहरू गर्ने गरेका थिए। उक्त कार्यालयबाट भिजिट भिसामा विदेश जाने यात्रुहरूलाई अध्यागमन ऐन, नियमावली, कार्यविधि तथा समय समयमा गृह मन्त्रालय, अध्यागमन विभाग तथा कार्यालय प्रमुखबाट जारी हुने परिपत्र एवम् निर्देशनवमोजिम तोकिएका कागजात तथा प्रक्रिया पुर्‍याई प्रस्थान अनुमति दिने गरिन्थ्यो। अध्यागमन कार्यालय त्रि.अ.वि मा भिषा सहजिकरणको लागी एवं अन्य कुनै समिति रहेको मलाई जानकारी भएन। म अध्यागमन कार्यालयमा कार्यरत रहँदा क्वालिटी सर्कल गठन भएको जानकारी भएन भन्ने व्यहोराको प्रतिवादी विष्णु प्रसाद आचार्यको साक्षी कुलशेखर अर्यालले गरेको बकपत्र ।

८४. म सँगै घटना विवरण कागज गर्न गिता जैसी पनि प्रहरी कार्यालयमा जानु भएको बियो। मैले कागज गर्नुभन्दा अगाडी गिता जैसीले गरेको कागजको व्यहोरालाई नै कपी गरेर मलाई हस्ताक्षर गर्न लगाउनुभएको हो। उक्त मितिमा गरेको कागजको व्यहोरा मेरो होइन तर सहीछाप मेरो आफ्नै हेरी चिनी सनाखत गरिदिए। यस सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्ने व्यहोराको घटना विवरण कागजको साक्षी विकाश अधिकारीले गरेको बकपत्र ।

८५. मैले गरेको उक्त मितिको घटना विवरण कागजमा भएको व्यहोरा मलाई पढीवाची सुनाउँदा सुने घटना विवरण कागजमा उल्लेख भएको रु. २,००,०००।- मेरो अगाडी लिएको होइन पछि प्रहरीबाट मुद्दाको वारेमा सुनी थाहा पाएको हुँ। उक्त कागजमा भएको सहीछाप मेरो आफ्नै हेरी चिनी सनाखत गरिदिए। यस सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्ने व्यहोराको घटना विवरण कागजको साक्षी रमेश बहादुर पाण्डेले गरेको बकपत्र ।

८६. मैले विमल पौडेलसँग अध्यागमन कार्यालयमा केही अवधि सँगै कार्य गरेको थिएँ । म अध्यागमन कार्यालय, वि अ.वि.मा कार्यरत रहँदा अध्यागमन अधिकृतका रूपमा कार्य गरेको हैं। निजसमेत उक्त कार्यालयमा अध्यागमन अधिकृतका रूपमा कार्यरत रहेका विए। त्यहाँ कार्यरत अध्यागमन अधिकृतले अध्यागमन ऐन, नियमावली तथा कार्यविधिले अध्यागमन

अधिकृतले गर्ने भनी तोकिएका कार्यहरू गर्ने गरेका थिए। उक्त कार्यालयबाट भिजिट भिसामा विदेश जाने यात्रुहरूलाई अध्यागमन ऐन, नियमावली, कार्यविधि तथा समय समयमा गृह मन्त्रालय अध्यागमन विभागबाट जारी हुने परिपत्र स्वम् निर्देशन्चमोजिमका प्रक्रिया पुर्‍याई प्रस्थान अनुमति दिने गरिन्थ्यो। अध्यागमन कार्यालय त्रि अ.वि.मा भिषा सहजिकरणको लागी एवं अन्य कुनै समिति रहेको मलाई जानकारी भएन। कार्यालयको सेवा प्रवाह प्रभावकारी बनाउन उद्देश्यले क्वालिटि सर्कल गठन भएको भन्ने जानकारी पाएको तर सो सर्कलको सदस्य म र निज विमल पौडेल समेत नरहेकोले सो सम्बन्धमा विस्तृतमा जानकारी भएन भन्ने व्यहोराको प्रतिवादी विमल पौडेलको साक्षी खेमराज कोइरालाले गरेको बकपत्र ।

८७. मैले निज कुशल बराल सँग अध्यागमन कार्यालय, त्रिअ.वि.मा केही अवधि सँगै कार्य गरेको थिएँ । म अध्यागमन कार्यालय, वि अवि.मा कार्यरत रहँदा अध्यागमन अधिकृतका रूपमा कार्य गरेको हैं। निज कुशल बराल समेत उक्त कार्यालयमा अध्यागमन अधिकृतका रूपमा कार्यरत रहेका थिए। त्यहाँ कार्यरत अध्यागमन अधिकृतले अध्यागमन ऐन, नियमावली तथा कार्यविधिमा भएको व्यबस्था बमोजिम अध्यागमन अधिकृतले गर्ने भनी तोकिएका कार्यहरू गर्ने गरेका विए। उक्त कार्यालयवाट भिजिट भिसामा बिदेश जाने यात्रुहरूलाई अध्यागमन ऐन, नियमावली, कार्यविधि तथा समय समयमा गृह मन्त्रालय अध्यागमन विभाग तथा कार्यालय प्रमुखवाट जारी हुने परिपत्र एवम् निर्देशनबमोजिम तोकिएका कागजात तथा प्रक्रिया अनुरुप नियमानुसारनै प्रस्थान अनुमति दिने गरिन्थ्यो। म अध्यागमन कार्यालय त्रि.अ.वि.मा कार्यरत रहँदा कुनै पनि प्रकारको भिसा सहजीकरण समिति तथा अन्य कुनै पनि प्रकारको समिति रहेको कुरा मलाई कुनै जानकारी नै छैन। अध्यागमन कार्यालमा कुनै जानकारीमार्ने नरहेको समित मार्फत रकम असुल गरी नकली कागजातको आधारमा प्रस्थान अनुमति दिने भन्ने सवाल नै रहदैन भन्ने व्यहोराको प्रतिवादी कुशल बरालको साक्षी हरिबहादुर पोखरेलले गरेको बकपत्र ।

८८. प्रतिवादी रविन अर्यालले लिखत किर्ते गरेका होइनन्। निजसँग मेरो राम्रो चिनाजानी छ। निजको वानी व्यवहार समेत राम्रो र इमान्दर रहेको छ। खासमा निज प्रतिवादी बनाइएका रविन अर्यालको प्रस्तुत मुद्दाको अभियोगमा उल्लेख भएको कार्यरत कार्यालयको सामान्य लाएअराएको काम गर्ने गरेको, छोटो अवधी देखी कार्यरत रहेको र अभियोगका सम्बन्धमा अन्य कसैसँग सम्बन्ध, सम्पर्क स्थापित भएको पूनी नदेखिएको साथै कार्यालयको नियमित कार्य प्रक्रियामा सोही कार्यारत कार्यालय प्रमुखको जिम्मेवारी रहने र त्यस्तो जिम्मेवारी निज कार्यालय प्रमुख दिनेश ज्ञवालीले आफ्नो भएको कुरा समेत बयानमा स्वीकार गरेको हुँदा निजले अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भन्ने व्यहोरको प्रतिवादी रविन अर्यालको साक्षी उमाकान्त पराजुलीले गरेको बकपत्र ।

८९. प्रतिवादी पदम लामाले लिखत किर्ते गरेका होइनन् । निजसँग मेरो राम्रो चिनाजानी छ। निजको वानी व्यवहार समेत राम्रो र इमान्दर रहेको छ । खासमा निज प्रतिवादी बनाइएका पदम लामा निमा छिरिङ ट्राभल टुर्सका सामान्य कार्यालय सहयोगी मात्र हुन्न । खासमा निज प्रतिवादी बनाईएका पदम लामाले आफ्नो कार्यरत कार्यालयका संचालक बाट होटल वाल्टिकमा दुई लाख रकम पुर्याउन लगाउनु भएको थियो। सोहि रकम बोकी लगेको आधार कारणले मात्र निजलाई प्रहरीले पक्राउ गरेर प्रतिवादी बनाएको हुँदा निजले अभियोग दाबीबाट सफाइ पाउनु पर्छ भन्ने व्यहोराको प्रतिवादी पदम लामाको साक्षी दिपेश चौहानले यस अदालतमा गरेको बकपत्र ।

९०. प्रहरी प्रतिवेदनमा भएको सही छाप र व्यहोरा मेरो हो । प्रहरी प्रतिवेदनमा यस विषयको सम्बन्धमा सबै कुरा खुलाएको छु भन्ने व्यहोराको प्रहरी प्रतिवेदक मिलन बस्नेतले गरेको बकपत्र।

९१. घटना विवरण कागजमा भएको सही छाप र व्यहोरा मेरो हो । मेरो घरायसी समस्या परेकाले सोह्र हजार रुपैयाँ नरविर खड्काबाट सापटी लिएको हो । निजले उक्त रकम मेरो बैंक खातामा ट्रान्सफर गरेका हुन् मैले त्यो रकम निजलाई फिर्ता दिइ सकेको छु भन्ने व्यहोराको घटना विवरण कागजका साक्षी महेश कुमार गुरुङले गरेको बकपत्र ।

९२. प्रहरी प्रतिवेदनमा भएको सही छाप र व्यहोरा मेरो हो । म स्वयमले पक्राउ गरेको होइन । प्रहरी प्रतिवेदनमा उल्लेखित बिषयहरु मैले कार्यालयमा सोधपुछ भएका बखत रिपोर्टिङ गरेको हुँ भन्ने व्यहोराको प्रहरी प्रतिवेदक निराजन बोहोराले गरेको बकपत्र ।

९३. प्रहरी प्रतिवेदनमा भएको सही छाप र व्यहोरा मेरो हो । प्रहरी प्रतिवेदनमा यस विषयको सम्बन्धमा सबै कुरा खुलाएको छु भन्ने व्यहोराको प्रहरी प्रतिवेदक जयराम के.सी.ले गरेको बकपत्र।

९४. प्रतिवादी राम प्रसाद भण्डारीले लिखत किर्ते गरेका होइनन् । निजसँग मेरो राम्रो चिनाजानी छ। निजको वानी व्यवहार समेत राम्रो र इमान्दर रहेको छ । खासमा निज प्रतिवादी बनाइएका राम प्रसाद भण्डारीले वारदातका समयमा एच आर टुर एण्ड ट्राभल्सको व्यवसाय गर्नुहुन्थ्यो, ट्राभल एण्ड टुर्समै आवद्ध रहि चिनाजानी भएका यसै मुद्दामा प्रतिवादी बनाईएका अर्का प्रतिवादी दिनेश ज्ञवाली सँग व्यवसाय संचालन सम्बन्धी गफ गाफ गर्ने क्रममा निज दिनेश ज्ञवालीलाई प्रहरी द्वारा पक्राउ गर्दा सोहि ठाउमा सँगै भएको आधार कारणमा मात्रै निज प्रतिवादी राम प्रसाद भण्डारीलाई पक्राउ गरी प्रस्तुत मुद्दमा अभियोग लगाईएको हो, वास्तवमा निज राम प्रसाद भण्डारीले कुनै तवर बाट यस मुद्दा सँग सम्बन्धित छैनन्। सँगै उभिएर बसेकै भरमा पक्राउ गरी मुद्दा लागेको अवस्था हो। निजले अभियोग बमोजिमको कसूर गरेका होइनन् /छैनन् तसर्थ अभियोग माग दावी बमोजिम सजाय हुनुहुँदैन भन्ने व्यहोराको प्रतिवादी राम प्रसाद भण्डारीको साक्षी प्रेम प्रसाद भण्डारीले गरेको बकपत्र।

९५. प्रतिवादी बनाइएका राम प्रसाद भण्डारीले वारदातका समयमा ए एन् डी ट्राभल्समा काम गर्नुहुन्थ्यो, काठमाडौं आएको र सोहि ट्राभल्समा सामान्य कामकाज मात्र गर्दै आउनु भएको थियो। कुनै गलत आपराधीक गैर कानुनी काम गर्ने किसिमको हुनुहुन्न, टिकेट काटेको आधारमा मुद्दा लागेको अबस्था हो। निजले अभियोग बमोजिमको कसूर गरेका होइनन् / छैनन् तसर्थ अभियोग माग दावी बमोजिम सजाय हुनुहुँदैन भन्ने व्यहोराको प्रतिवादी सरोज कुमार यादवको साक्षी रामचन्द्र ठाकुरले गरेको बकपत्र।

९६. प्रतिवादी मनोज तामाङले लिखत किर्ते गरेका होइनन् । निजसँग मेरो राम्रो चिनाजानी छ। निजको वानी व्यवहार समेत राम्रो र इमान्दर रहेको छ। खासमा निज प्रतिवादी बनाइएका मनोज तामाङ निमा छिरिङ ट्राभल्सका संचालक हुनुहुन्छ । आफ्नो ट्राभल्सका सेवाग्राहीका रुपमा आउने सेवाग्राहीलाई ट्राभल्सले उपलब्ध गराउने सेवा प्रदान गर्दै आउनु भएको थियो। कुनै गलत आपराधीक गैर कानुनी काम गर्ने किसिमको हुनुहुन्न र आज सम्म कुनै आपराधिक काम गरेको कहिं कतै रेकर्ड समेत छैन । ट्राभल्स र टिकेटिङ सम्बन्धी सेवा प्रवाह गरेकै आधारमा निज मनोज तामाङ यस मुद्दामा जोडिनु भयो खासमा निजले अभियोग बमोजिमको कसूर गरेका होइनन् / छैनन् तसर्थ अभियोग माग दावी बमोजिम सजाय हुनुहुँदैन भन्ने व्यहोराको प्रतिवादी मनोज तामाङको साक्षी रमेश चौधरीले गरेको बकपत्र।

९७. प्रतिवादी तारा बाहादुर कुँवरले लिखते किर्ते गरेका होइनन् । निजसँग मेरो राम्रो चिनाजानी छ। निजको वानी व्यवहार समेत राम्रो र इमान्दर रहेको छ । खासमा निज प्रतिवादी बनाइएका तारा बहादुर कुँवर तत्कालिन समयमा कार्यरत कार्यालयबाट सरुवा भएको समेत एक वर्ष भैसकेको अवस्था हो, मुद्दामा उठान भएको विषय र अभियोग मा उल्लेख गरेका कुनै पनि विषय कुनै पनि आधार र प्रमाण बाट निज सँग सम्बन्धित छैनन् । सो कार्यालयको सेवा अबधि भरी राष्ट्रले तोकेको जिम्मेवारी दिएको काम गर्दै आउनु भएको हो। समाजमा समेत सकारात्मक विचार राख्ने व्यक्तित्व भएको व्यक्ती हुनुहुन्छ। कहाँ कतावाट कसरी त्यस्तो मान्छे समेतलाई झुटा मुद्दा लगाईयो। यसमा असम्बन्धित व्यक्ती आधार प्रमाण विना मुद्दामा जोडिनु भयो खासमा निजले अभियोग बमोजिमको कसूर गरेका होइनन् /छैनन् तसर्थ अभियोग माग दावी बमोजिम सजाय हुनुहुँदैन भन्ने व्यहोराको प्रतिवादी ताराबहादुर कुँवरको साक्षी कुसुम शर्माले गरेको बकपत्र।

९८. प्रतिवादी दिनेश ज्ञवालीले लिखत किर्ते गरेका होइनन् । निजसँग मेरो राम्रो चिनाजानी छ। निजको वानी व्यवहार समेत राम्रो र इमान्दर रहेको छ । खासमा निज प्रतिवादी बनाइएका दिनेश ज्ञवाली एस.के.आई. टुर्स एण्ड ट्राभल्सका संचालक हुनुहुन्छ । आफ्नो पेशागत दायित्व अनुरुप सेवाग्राहीको टिकेटिङ सम्बन्धित काम गर्नु भएको हो। आफ्ना सेवा ग्राहीलाई सजिलो छिटो सहज सेवा दिने उदेश्य साथ काम हुँदै आएको थियो। टिकेटीङ सेवा प्रदान गरेकै कारण जोडी यस मुद्दामा निज प्रतिवादीलाई जोड्ने काम गरिएको छ। खासमा कुनै

आधार प्रमाण बिना आफ्नो व्यवसाय अन्तर्गतको काम गर्दा समेत असम्बन्धित व्यक्ति जोडिएर दुःख पाएको अवस्था छ। निर्वाद रुपमा आफ्नो व्यवसाय गरी रोजगारी समेत दिई साधारण जीवन जिउँदै आएका व्यक्तीलाई विना कसूर बिना कुनै किर्ते र आपराधिक काममा संलग्न नै नभई मुद्दाबाट दुःख भोग्नु परेको छ। खासमा निजले अभियोग बमोजिमको कसूर गरेका होइनन् / छैनन् तसर्थ अभियोग माग दाबी बमोजिम सजाय हुनुहुँदैन भन्ने व्यहोराको प्रतिवादी दिनेश ज्ञवालीको साक्षी बाबुराम न्यौपानेले गरेको बकपत्र।

९९. प्रतिवादी बनाइएका आशिष भन्ने केदार बहादुर खड्काले वाल्टिक ईन् नामक होटल संचालन गर्दै आउनु भएको थियो। सोहि होटलमा कार्यरत स्टाफलाई रकम दिनु भनेर तेस्रो व्यक्ती देखाई तेस्रो व्यक्तीलाई सो रकम दिइएको रहेछ। खासमा त्यो समयमा निज प्रतिवादी बनाईएका आशिष भन्ने केदार बहादुर खड्का होटलमा नभएको समय थियो। यस बारेमा समेत पछि समाचार आएपछि स्टाफलाई सोध्दा एक व्यक्तीले अर्को व्यक्तीलाई दिनु भनेको रकम त्यही एकैछिनभरमा दिइएको रहेछ। तर पछि समाचार र मुद्दामा जोडेपछी मात्र निज प्रतिवादीलाई समेत यस विषयमा थाहा भएको हो। आफ्नै होटल व्यवसाय गर्दै आएका आशिष भन्ने केदार बहादुर खड्का सो समयमा होटल समेत नभएको र अन्जानमा कसैले त्यही ठाँउको ठाँउ कसैलाई पैसा दिनु भनेर स्टाफबाट दिईएको रकमलाई लिएर प्रस्तुत मुद्दामा जोडिन पुगी बिना अर्थ कारण र प्रमाण विना मुद्दा झेल्नु भएको छ । खासमा कुनै किर्ते वा आपराधिक काम नगरेको र त्यस्तो कुनै उदेस्य सोचमा रही कुनै काम नभएको नगरिएको हुँदा निज प्रतिवादीलाई अभियोग माग दावि बमोजिम सजाय हुनुहुन्न सफाई पाउनु पर्दछ भन्ने व्यहोराको प्रतिवादी आशिष भन्ने केदार बहादुर खड्काको साक्षी विष्णुराज खुलालले गरेको बकपत्र।

१००. प्रतिवादी विनोद कार्कीले लिखत किर्ते गरेका होइनन् । निजसँग मेरो राम्रो चिनाजानी छ। निजको वानी व्यवहार समेत राम्रो र इमान्दर रहेको छ । खासमा निज प्रतिवादी बनाइएका विनोद कार्की को आफ्नो व्यावसाय संचालन गर्दै गरेको कार्यालयमा आएका सेवा ग्राहीलाई टिकेटिङको सेवा सुविधा दिनु त सामान्य हो। यसमा पनि खासमा निज विनोद कार्की द्वारा संचालित ट्राभल एण्ड टुर्सले अर्को निङुसाड टुर्स एण्ड ट्राभल्सले टिकेट माग्दा अघि पछिको जस्तै टिकेटीङ व्यवस्थापन सहजताका लागी आदानप्रदान हुने गर्थ्यो सोहि हिसावमा अर्को टुर्स एण्ड ट्राभल्सबाट टिकेटको माग हुँदा सहजिकरण गर्ने उदेश्यका साथ टिकेट दिईएको थियो, त्यसरी टिकेट दिने कार्य अघि पछि पनि हँदै आउने गरेकोमा यसै अबस्थामा टिकेट अर्को टुर्स एण्ड ट्राभल्सबाट कस्को लागि किन के का लागि टिकेट काटियो त्यो विषय निज विनोद कार्कीलाई थाहा जानकारी हुने कुरै भएन। तेस्रो व्यक्ती जो निज विनोद कार्कीको ट्राभल्समा आएका समेत छैनन् कुनै सम्पर्क चिनाजानी समेत नभएको अवस्थामा असम्बन्धित व्यक्तिलाई मुद्दा मा जोड्ने काम मात्र भएको छ । कुनै पनि किर्ते काम वा अपराधिका कार्यमा कुनै

आधार प्रमाण बिना अभियोग लगाईनु हुँदैन निजलाई अभियोग बमोजिमको कसूर गरेका होइनन्/छैनन् तसर्थ अभियोग माग दावी बमोजिम सजाय हुनुहुँदैन भन्ने व्यहोराको प्रतिवादी बिनोज कार्कीको साक्षी शिवशंकर निरौला तथा सोही मिलानको बेहोराको बकपत्र गर्ने गोविन्द सिंह र तेजराज थापाले गरेको बकपत्र।

१०१. प्रस्तुत मुद्दामा निज प्रतिवादी बनाईएका अरुण दाहाल आफ्नै रेष्टुडेन्ट व्यवसाय संचालन गर्दै आउनुभएको छ। उहाँले कुनै पनि व्यक्तिलाई भिजिट भिषामा जानका लागी कुनै पनि किसिमका श्रम स्विकृति र प्रहरी रिपोर्ट बनाउनु भएको छैन। उहाँको रेष्टुरेन्ट तथा कार्यालयबाट कुनै पनि कागजातहरु बरामद भएका छैनन्। आफ्नै व्यवसाय राम्रो संचालन गर्दै आउनु भएका निजलाई झुटा मुद्दा लगाईएको हो। आफ्नै पेशा घर परिवार समाजमा राम्रो चालचलन वानी व्यहोरा सहित हिड्नु भएका निजलाई कुनै तथ्य प्रमाण विना कारागारमा राखी घरको काम व्यवहार सम्हाल्दै आउनुभएको जिम्वेवार मान्छेलाईनै झुटो मुद्दामा संलग्न गरिनु हुँदैन। कुनै पनि किसिम तरिका आधारमा संलग्न नै नभएको व्यक्तीलाई अभियोग माग दावी बमोजिम सजाय हुनुहुँदैन सफाई पाउनु पर्छ भन्ने व्यहोराको प्रतिवादी अरुण दाहालको साक्षी सुदर्शन चौलागाईले गरेको बकपत्र।

१०२. घटना विवरण कागजमा भएको सही मेरो हो । व्यहोरा मेरो होइन । मलाई पढ्न नदिई सही छाप गराएको थियो । यस बिषयमा मलाई केही जानकारी छैन भन्ने व्यहोराको घटना विवरण कागजका साक्षी दिपेन्द्र खड्काले गरेको बकपत्र ।

१०३. प्रस्तुत मुद्दामा मिति २०८०/१०/१५ गते म समेतले दिएको परीक्षण प्रतिवेदनको व्यहोरा पढीबाची सुनाईन्छ/देखाईन्छ, उक्त व्यहोरा र सहिछाप मेरो आफ्नै हो। हेरी चिनी सनाखत गरीदिएँ। उक्त मुद्दामा प्रतिवादीहरु मध्यका मनोज तामाङको साथबाट बरामद भएको भनिएको मोवाइल सेट थान-१ तथा सरोज कुमार यादवको साथवाट बरामद भएको भनिएको मोवाइल सेट थान-२ मैले परीक्षण गरेको हो। उक्त मोवाइलहरुबाट परिक्षणका क्रममा प्राप्त भएका सम्पूर्ण विवरण सहितको व्यहोरा प्रतिवेदन साथ पेश भएको पेन ड्राइभ थान-१ मा रहेको छ भन्ने व्यहोराको प्रा.प्र.ना.नि. कमल श्रीस रानाले गरेको बकपत्र ।

१०४. प्रस्तुत मुद्दामा मिति २०८०/१०/११ गते म समेतले दिएको परीक्षण प्रतिवेदनको व्यहोरा पढीवाची सुनाईन्छ/देखाईन्छ, उक्त व्यहोरा र सहिछाप मेरो आफ्नै हो। हेरी चिनी सनाखत गरीदिएँ। उक्त मुद्दामा प्रतिवादीहरु मध्यका अरुण दाहालको साथबाट बरामद भएको भनिएको ल्यावटप थान-२ तथा मनोज तामाङको साथबाट बरामद भएको भनिएको CPU थान-२ मैले परीक्षण गरेको हो। उक्त ल्यावटप र CPU बाट परिक्षणका क्रममा प्राप्त भएका सम्पूर्ण विवरण सहितको व्यहोरा प्रतिवेदन साथ पेश भएको डिभिडी थान ४ मा रहेको छ भन्ने व्यहोराको प्रा.प्र.ना.नि. जिवन प्रसाद अधिकारीले गरेको बकपत्र ।

१०५. प्रस्तुत मुद्दामा मिति २०८१/०६।२० गते म समेतले दिएको परीक्षण प्रतिवेदनको व्यहोरा पढीवाची सुनाईन्छ/देखाईन्छ, उक्त व्यहोरा र सहिछाप मेरो आफ्नै हो। हेरी चिनी सनाखत गरीदिएँ। उक्त मुद्दामा प्रतिवादीहरु मध्यका केदार बहादुर खड्काको साथबाट बरामद भएको Service Tag 75WPKB2 भएको Inspiron लेखेको Dell कम्पनीको CPU थान-१ मैले परीक्षण गरेको हो। उक्त CPU बाट परिक्षणका क्रममा प्राप्त भएका सम्पूर्ण विवरण सहितको व्यहोरा प्रतिवेदन साथ पेश भएको संकेत 653-KK दिईएको डिभिडी थान -१ मा रहेको छ भन्ने व्यहोराको प्रा.प्र.ना.नि. उमेश कुमार चौधरीले गरेको बकपत्र ।

१०६. प्रस्तुत मुद्दामा मिति २०८०/१२/०१ गते म समेतले दिएको परीक्षण प्रतिवेदनको व्यहोरा पढीवाची सुनाईन्छ देखाईन्छ, उक्त व्यहोरा र सहिछाप मेरो आफ्नै हो। हेरी चिनी सनाखत गरीदिएँ। माथिको मितिमा उल्लेखित परीक्षण प्रतिवेदनको क्रम सख्या १ अनुसार विवादित लिखत संकेत नं Q1 देखि Q9 सँग नरविर खड्कासँग लिइएको नमूना लिखत सकेत 51 देखि S15 एक आपसमा तुलना गर्दा लिखतमा हुने गुण र विशेषताहरु परीक्षण गर्नका लागि प्रयाप्त नभएको हुँदा कुनै एकिन राय दिन सकिएन। परीक्षण प्रतिवेदनको क्रमसंख्या २ अनुसार बिबादित प्रतिलिपि लिखतका गुण र विशेषताहरु परीक्षण गर्न नमिल्ने भएको हुँदा कुनै एकिन राय दिन सकिएन छ भन्ने व्यहोराको प्रा.प्र.ना.नि. प्रकाश खत्रीले गरेको बकपत्र ।

१०७. प्रस्तुत मुद्दामा मिति २०८०/०९/२२ गते म समेतले दिएको परीक्षण प्रतिवेदनको व्यहोरा पढीवाची सुनाईन्छ/देखाईन्छ, उक्त व्यहोरा र सहिछाप मेरो आफ्नै हो। हेरी चिनी सनाखत गरीदिएँ। उक्त मुद्दामा प्रतिवादीहरु मध्यका नरविर खड्काको साथबाट बरामद भएको भनिएको एप्पल कम्पनीको संकेत न NK दिएको मोबाईल फोन मैले परीक्षण गरेको हो। उक्त मोबाईल फोनबाट परिक्षणका क्रममा प्राप्त भएका सम्पूर्ण विवरण सहितको व्यहोरा प्रतिवेदन साथ पेश भएको संकेत 610 'NK' दिईएको डिभिडी थान एक्रमा रहेको छ भन्ने व्यहोराको प्रा.प्र.ना.नि. सुनिल कार्कीले गरेको बकपत्र ।

## <u>कसूर ठहर निर्णय</u>

१०८. नियम बमोजिम साप्ताहिक तथा आजको दैनिक पेशी सुचीमा चढी निर्णयार्थ ईजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट बिद्धान सहायक जिल्ला न्यायाधिवक्ता श्री गणेश कुमार शर्मा ,प्रतिवादीहरु दिनेश ज्ञवाली र रामप्रसाद भण्डारीको तर्फबाट बिद्धान अधिबक्ता श्री केशरमणी अर्याल, प्रतिवादी रविन अर्यालको तर्फबाट बिद्धान अधिबक्ता श्री शिव अर्याल,प्रतिवादी नरविर खड्काको तर्फबाट बिद्धान अधिबक्ताहरु श्री कृष्ण बहादुर कटुवाल र श्री रामचन्द्र आर.सी.गौतम , प्रतिवादीहरु मनोज तामाङ् र पदम लामाको तर्फबाट बिद्धान अधिबक्ताहरु श्री विष्णुमांया वस्याल र श्री मेदिनी प्रसाद पौडेल, प्रतिवादी ताराबहादुर कुंवरको तर्फबाट बिद्धान वरिष्ठ अधिबक्ता श्री ज्ञानेन्द्र पोखेल र बिद्धान अधिवक्ताहरु श्री कविता मल्ल एवं श्री

कृष्णकुमार श्रेष्ठ , प्रतिवादी अरुण दाहालको तर्फबाट बिद्धान अधिबक्ता श्री सुरज अधिकारी, प्रतिवादी सरोजकुमार यादवको तर्फबाट बिद्धान अधिबक्ता श्री आजाद कार्की , प्रतिवादी बिनोद कार्कीको तर्फबाट बिद्धान वरिष्ठ अधिबक्ताहरु श्री डिल्ली बहादुर कार्की र श्री योगेन्द्रबहादुर अधिकारी तथा बिद्धान अधिबक्ता श्री नरबहादुर योगी, प्रतिवादी आशिष भन्ने केदारबहादुर खड्काको तर्फबाट बिद्धान अधिबक्ताहरु श्री शिवहरि भण्डारी र श्री मन्जु डंगोल खड्का ,प्रतिवादीहरु कुशल बराल,शैलेन्द्र ढकाल,विमल पौडेल,विष्णु अर्याल भन्ने विष्णुप्रसाद आचार्य,बिकास डंगोल,पिताम्बर रिमाल र सुजन फागो लिम्बु समेत ७ जनाको तर्फबाट बिद्धान अधिवक्ताहरु श्री अपुर्व खतिवडा,श्री हरिप्रसाद पंगेनी र श्री परशुराम पाण्डे तथा प्रतिवादी कौशिला मगरको तर्फबाट बिद्धान अधिबक्ताहरु श्री ऋषिराम उपाध्याय र श्री हरिवावु श्रेष्ठले गर्नु भएको वहस जिकिर समेत सुनियो ।

१०९. प्रतिवादीहरु उपरको अभियोग दावी हेर्दा प्रतिवादीहरु गिता शाह, अरुण दाहाल, सरोज कुमार यादव, नरविर खड्का, मनोज तामाङ, पदम लामा, राम प्रसाद भण्डारी, बिनोद कार्की, दिनेश ज्ञवाली, कौशिला मगर, लक्ष्मी राई, रिता दमाई, आशिष भन्ने केदार बहादुर खड्का, अध्यागमन कार्यालयका अधिकृतहरु कुशल बराल, तारा बहादुर कुँवर, शैलेन्द्र ढकाल, बिमल पौडेल, बिष्णु अर्याल भन्ने बिष्णु प्रसाद आचार्य, विकाश डंगोल, पिताम्बर रिमाल र सुजन फागो समेतले मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१) र (२) बमोजिम लिखत किर्तेको कसूर गरेकोले निज प्रतिवादीहरुलाई सोही संहिताको दफा २७६ को उपदफा (३) देहाय (ग) बमोजिम सजाय गरी निज प्रतिवादीहरुलाई संगठित अपराध सम्बन्धी कसूरतर्फ संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१),(२),(३) को खण्ड (क) तथा दफा ५ बमोजिमको कसूरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ९(क) र ९(ग) बमोजिम सजाय गरी प्रतिवादीहरुबाट बरामद नगद रु.२,००,०००।— (दुई लाख) संगठित अपराध निवारण ऐन, २०७० को दफा ५१ बमोजिम र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम जफत हुन तथा प्रतिवादी रविन्द्र अर्याल भन्ने रविन अर्यालले सह-प्रतिवादी दिनेश ज्ञावली र राम प्रसाद भण्डारी समेतलाई प्रस्तुत कसूरमा सहयोग पुऱ्याएकोले निज प्रतिवादी रविन्द्र अर्याल भन्ने रविन अर्याललाई मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (१) र (२) बमोजिम लिखत किर्ते तथा संगठित अपराध निवारण ऐन, २०७० को कसूरमा मतियारको भूमिका निर्वाह गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (१) र उपदफा (२) बमोजिमको कसूर गरेको हंदा निज प्रतिबादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ को उपदफा (३) देहाय (ग) बमोजिम तथा संगठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) र ९(ग) बमोजिम हुने सजायमा निज प्रतिवादी रविन्द्र अर्याल भन्ने रविन अर्याललाई मुलुकी अपराध संहिता, २०७४ को दफा ३६ को उपदफा (३)(ख) बमोजिम सजाय गरी

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम प्रतिवादीहरुबाट पीडित राहतकोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउ भन्ने वादी नेपाल सरकारको अभियोग मागदाबी रहेको देखिन्छ।

११०. उल्लिखीत अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा मिति २०८०।०७।१४ गतेको बिभिन्न एयरलाईन्सको उडान द्वारा पर्यटक प्रवेशाज्ञा लिई बिभिन्न देश प्रस्थान गर्न लागेका यात्रुहरु कौशिला मगर र लक्ष्मी राईलाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको प्रस्थान एरियामा चेकजाँच गर्दा निजहरुको हवाई यात्रा अनुमति समेतका कागजातहरु शंकास्पद देखिएकोले निज यात्रुहरुको राहादानी सहितको कागजातहरु नियन्त्रणमा लिई आबश्यक अनुसन्धानको लागि पठाईएको भन्ने ब्यहोराको काठमाण्डौ उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवन काठमाण्डौलाई लेखिएको त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचर काठमाण्डौंको च.नं.१०८४ मिति २०८०।०७।१५ गतेको पत्रको आधारमा प्रस्तुत मुद्धाको अनुसन्धान भएको देखिन्छ ।

१११. निज यात्री कौशिला मगर र लक्ष्मी राईको श्रम स्वीकृती लगायतका कागजातहरु शंकास्पद देखिएकोले सो सम्बन्धमा निजहरुसँग बुझी कागज गर्दा हामीहरु कुवेत जानको लागी श्रम स्वीकृती र पुलिस रिपोर्टको कागजात चाहिन्छ भनि जिल्ला काठमाण्डौ चावहिल बस्छु भनि बताउने ९८२८९१७३१४ नं. प्रयोग गर्ने गिता शाह र निजसँग अर्को एक जना पुरुष ब्यक्तिले हामीहरुको नामको नक्कली श्रम स्वीकृती लगायतको कागजात बनाई दिएका हुन भनि खुलाएको हुँदा निजहरुलाई खोजतलास गर्ने क्रममा मिति २०८०।०८।१७ गते गिता शाह र अरुण दाहाललाई फेला पारी निजहरुलाई सोधपुछ गर्दा गिता शाहले अरुण दाहाल मार्फत विदेश जाने बिभिन्न ब्यक्तिहरुको नक्कली श्रम स्वीकृती, पुलिस रिपोर्ट लगायतका कागजात बनाई दिने गरेको, अरुण दाहाललाई सोधपुछ गर्दा गिता शाह मार्फत आएका बिभिन्न ब्यक्तिहरुको नक्कली श्रम स्वीकृती, पुलिस रिपोर्ट लगायतका कागजात बनाई ट्राभल्समा काम गर्ने मो.नं.९८११८३१११० र ९८१८६७९०२४ प्रयोग गर्ने सरोज कुमार यादवलाई दिने गरेको र निजले सो नक्कली कागजातको आधारमा बिमानस्थलमा सेटिङ मिलाई बिभिन्न व्यक्तिहरुलाई भिजिट भिषामा बिदेश पठाउने गरेकाले कारवाही गरिपाउं भन्ने प्रहरी प्रतिवेदन रहेको छ।

११२. उल्लिखित तथ्यको आलोकमा प्रस्तुत मुद्धामा मुलतःमिति २०८०।०७।१४ गतेको बिभिन्न एयरलाईन्सको उडान द्वारा पर्यटक प्रवेशाज्ञा लिई बिभिन्न देश प्रस्थान गर्न लागेका यात्रुहरु कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद भएका निजहरुको नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति कागज किर्ते गरी बनाईएको हो,होईन? सो किर्ते गरी कागज बनाएको कसुरजन्य कार्य संगठित अपराधको कसुर हो,होईन? र उक्त कसुरमा के कुन प्रतिवादीहरुको

के कस्तो संलग्नता रहेको छ ? भन्ने बिषय नै प्रस्तुत मुद्धामा निरोपण गर्नु पर्ने बिषय रहेको देखिन आउछ ।

११३. सर्वप्रथम प्रस्तुत मुद्धामा मुद्धा अनुसन्धान पछि अभियोग पत्र दायर गर्दा प्रतिवादी समेत बनाईएका यात्रुहरु कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद भएका निजहरुको नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति किर्ते गरी बनाएको हो ,होईन ? भन्ने सम्बन्धमा बिचार गर्दा निज कौशिला मगर र लक्ष्मी राईले मौकामा कागज गर्दा बरामद कागज गिता शाह र निजसँग अर्को एक जना पुरुष ब्यक्तिले हामीहरुको नामको नक्कली श्रम स्वीकृती लगायतको कागजात बनाई दिएका हुन भनी उल्लेख गरेको देखिएको र मिसिल संलग्न नेपाल प्रहरी प्रधान कार्यालयको च.न.९०५४ मिति २०८०।९।१३ को पत्रमा बरामद प्रहरी रिपोर्ट यात्री कौशिला मगर र लक्ष्मी राईको नाममा जारी नभई भोजबहादुर नामका व्यक्तिको नाममा जारी भएको भन्ने उल्लेख भएकाले उल्लिखित सरकारी निकायबाट जारी भएको भनिएका कौशिला मगर र लक्ष्मी राईको नामका चारित्रिक प्रमाण पत्र (प्रहरी रिपोर्ट) र श्रम स्वीकृतिको कागज किर्ते गरी बनाएको भन्ने तथ्यमा विवाद भएन।

११४. प्रस्तुत मुद्धामा बरामद भएका उल्लिखित प्रहरी रिपोर्ट र श्रम स्विकृती किर्ते गरी बनाएको कसुरजन्य कार्य संगठित अपराधको कसुर हो,होईन? भन्ने सम्बन्धमा बिचार गर्दा सम्मानित सर्वोच्च अदालतबाट **०७५-CR-०२२४ को अपहरण तथा शरिर बन्धक एवं संगठित अपराध मुद्धामा "....संगठित अपराध निवारण ऐन, २०७० को कानूनी व्यवस्थाबाट अपराधमा तीन वा तीनभन्दा बढी व्यक्तिहरुको संलग्नता हुनासाथ स्वतः संगठित अपराधको कसूर प्रमाणित हुन सक्ने अवस्था देखिँदैन। संगठित अपराधको कसूर हुनका लागि आपराधिक समुहको आपराधिक, आर्थिक वा कुनै भौतिक लाभका लागि स्थापित स्थायी संरचनामा आवद्ध तीन वा तीन भन्दा वढी व्यक्तिहरुको समूहद्वारा आपराधिक समूहको निर्देशनमा, आपराधिक समुहको तर्फबाट, आपराधिक समूहसंग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेको तथ्य ठोस प्रमाणबाट पुष्टी हुनु पर्दछ।...."** भन्ने कानुनी व्याख्या भएको र प्रस्तुत लिखत किर्ते सम्बन्धी कसुर मुद्धामा यी प्रतिवादीहरुले कुनै स्थायी संगठित संरचना वनाई सोको माध्यमबाट आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर लिखत किर्ते गरेको भन्ने तथ्य पुष्टी हुने ठोस सवूद प्रमाण वादी पक्षबाट पेश हुन सकेको नदेखिदा प्रस्तुत मुद्धामा समावेश भएको कसुरलाई संगठित अपराधको कसुर हो भनी मान्न मिलेन ।

११५. प्रस्तुत मुद्धामा भएको कसुर संगठित अपराधको कसुर भन्ने देखिन नआएको तर प्रस्तुत मुद्धामा सरकारी लिखत किर्ते सम्बन्धी कसुर स्थापित भएकोले सो कसुरमा को कुन

प्रतिवादीहरुको के कस्तो संलग्नता रहेछ भन्ने बिषयमा निर्णय दिनु पर्ने भई **प्रतिवादीहरु लक्ष्मी राई र रिता दमाइका** हकमा विचार गर्दा निजहरुका नाममा यस अदालतबाट जारी भएको म्याद रितपुर्वक तामेल भएकोमा निजहरुले सुरु म्याद नै गुजारी बसेको देखिदा निज प्रतिवादीहरु लक्ष्मी राई र रिता दमाईका हकमा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९८ बमोजिम मुल्तवी राखिदिने ठहर्छ ।

११६. अर्का **प्रतिवादीहरु गिता शाह र अरुण दाहालको** हकमा विचार गर्दा मिति २०८०।७।१४ गते भिजिट भिसामा बिदेश जान लाग्दा फेला परेका प्रतिवादी कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद निजहरुका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी कागजात सम्बन्धित निकायबाट जारी नभइ नक्कली रहेको भन्ने मिसिल प्रमाणबाट देखिएको, सो बरामद प्रहरी रिपोर्ट र श्रम स्वीकृतिको कागज प्रतिवादी गिता शाहले बनाइ दिएको भन्ने कौशिला मगर र लक्ष्मी राइको मौकाको कागज रहेकोमा सोही व्यहोरा उल्लेख गरी निज कौशिला मगरले यस अदालत समेतमा बयान गरेको, निज प्रतिवादी गिता शाहले अनुसन्धानमा बयान गर्दा बरामद कागज प्रतिवादी अरुण दाहालले बनाई दिएको भन्ने व्यहोरा उल्लेख गरेकोमा निज प्रतिवादी अरुण दाहालले समेत निज प्रतिवादी गिता शाहको अनुरोधमा आफूले सो कागजात बनाइ दिएको भनी अनुसन्धान अधिकारी समक्षको बयानमा उल्लेख गर्नुका साथै निज प्रतिवादी अरुण दाहालको कम्प्युटरबाट उल्लेखित बरामद कागजको स्क्यान कपी फेला परेको भन्ने देखिएको समेतका मिसिल संलग्न प्रमाण कागजको मुल्याङ्नबाट निज प्रतिवादीहरु गिता शाह र अरुण दाहालले कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद निजहरुका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी सरकारी निकायबाट जारी हुने कागजात किर्ते गरी वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ (१) र (२) बमोजिमको कसूर गरेको ठहर्छ । साथै निज प्रतिवादी अरुण दाहालले मुद्धा अनुसन्धानको क्रममा बयान गर्दा आफूले किर्ते गरी तयार गरेको कागजातका आधारमा प्रतिवादीहरु कौशिला मगर र लक्ष्मी राई समेतका व्यक्तिलाई प्रतिवादी **सरोज कुमार यादवले** अध्यागमन कार्यालयमा सेटिङ गरी विदेश पठाउन सहयोग गरेको भन्ने व्यहोरा उल्लेख गरेको देखिएको र निज प्रतिवादी सरोज कुमार यादवले समेत अनुसन्धान अधिकारी समक्ष बयान गर्दा त्यसरी अरुण दाहाल समेतले बनाएका नक्कली कागजको आधारमा बिभिन्न व्यक्तिलाई भिजिट भिषामा बिदेश पठाउन सहयोग गर्ने गरेको भनी बयान गरेको देखिएको समेतका मिसिल संलग्न कागज प्रमाणबाट निज प्रतिवादी सरोज कुमार यादवले ऐ दफा २७६ (१) र (२) बमोजिमको कसूरको ऐ दफा ३६ बमोजिमको मतियारको कसूर गरेको ठहर्छ ।

११७. अर्का **प्रतिवादीहरु नरविर खड्का, तारा बहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, विष्णु अर्याल भन्ने विष्णु प्रसाद आचार्य, विकास डंगोल, पिताम्बर रिमाल, सुजन फागो**

**लिम्बु , पदम लामा र मनोज तामाङको** हकमा बिचार गर्दा निज प्रतिवादीहरु मध्ये नरविर खड्का वारदातको समयमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अध्यागमन अधिकृतको भुमिकामा रहेको र प्रतिवादीहरु तारा बहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, विष्णु अर्याल भन्ने विष्णु प्रसाद आचार्य, विकास डंगोल, पिताम्बर रिमाल र सुजन फागो लिम्बु समेतका ८ जना प्रस्तुत मुद्धामा बारदात हुनु पुर्व सोही बिमान स्थलमा अध्यागमन अधिकृतको भुमिकामा रहेको भन्ने देखिए पनि निजहरु बारदात मितिमा अन्यत्र सरुवा भई गएको भन्ने देखिन्छ ।प्रतिवादीहरु मनोज तामाङ र पदम लामा निमा छिरिङ टुर्स एण्ड ट्राभल्सका संचालक रहेको देखिन्छ ।निज प्रतिवादीहरु सवै जनाले प्रस्तुत मुद्धामा विवादमा रहेको कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद भएका निजहरुका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी सरकारी निकायबाट जारी हुने कागजात किर्ते नगरेको भनी अनुसन्धान अधिकारी तथा यस अदालतमा समेत इन्कारी बयान गरेको देखिन्छ । कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद निजहरुका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी सरकारी निकायबाट जारी हुने कागजको प्रतिलिपि वा सक्कल निज प्रतिवादीहरुको साथबाट बरामद भएको छैन ।उक्त कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद निजहरुका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी सरकारी निकायबाट जारी हुने कागजात यी प्रतिवादीहरुले बनाएको वा निजहरुको आदेश वा मतसल्लाहमा बनाएको भन्ने अन्य प्रतिवादीहरुको यस अदालतमा पोल बयान छैन ।नत निज कौशिला मगर र लक्ष्मी राईको नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी सरकारी निकायबाट जारी हुने कागजात यी प्रतिवादीहरुले बनाएको वा निजहरुको आदेश वा मतसल्लाहमा बनाएको भनी कागज धारक कौशिला मगर र लक्ष्मी राईले कही कतै उल्लेख गरेको भन्ने देखिन्छ।यस्तो अवस्थामा निज प्रतिवादीहरु नरविर खड्का, तारा बहादुर कुँवर, कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, विष्णु अर्याल भन्ने विष्णु प्रसाद आचार्य, विकास डंगोल, पिताम्बर रिमाल, सुजन फागो लिम्बु ,पदम लामा र मनोज तामाङले कौशिला मगर र लक्ष्मी राईको नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी कागज किर्ते गरी बनाएको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टी हुन आएन ।

प्रतिवादी मनोज तामाङले अनुसन्धान अधिकारी समक्षको बयानमा बिभिन्न व्यक्तिहरुलाई ट्राभल एजेन्सी मार्फत भिजिट भिषामा विदेश पठाउने काम गर्नु परेमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अध्यागमन अधिकृतको भुमिकामा रहेका प्रतिवादी नरविर खड्कासंग मिलेर काम गर्ने गरेको, निजलाई प्रतिवादी तारा बहादुर कुँवरले चिनजान गराई दिएको , निज प्रतिवादी नरविर खड्काले काममा सहयोग गरेबापत निजलाई आर्थिक सहयोग गर्ने गरेको तथा निजलाई **दुईलाख रुपैया** सापटी समेत दिएको भन्ने व्यहोरा उल्लेख गरेकोमा प्रतिवादी पदम

लामाले नरविर खड्कालाई दिन भनी बाल्टिक होटलमा लगी दुईलाख रुपैया छाडेको हुं भनी अनुसन्धान अधिकारी समक्ष बयान गरेको देखिन्छ ।त्यस्तै प्रतिवादी नरविर खड्काले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा मेरो साथबाट बरामद भएको दुई लाख रुपैया प्रतिवादी पदम लामाले दिएको हो, बिमानस्थलमा भिषा सहजिकरणको लागी एउटा समिति रहने गरेको र त्यस्तो समितिमा सह-प्रतिवादीहरु कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, विष्णु अर्याल भन्ने विष्णु प्रसाद आचार्य, विकास डंगोल, पिताम्बर रिमाल र सुजन फागो लिम्बु रहेको तथा सो समितिले एजेन्ट मार्फत आउने रकम के कंहा बिभाजन गर्छन आफुलाई थाहा नभएको भनी वयानमा उल्लेख गरेको देखिन्छ। निज प्रतिवादीहरुको अनुसन्धान अधिकारी समक्ष भएको उल्लिखित वयान व्यहोरा हेर्दा सरकारी कामको सिलसिलामा सहयोग गरेबापत प्रतिवादी नरविर खड्का समेतका अध्यागमन अधिकृतहरुले रकम लिने गरेको भन्ने देखिन्छ ।निजहरुको उक्त वयान बमोजिम त्यसरी कुनै सरकारी कामको सिलसिलामा राष्ट्रसेवक कर्मचारीलाई रिसवत दिने र निजहरुले लिने कार्य गरेको छ छैन ? भन्ने बिषयमा प्रस्तुत लिखत किर्ते सम्बन्धी मुद्धाबाट हेरिने बिषय नभई सो सम्बन्धमा अख्तियार प्राप्त निकायबाट छुट्टै अनुसन्धान गरी अभियोजन पेश भएको अवस्थामा अधिकार प्राप्त अदालतबाट हेरिने बिषय हो ।त्यस्तै कुनै सरकारी कर्मचारीले आफुलाई कानुनले तोकेको जिम्मेवारी कानुनले तोकेको मापदण्ड बिपरित गरेको छ वा निजले आफु सेवामा रहेको सेवा संचालन सम्बन्धी कानुनले तोकेको आचरण सम्बन्धी नियमको बिपरित काम गरेको छ भने सो बिषयमा सुक्ष्म निगरानी गरी निज उपर छुट्टै छानविन गरी सेवा संचालन सम्बन्धी कानुन अनुरुप अधिकार प्राप्त अधिकारीले आवश्यक प्रक्रिया पुर्याई कारवाही गर्न सक्ने बिषय भएको हुंदा सो बिषय प्रस्तुत लिखत किर्ते सम्बन्धी मुद्धाको न्याय निरोपणको बिषय हुन सक्ने नदेखिएकोले निज प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्षको बयानमा उल्लेख गरेबमोजिम निजहरु बीच रकम दिनुलिनु गरेको भन्ने कार्य प्रस्तुत लिखत किर्ते सम्बन्धी मुद्धामा न्याय निरोपणको बिषय रहेको मान्न मिलेन ।

११८. **प्रतिवादीहरु रामप्रसाद भण्डारी, दिनेश ज्ञवाली, रविन्द्र अर्याल भन्ने रविन अर्याल, विनोद कार्की र आशिष भन्ने केदार खड्काको** हकमा बिचार गर्दा निज प्रतिवादीहरु सवै जनाले प्रस्तुत मुद्धामा विवादमा रहेको कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद भएका निजहरुका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी सरकारी निकायबाट जारी हुने कागजात किर्ते नगरेको भनी अनुसन्धान अधिकारी तथा यस अदालतमा समेत इन्कारी बयान गरेको देखिन्छ। कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद निजहरुका नामको प्रहरी रिपोर्ट

र श्रम स्वीकृति सम्बन्धी सरकारी निकायबाट जारी हुने कागज निज प्रतिवादीहरु रामप्रसाद भण्डारी, दिनेश ज्ञवाली, रविन्द्र अर्याल भन्ने रविन अर्याल, विनोद कार्की र आशिष भन्ने केदार खड्काको साथबाट बरामद भएको छैन ।उक्त कौशिला मगर र लक्ष्मी राईको साथबाट बरामद निजहरुका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी सरकारी निकायबाट जारी हुने कागजात यी प्रतिवादीहरुले बनाएको वा निजहरुको आदेश वा मतसल्लाहमा बनाएको भन्ने अन्य प्रतिवादीहरुको यस अदालतमा पोल बयान छैन ।नत निज कौशिला मगर र लक्ष्मी राईको नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति कागजात यी प्रतिवादीहरुले बनाएको वा निजहरुको आदेश वा मतसल्लाहमा बनाएको भनी कागज धारक कौशिला मगर र लक्ष्मी राईले कही कतै उल्लेख गरेको भन्ने देखिन्छ।यस्तो अवस्थामा निज प्रतिवादीहरु रामप्रसाद भण्डारी, दिनेश ज्ञवाली, रविन्द्र अर्याल भन्ने रविन अर्याल, विनोद कार्की र आशिष भन्ने केदार खड्काले कौशिला मगर र लक्ष्मी राईको नामको प्रस्तुत मुद्धामा विवादमा रहेको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी कागज किर्ते गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट पुष्टी हुन आएन

११९. **प्रतिवादी कौशिला मगरको** हकमा बिचार गर्दा मिति २०८०।७।१४ गते भिजिट भिसामा बिदेश जान लागेको अवस्थामा निज प्रतिवादी कौशिला मगरको साथबाट निजका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी कागजात वरामद भएको छ ।उक्त कागज सम्बन्धित निकायबाट जारी नभइ नक्कली रहेको भन्ने तथ्यमा विवाद छैन ।सो बरामद कागजका सम्बन्धमा मौकामा घटनाविवरण कागज गरेकी निज कौशिला मगरलाई वादी पक्षले अभियोगपत्र पेश गर्दा प्रतिवादीको रुपमा उल्लेख गरेको देखिन्छ ।मौकामा फरार रहेकी निज प्रतिवादी कौशिला मगरले यस अदालतमा उपस्थित भई बयान गर्दा मलाई मैले काम गर्ने होटेलमा खाजा खान आउने जाने गर्ने गिता शाह भन्ने दिदीले तिमीलाई म विदेश दुवई पठाइ दिन्छु भनी मेरो नागरिकता र पासपोर्ट लिनु भएको थियो । उहाँले मलाई विदेश जाने भनी त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा बोलाएकोमा म त्रिभुवन विमानस्थल परिसरमा पुगे पश्चात गिता दिदीले मलाई फोन गरी आजलाई जान मिलेन फर्कनु ।पछि मिलाएर पठाउँछु भनेकोले म त्यहाँबाट फर्केकी हुँ । म निर्दोष छु । म सोझो मान्छेलाई गिता शाहले फसाएकी हुन् । मेरो आर्थिक अवस्था कमजोर भएको कारण म विदेश जान लागेको हो । मलाई उहाँले यसरी नक्कली कागज बनाई पठाउनु हुन्छ भन्ने थाहा भएको भए मैले उहाँलाई नागरिकता र पासपोर्ट दिने थिइन् भन्ने व्यहोरा उल्लेख गरी निज प्रतिवादी कौशिला मगरले यस अदालतमा कसुरमा इन्कार रही बयान गरेको देखिन्छ ।निजको सो बयानबाट निज उचित रोजगारको अभावमा बाध्यतावश रोजगारीको लागी विदेश जान लागेको आफै पिडित महिला रहेको भन्ने देखिन आएको र निजले निजबाट बरामद निजका नामको प्रहरी रिपोर्ट र श्रम स्वीकृति सम्बन्धी कागजात आफै बनाएको भन्ने पनि नदेखिएको यस अवस्थामा निजले उक्त लिखत किर्ते सम्बन्धी कसुर गरेको भनी कसुरदार ठहराउनु विवेकसम्मत र न्यायोचित हुने देखिएन।

१२०. अतःप्रतिवादीहरु नरविर खड्का, पदम लामा, मनोज तामाङ, रामप्रसाद भण्डारी, दिनेश ज्ञवाली, रविन्द्र अर्याल भन्ने रविन अर्याल, विनोद कार्की, तारा बहादुर कुँवर, आशिष भन्ने केदार खड्का, कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, विष्णु अर्याल भन्ने विष्णु प्रसाद आचार्य, विकास डंगोल, पिताम्बर रिमाल, सुजन फागो लिम्बु र कौशिला मगर उपरको अभियोग दाबी शंकारहित रुपमा पुष्टि हुन नआएकाले निज प्रतिवादीहरुले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ ।

१२१. माथि उल्लेख भए बमोजिम प्रतिवादीहरु गिता शाह र अरुण दाहालले वादी नेपाल सरकारको अभियोग दाबी बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ (१) र (२) बमोजिमको कसूर गरेको र प्रतिवादी सरोज कुमार यादवले ऐ दफा २७६ (१) र (२) बमोजिमको कसूरको ऐ दफा ३६ बमोजिमको मतियारको कसूर गरेको ठहरी फैसला भएको र निज प्रतिवादीहरु गिता शाह, अरुण दाहाल र सरोज कुमार यादवलाई ऐ दफा २७६ (३) (ग) समेतको आधारमा सजाय गरिपांउ भन्ने अभियोग दावी रहेकाले निज प्रतिवादीहरुलाई हुने सजाय निर्धारण सम्बन्धमा फौज्दारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन)ऐन,२०७४ को दफा ८ र ९ बमोजिम छुट्टै सुनुवाइ गर्नु पर्ने भएकोले ७ दिन भित्र प्रतिवादीहरु तर्फका विद्वान कानून व्यवसायीबाट र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमार्फत सजाय पुर्वको प्रतिवेदन लिई मिति २०८१।८।२६ को पेशी तोकी नियमानुसार पेश गर्नू ।

## सजाय निर्धारण सम्वन्धी निर्णय

१२२. यसमा सजाय निर्धारणको लागी पेश हुन आएको प्रस्तुत मुद्धामा पेश भएको सजाय पुर्वको प्रतिवेदन सहितको मिसिल अध्ययन गरी प्रतिवादी अरुण दाहालको तर्फबाट उपस्थित बिद्धान अधिवक्ता श्री सुरज अधिकारी र प्रतिवादी गिता शाहको तर्फबाट उपस्थित बिद्धान अधिवक्ता श्री भिमप्रसाद ढकालले गर्नु भएको बहस समेत सुनियो । प्रतिवादीहरु गिता साह र अरुण दाहालले मुलुकी अपराध संहिता २०७४ को दफा २७६ (१) र (२) बमोजिमको कसूर गरेको ठहरी फैसला भएको र निजहरुलाई ऐ. दफा २७६ (३)(ग) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग दाबी रहेकोमा उक्त दफा २७६ (३) (ग) मा ".....सार्वजनिक लिखत किर्ते गर्नेलाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपैयाँसम्म जरिवाना" हुन सक्ने कानुनी व्यवस्था रहेकोले निज प्रतिवादीहरुलाई के कस्तो सजाय गर्नु बाञ्छनिय हुन्छ भन्ने सम्बन्धमा विचार गर्दा निज प्रतिवादीहरुले प्रस्तुत मुद्दामा कसूरदार ठहर हुनुपुर्व कुनै फौजदारी कसूर गरेको ठहरी फैसला भएको भन्ने नदेखिदा निजहरुले पहिलो पटक कसूर गरेको ठहरी फैसला भएको देखिएको, प्रस्तुत मुद्दामा निज प्रतिवादीहरु उपर कुनै व्यक्तिले आफु पीडित भई उजुरी गरेको भन्ने नदेखिएको ,निजहरुले प्रस्तुत मुद्दामा गरेको कसूरबाट अन्य कुनै सर्वसाधारण व्यक्तिलाई कुनै ठुलो

हानि नोक्सानी हुन गएको भन्ने समेत नदेखिएको र निजहरुले गरेको कसुरको प्रकृति समेतलाई विचार गरी निज प्रतिवादीहरु गिता साह र अरुण दाहाललाई उक्त दफा २७६ (३)(ग) बमोजिम जनही ६/६ (छ) महिना कैद र बीस हजार रुपैयाँका दरले जरिवाना हुने ठहर्छ । निज प्रतिवादीहरुले संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ (१)(२) र (३) को खण्ड (क) तथा दफा ५ बमोजिमको कसूर गरेको पुष्टि नभएकोले निजहरुलाई ऐ दफा ९ (क) र ९ (ग) बमोजिम सजाय गरी पाउँ भन्ने हदसम्मको अभियोग दाबी पुग्न सक्दैन । साथै निज प्रतिवादीहरु गिता शाह र अरुण दाहालबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम जनही रु. ८००।— (आठ सय रुपैयाँ) असूल गरी पीडित राहत कोषमा दाखिला गराई दिने समेत ठहर्छ ।

१२३. अर्का प्रतिवादी सरोज कुमार यादवको हकमा विचार गर्दा निजले मुल कसूरदार गिता शाह र अरुण दाहालले बनाएको किर्ते कागजको आधारमा कौशिला मगर र लक्ष्मी राईलाई बिमानस्थलबाट विदेश पठाउने काममा सहयोगीको रुपमा कामगरी निजले मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ (१) र (२) बमोजिमको कसूरको मतियार भई ऐ दफा ३६(३)(ख) बमोजिमको कसूर गरेको देखिएको, निजले पहिलो पटक फौजदारी कसूर गरेको ठहरी फैसला भएको र निज उपर प्रस्तुत मुद्दामा कुनै व्यक्तिले आफू पीडित भई उजुर गरिएको भन्ने नदेखिएको अवस्था समेतलाई बिचार गरी निज प्रतिवादी सरोज कुमार यादवलाई ऐ. दफा २७६ (३)(ग) बमोजिम हुने सजायमा ऐ. दफा ३६ (३)(ख) बमोजिम ४ (चार) महिना कैद र रु. १५,०००।— (पन्ध्र हजार रुपैयाँ) जरिवाना हुने ठहर्छ । साथै निज प्रतिवादी सरोज कुमार यादवबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु. ६००।— असूल गरी पीडित राहत कोषमा दाखिला गराइदिने समेत ठहर्छ । निज प्रतिवादी सरोज कुमार यादवलाई संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ (१)(२) र (३) को खण्ड (क) तथा दफा ५ को कसूरमा ऐ दफा ९ (क) र ९ (ग) बमोजिम सजाय गरी पाउँ भन्ने हदसम्मको अभियोग दाबी पुग्न सक्दैन । अरु कुरामा तपसिल वमोजिम हुने गरी प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १३१ वमोजिम फैसला गरिदिएको छ।

## तपसिल खण्ड

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु नरविर खड्का, पदम लामा, मनोज तामाङ, रामप्रसाद भण्डारी, दिनेश ज्ञवाली, रविन्द्र अर्याल भन्ने रविन अर्याल, विनोद कार्की, तारा बहादुर कुँवर, आशिष भन्ने केदार खड्का, कुशल बराल, शैलेन्द्र ढकाल, बिमल पौडेल, विष्णु अर्याल

भन्ने विष्णु प्रसाद आचार्य, विकास डंगोल, पिताम्बर रिमाल, सुजन फागो लिम्बु र कौशिला मगरले वादी नेपाल सरकारको अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएको हुँदा मुद्धा पुर्पक्षको क्रममा थुनामा रहेका प्रतिवादी नरविर खड्का र मनोज तामाङलाई प्रस्तुत मुद्दाको रोहबाट आजै थुनामुक्त गरिदिनु भनी सम्बन्धित कारागार कार्यालयमा लेखि पठाइदिनू..........१

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु गिता शाह र अरुण दाहाललाई मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ (३)(ग) बमोजिम जनही ६/६ (छ) महिना कैद र बीस हजार रुपैयाँका दरले जरिवाना हुने ठहरी फैसला भएकोमाः-

क. निज प्रतिवादी गिता शाह मिति २०८०।८।१७ गतेमा पक्राउ परी यस अदालतको मिति २०८०।१०।२३ गतेको थुनछेक आदेशानुसार निजले यस अदालतको ध.र.नं. ३५०५ मिति २०८०।१०।२४ गते रु. ५,००,०००।— (पाँच लाख रुपैयाँ) दाखिला गरी थुना मुक्त रहेको देखिदा निजको हकमा भएको कैद निज न्यायिक हिरासतमा बसेको अवधी ०।२।७ कट्टा गरी बाँकी हुने कैद ०।३।२३ र जरिवाना रु. २०,०००।—को लगत कसी असूल गर्नु भनी तहसिल शाखामा लगत दिनू......................................................................२

ख. निज प्रतिवादी गिता शाहबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु. ८००।— असूल गरी पीडित राहत कोषमा दाखिला गराइदिने समेत ठहरी फैसला भएको हुँदा सोको लगत कसी असुल गर्नु भनी तहसिल शाखामा लगत दिनू..............................३

ग. निज प्रतिवादी गिता शाहले यस अदालतबाट तोकेको तारेख गुजारी बसेको र थाम्ने थमाउने म्याद समेत व्यतित भएको देखिदा यस अदालतको मिति २०८०।१०।२३ गतेको थुनछेक आदेशानुसार निजले यस अदालतको ध.र.नं. ३५०५ बाट मिति २०८०।१०।२४ मा दाखिला गरेको धरौट रकम रु. ५,००,०००।— (पाँच लाख रुपैयाँ) जफत हुने हुँदा उक्त रकम सदर स्याहा गरी राजश्व खातामा दाखिल गर्नु भनी लेखा शाखामा लेखि पठाइदिनू..........................................४

घ. माथि ठहर खण्डमा उल्लेख भएबमोजिम प्रतिवादी अरुण दाहाललाई ६ (छ) महिना कैद र बीस हजार रुपैयाँ जरिवाना हुने ठहरेकामा निज मिति २०८०।८।१७ गतेमा पक्राउ परी यस अदालतको मिति २०८०।१०।२३ गतेको आदेशानुसार मुद्धा पुर्पक्षको क्रममा थुनामा रहेको देखिदा निजलाई लागेको कैद र जरिवाना निज कारागारमा बसेको अवधिबाटै कट्टा भएकोले निजबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम रु. ८००।—दाखिला गराई निज प्रतिवादी अरुण दाहाललाई प्रस्तुत मुद्दाको रोहबाट आजै थुनामुक्त गरिदिनु भनी सम्बन्धित कारागार कार्यालयमा लेखि पठाइ दिनू......................................५

माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सरोज कुमार यादवलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २७६ (३)(ग) बमोजिम हुने सजायमा ऐ. दफा ३६ (३)(ख) बमोजिम ४ (चार) महिना कैद र रु. १५,०००।— (पन्ध्र हजार रुपैयाँ) जरिवाना हुने ठहरी फैसला भएकोमा निज मिति २०८०।८।१८ गतेमा पक्राउ परी यस अदालतको मिति २०८०।१०।२३ को आदेशले थुनामा रहेकामा उच्च अदातल पाटनको आदेशले यस अदालतको ध.र.नं. ४८२० बाट मिति २०८१।१।७ गते रु. ७,००,०००।— (सात लाख रुपैयाँ) दाखिला गरी तारेखमा रहेको हुँदा निज थुनामा बसेको अवधि ०।४।१९ निजलाई लागेको कैद निज न्यायिक हिरासतमा बसेको अवधीबाट कट्टा भएको र बाँकी बढी थुनामा बसेको अवधि १९ दिनको दैनिक रु. ३००।— का दरले हुन आउने रु. ५,७००।— जरिवानाबाट कट्टा गरी बाँकी हुने जरिवाना रु. ९,३००।— (नौ हजार तीन सय रुपैयाँ) र अपराध पिडित संरक्षण ऐन ,२०७५ को दफा ४१ बमोजिम निजबाट रु ६००।- निजले राखेको धरौटीबाट कट्टा गरी असूल गर्नु भनी तहसिल शाखामा लगत दिनू........................६

प्रस्तुत मुद्दा अन्तिम भएपश्चात प्रतिवादी सरोज कुमार यादवले मिति २०८०/११/७ मा यस अदालतको ध.र.नं. ४८२० बाट रु. ७,००,०००।— (सात लाख रुपैयाँ) धरौट रकम मध्ये निजले तिर्नु बुझाउनु पर्ने जरिवाना र पिडित राहत कोषमा दाखिला गर्नु पर्ने रकम कट्टा गरी बाँकी हुन आउने धरौट रकम र अभियोग दावीबाट सफाई पाउने अन्य प्रतिवादीहरुले मुद्धा पुर्पक्षको क्रममा राखेको धरौट बापतको रकम फिर्ता पाउँ भनी ऐनका म्याद भित्र निवेदन दिन आए नियमानुसार फिर्ता दिनू...................................................................७

*प्रतिवादीहरु लक्ष्मी राई र रिता दमाईका हकमा प्रस्तुत मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८ बमोजिम मुल्तवी राखिदिने ठहरी फैसला भएको हुँदा निजहरुको हकमा प्रस्तुत मुद्दा मुल्तवी दायरीमा दर्ता गर्नू...............................................................८*

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र उच्च अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी फैसलाको प्रतिलिपि समेत संलग्न गरी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं र प्रतिवादीहरु गिता शाह, अरुण दाहाल र सरोज कुमार यादवलाई पुनरावेदनको म्याद दिनू.९

सरोकारवालाले नक्कल माग्न आए कानुन वमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनू.............१०

प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मिसिल अभिलेख शाखामा बुझाईदिनू..........................................................................११

जिल्ला न्यायाधीश

<u>फैसला तयार गर्नेः-</u>

टिपोट गर्ने डिठ्ठाः मुक्तिनाथ खनाल,

ईति सम्वत् २०८१ साल मंसिर महिना २६ गते रोज ४ शुभम्------------------------------

**प्रमाणीकरण मितिः २०८२।२।१६।६** **अदालतको छाप**